# भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र विश्लेषण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं
पत्र (५१०-६) को आंशिक प्रयोजनको लागि
प्रस्तुत

अध्ययन पत्र

अध्ययन कर्ता
हरिसुन्दर पोतामाहाँ
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०७२

TU Reg. No. 6-2-20-633-2002

# कृतज्ञता ज्ञापन

नेपाल आफैमा अद्वितीय प्राकृतिक तथा सांस्कृतिक सम्पदाका अनुपम नमुना हो । यहाँको धार्मिक, सांस्कृतिक, सामाजिक तथा भाषिक विविधतासँगै लोकसाहित्यका विविध विधाहरु पनि मुस्कुराइरहेका छन् । वास्तवमा नेपालका संस्कृति, नेपालको कलाकृति, अनि नेपालको भौगोलिक तथा सामाजिक र सांस्कृतिक विविधता अनि त्यस विविधताभित्रको एकता नै नेपालको विशेषता बन्न पुगेको छ, पहिचान बन्न पुगेको छ । त्यसैले यहाँका यी सांस्कृतिक तथा साहित्यिक श्रोतहरु नेपालको अमूल्य निधिको रुपमा अगाडि बढिरहेका छन् । यसै देशभित्रको कान्छो जिल्लाको रुपमा रही आधुनिकताको आडम्बरभन्दा अझै टाढा रहन सफल सांस्कृतिक तथा साहित्यिक धरोहर भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित लोककथाहरुको सङ्कलन र विश्लेषण गर्ने हेतुले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग अन्तरगत नेपाली विषयको स्नातकोत्तर तह दसौं पत्रको आंशिक प्रयोजनको लागि यस 'भक्तपुर जिल्लाको पूर्वीय भेगमा प्रचलित लोककथाहरुको सङ्कलन र विश्लेषण' शीर्षकमा अध्ययनपत्र तयार पारेको हुँ ।

अध्ययनपत्र तयारीको क्रममा आवश्यक मार्गनिर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु डा.मोतीलाल पराजुलीप्रति नतमस्तक हुँदै हार्दिक कृतज्ञताज्ञापन गर्दछु । वहाँकै कुशल निर्देशन र अमूल्य सल्लाहबाट मैले यो अध्ययन पत्र तयार पार्न सकेको हुँ । यस्तै गरी अध्ययनपत्रको शीर्षकमा आवश्यक संशोधन गरी स्वीकृत गरी लेखन कार्यमा हौसला प्रदान गर्नुहुने प्रशासनका शिक्षक महेश तिवारीप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै मलाई यस धर्तीमा आँखा खोल्ने अवसर प्रदान गरी आफ्नो पीडालाई ह्दियमा निचोरेर मलाई हाँसो दिने तथा कथा सङ्कलनमा समेत अमूल्य सहयोग गर्ने मेरा पूज्य माता तथा पिता लान्थकू पोतामाहाँ र हरिनारायण पोतामाहाँप्रति हार्दिक नमन छ । त्यस्तै कथा सङ्कलनमा अतुलनीय सहयोग पुऱ्याउनुहुने कृष्णलक्ष्मी बोहजू, रविना मचामसी, माइला बेकाजू, रामगोपाल कोजू, गुराँस तामाङ, पूजा बुढाथोकी तथा अमर तामाङप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै कम्प्युटर टाइपमा अमूल्य सहयोग पुऱ्याउने गणेश मा.वि. सिपाडोलप्रति पनि म आभारी छु । यस अध्ययन पत्रको आवश्यक मूल्याङ्कनको लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग कीर्तिपुर काठमाडौं समक्ष पेस गर्दछु ।

मितिः २०७२/१२/२४

शै.स.: २०६६

सि.न.९६२०१५३



हरिसुन्दर पोतामाहाँ

अध्ययनकर्ता

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर काठमाडौं

# पहिलो अध्याय

# अध्ययनपत्र परिचय


| सङ्ख्या | पृष्ठ |
|---|---|
| १.१ विषय परिचय : | १ |
| १.२ समस्या कथन : | २ |
| १.३ अध्ययनपत्रको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा : | २ |
| १.५अध्ययन पत्रको औचित्य: | ३ |
| १.६ अध्ययनको सीमाङ्कन: | ४ |
| १.७ अध्ययन विधि: | ४ |
| १.७.१ सामग्री सङ्कलन विधि | ४ |
| १.७.२ सामग्री विश्लेषण विधि | ४ |
| १.८ अध्ययनपत्रको रुपरेखा: | ५ |


## अध्याय दुई

## लोककथाको सैद्धान्तिक परिचय


| | |
|---|---|
| २.१ लोककथाको परिचय | ६ |
| २.२ लोककथाको परिभाषा | ७ |
| २.३ लोककथाको विशेषता | ८ |
| २.३.१ मनोरञ्जनात्मकता तथा लोकप्रियता | ९ |
| २.३.२ श्रुतिपरम्परा | ९ |

२.३.३ उपदेशात्मकता ९

२.३.४ कल्पनाको प्रबलता १०

२.३.५ रचनाकार अज्ञात हुनु १०

२.३.६ सरल र सहजता १०

२.३.७ अतिशयोक्तिमूलकता तथा परिवर्तनशीलता १०

२.३.८ भाग्यवादी प्रवृत्ति ११

२.३.९ धार्मिक विश्वास ११

२.४ लोककथाका तत्वहरू ११

२.४.१ कथानक १२

२.४.२ अभिप्राय १३

२.४.३ पात्र १३

२.४.४ परिवेश १३

२.४.५ उद्देश्य १४

२.४.६ कथोपकथन १४

२.४.७ शैली १४

२.४.८ भाषा १४

२.४.९ द्वन्द्व १५

२.५ लोककथाको वर्गीकरण १५

२.५.१ पौराणिक लोककथा १९

२.५.२.ऐतिहासिक लोककथा १९

२.५.३.सामाजिक लोककथा १९

२.५.४ अतिरञ्जित लोककथा २०

२.५.५ सांस्कृतिक तथा धार्मिक लोककथा २०

२.५.६ पशुपंक्षीसम्बन्धी लोककथा २०

२.५.७ साहस तथा बहादुरीका लोककथा २०

२.५.८ विविध लोककथा २१

२.६ लोककथाको सङ्कलन र अध्ययन परम्परा २२

२.७ निष्कर्ष २३

## अध्याय तीन

### भक्तपुर जिल्लाको पूर्वीय भेगमा प्रचलित लोककथाहरूको सङ्कलन र विश्लेषण

३.१ विषय परिचय २४

३.२ भक्तपुर जिल्लाको पूर्वीय भेगका लोककथाहरूको विश्लेषण २४

३.२.१ सामाजिक लोककथा २५

३.२.२ ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक लोककथा २५

३.२.३ पशुपंक्षीसम्बन्धी लोककथा २६

३.२.४ उपदेशात्मक लोककथा २६

३.२.५ कारणनिर्देशित कथा २६

३.२.६ अनुश्रुति कथा २७

३.२.७ मिथक २७

३.२.८ अतिरञ्जित लोककथा २७

३.२.९ विविध लोककथा २७

३.२.१० निष्कर्ष २९

## ३.३ भक्तपुर जिल्लाको पूर्वी भेगका लोककथाहरूको सङ्कलन र विश्लेषण


३.३.१ सौतेनी आमा कथाको विश्लेषण २९

३.३.१.१ कथाको परिचय २०

३.३.१.२ कथाको मूलपाठ ३०

३.२.१.३ कथाको तत्त्वगत विश्लेषण ३२

३.२.१.३.१ कथावस्तु ३२

३.३.१.३.२ पात्र ३२

३.३.१.३.३ परिवेश ३३

३.३.१.३.४ द्वन्द्व ३३

३.३.१.३.५ उद्देश्य ३४

३.३.१.३.६ भाषा ३४

३.३.१.३.७ शैली ३४

३.३.१.३.८ निष्कर्ष ३५

३.३.२ जुकाको गुद्द्वार ३५

३.३.२.१ कथाको परिचय ३५

३.३.२.२ कथाको मूलपाठ ३५

३.३.२.३ कथाको तत्त्वगत विश्लेषण ३७

३.३.२.३.१ कथावस्तु ३७

३.३.२.३.२ पात्र ३८

३.३.२.३.३ परिवेश ३९

३.३.२.३.४ द्वन्द्व ३९

३.३.२.३.५ उद्देश्य ३९

३.३.२.३.६ भाषा ४०

३.३.२.३.७ शैली ४०

३.३.२.३.८ निष्कर्ष ४०

३.३.३ नरसिंहको घण्टा र खापीमा माछा ४१

३.३.३.१ कथाको परिचय ४१

३.३.३.२ कथाको मूलपाठ ४१

३.३.३.३ कथाको तत्त्वगत विश्लेषण ४३

३.३.३.३.१ कथावस्तु ४३

३.३.३.३.२ पात्र ४३

३.३.३.३.३ परिवेश ४४

३.३.३.३.४ द्वन्द्व ४४

३.३.३.३.५ उद्देश्य ४५

३.३.३.३.६ भाषा ४५

३.३.३.३.७ शैली ४६

३.३.३.३.८ निष्कर्ष ४६

४.२.४ टौमढीस्थित भैरवको कथा ४७

३.३.४.१ कथाको परिचय ४७

३.३.४.२ कथाको मूलपाठ ४७

३.३.४.३ कथाको तत्त्वगत विश्लेषण ४८

३.३.४.३.१ कथावस्तु ४८

३.३.४.३.२ पात्र ४९

३.३.४.३.३ परिवेश ५०

३.३.४.३.४ द्वन्द्व ५१

३.३.४.३.५ उद्देश्य ५१

३.३.४.३.६ भाषा ५१

३.३.४.३.७ शैली ५२

३.३.४.३.८ निष्कर्ष ५२

३.३.५ नवदुर्गा गणको कथा ५३

३.३.५.१ कथाको परिचय ५३

३.३.५.२ कथाको मूलपाठ ५३

३.३.५.३ कथाको तत्त्वगत विश्लेषण ५५

३.३.५.३.१ कथावस्तु ५५

३.३.५.३.२ पात्र ५५

३.३.५.३.३ परिवेश ५६

३.३.५.३.४ द्वन्द्व ५६

३.३.५.३.५ उद्देश्य ५७

३.३.५.३.६ भाषा ५७

३.३.५.३.७ शैली ५८

३.३.५.३.८ निष्कर्ष ५८

३.३.६ विश्वध्वजा जात्राको कथा ५८

३.३.६.१ कथाको परिचय ५८

३.३.६.२ कथाको मूलपाठ ५९

३.३.६.३ कथाको तत्त्वगत विश्लेषण ६१

३.३.६.३.१ कथावस्तु ६१

३.३.६.३.२ पात्र ६१

३.३.६.३.३ परिवेश ६३

३.३.६.३.४ द्वन्द्व ६३

३.३.६.३.५ उद्देश्य ६४

३.३.६.३.६ भाषा ६४

३.३.६.३.७ शैली ६४

३.३.६.३.८ निष्कर्ष ६५

३.३.७ महाकाली-महालक्ष्मीको कथा ६५

३.३.७.१ कथाको परिचय ६५

३.३.७.२ कथाको मूल पाठ ६५

३.३.७.३ कथाको तत्त्वगत विश्लेषण ६६

३.३.७.३.१ कथावस्तु ६६

३.३.७.३.२ पात्र ६७

३.३.७.३.३ परिवेश ६७

३.३.७.३.४ द्वन्द्व ६८

३.३.७.३.५ उद्देश्य ६८

३.३.७.३.६ भाषा ६८

३.३.७.३.७ शैली ६९

३.३.७.३.८ निष्कर्ष ६९

३.३.८ बाँदर र मानिस ६९

३.३.८.१ कथाको परिचय ६९

३.३.८.२ कथाको मूल पाठ ७०

३.३.८.३ कथाको तत्त्वगत विश्लेषण ७२

३.३.८.३.१ कथावस्तु ७२

३.३.८.३.२ पात्र ७२

३.३.८.३.३ परिवेश ७३

३.३.८.३.४ द्वन्द्व ७४

३.३.८.३.५ उद्देश्य ७४

३.३.८.३.६ भाषा ७५

३.३.८.३.७ शैली ७५

३.३.८.३.८ निष्कर्ष ७५

३.३.९ तिथ्रो र फ्याउरो ७५

३.३.९.१ कथाको परिचय ७५

३.३.९.२ कथाको मूल पाठ ७६

३.३.९.३ कथाको तत्त्वगत विश्लेषण ७८

३.२.९.३.१ कथावस्तु ७८

३.३.९.३.२ पात्र ७८

३.३.९.३.३ परिवेश ७९

३.३.९.३.४ द्वन्द्व ७९

३.३.९.३.५ उद्देश्य ७९

३.३.९.३.६ भाषा ८०

३.३.९.३.७ शैली ८०

३.३.९.३.८ निष्कर्ष ८०

३.३.१० एकताको बल ८१

३.३.१०.१ कथाको परिचय ८१

३.३.१०.२ कथाको मूल पाठ ८१

३.३.१०.३ कथाको तत्त्वगत विश्लेषण ८२

३.३.१०.३.१ कथावस्तु ८२

३.३.१०.३.२ पात्र ८२

३.३.१०.३.३ परिवेश ८३

३.३.१०.३.४ द्वन्द्व ८३

३.३.१०.३.५ उद्देश्य ८३

३.३.१०.३.६ भाषा ८४

३.३.१०.३.७ शैली ८४

३.३.१०.३.८ निष्कर्ष ८४

३.४ निष्कर्ष ८५

अध्याय चार

उपसंहार

४.१ सारांश ८७

४.२ निष्कर्ष ८८

परिशिष्ट

सन्दर्भसामग्री सूची

# अध्याय एक

# अध्ययन परिचय

## १.१ विषय परिचय :

सिद्धयोगीहरूको तपोभूमि, वीर योद्धाहरूको कर्मभूमि अनि सिर्जनशील हातहरूको जन्मभूमि हो - नेपाल मण्डल । र यहीं नेपाल मण्डलमा सभ्यताको फूल फुलाउँदै अगाडि बढिरहेका छन् - यहाँका विविध जातजाति तथा भाषाभाषी । यिनै बहुजातीय तथा बहुभाषिक सम्प्रदायहरूको माला नै वास्तवमा वास्तविक नेपाल हो । यहाँका भिन्न जातिहरूको लोकसंस्कारहरू पनि भिन्न छन् र ती भिन्न संस्कारभित्र लुप्त रहेका लोककथाहरू पनि भिन्न छन् । तर यस्ता लोककथाहरू सङ्कलन तथा विश्लेषणको कार्य अझै तदारुकताकासाथ भएको देखिंदैन । पछिल्लो समयमा लोकगीतले अलि व्यापकता पाएपनि लोककथा भने त्यति अगाडि आउन सकेको छैन ।

मानव सभ्यताको विकाससँगै प्रारम्भ भएका विधा हो-लोककथा । लोकजीवनको आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर आख्यान तत्त्वहरूको मिश्रण गरी लोकसमुदायद्वारा रचना गरिएको र मौखिक परम्परामा जीवित परम्परित कथाहरू नै लोककथाहरू हुन् ।  यसमा कल्पना, तिलस्मी प्रवृति जस्ता रोमाञ्चक तत्त्वहरू विद्यमान हुन्छन् । यसमा मानव, मानवेतर प्राणी तथा विभिन्न प्राकृतिक कुराहरू समेत पात्रका रूपमा आएका हुन्छन् । लोककथा लोकको मनोरञ्जनको साथै नीति-शिक्षा, व्यावहारिक शिक्षा प्रदान गर्ने उद्देश्यले सुन्ने, सुनाउने गरिन्छ । यो लेकका निम्ति लोकले भन्दै आएको मौखिक परम्परामा हुर्केको विधा हो ।

भक्तपुर जिल्ला सांस्कृतिक, सामाजिक, प्राकृतिक र भाषिक विविधताले भरिपूर्ण छ । यस जिल्लामा नेवार, , तामाङ, क्षेत्री, दमाई, कामी, सार्की, गुरुङ्ग, गाइने आदि जातका मानिसहरू बसोबास गर्दै आएका छन् । यस जिल्लामा जातीय विविधताका माझ पनि दशैं, तिहार, तीज जस्ता महत्त्वपूर्ण चाडपर्वहरू मनाईंदै आइरहेका छन् । यस जिल्लामा बूढापाकाहरूले आफ्नो सन्तानहरूलाई मनोरञ्जनका साथै उपदेश दिनका लागि लोककथा भन्ने गरेको पाइन्छ । यस जिल्लामा पनि प्रायः साँझको बेलामा लोककथाहरू सुन्ने र सुनाउने चलन रहेको छ ।

समयको परिवर्तनसँगै सञ्चारमा आएको विकासले गर्दा मानिसहरू फिल्मी प्रभावमा बढी आकर्षित हुँदै आएका छन् । यसले गर्दा स्थानीय मूल्य, मान्यता र परम्परालाई दर्शाउने लोककथाहरू प्रायः भन्न छाडिसकेका छन् । भक्तपुर जिल्लाको अवस्था पनि यही छ । मानव सभ्यताको परिचयको रूपमा रहेका यस्ता लोककथाहरूको अध्ययन , अनुसन्धान र  र संरक्षण

गर्नु आवश्यक छ । त्यसैले प्रस्तुत अध्ययन पत्रमा भक्तपुर जिल्लाको पूर्वीय भेगमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र त्यसको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्या कथन :

'लोककथा' लोकसाहित्यको एक प्रमुख विधामात्र नभै ऐतिहासिक महत्त्व बोकेका कथनहरूको आधारस्तम्भ पनि हुन् । नेपाली लोककथामा पनि नेपाली लोकजीवनका विभिन्न कुराहरू प्रस्तुत गरिएका हुन्छन् । अतः लोककथा सभ्यताको परिचायक पनि हो । भक्तपुर जिल्लाको भक्तपुर नगर लगायतका आसपासका क्षेत्रमा पनि धेरै किसिमका लोककथाहरू प्रचलित छन् तर ती लोककथाहरूको विस्तृत अध्ययन भने हालसम्म पनि हुन सकेको छैन । त्यसैले यो विषय रोजिएको हो । यस अध्ययन पत्रमा निम्न लिखित कुराहरूलाई मूल समस्याको रूपमा लिइएको छ ।

१. भक्तपुर जिल्लाको पूर्वी भेगमा केकस्ता लोककथाहरू प्रचलनमा रहेका छन् ?

२. भक्तपुर जिल्लाको पूर्वी भेगका लोककथाहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

यिनै समस्यामा केन्द्रित भएर प्रस्तुत अध्ययनपत्र तयार गर्ने प्रयास गरिएकोछ ।

## १.३ अध्ययनपत्रको उद्देश्य

प्रस्तुत अध्ययनपत्रको मूल उद्देश्य भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित नेपाली लोककथाहरूको माध्यमबाट यस क्षेत्रको परिचय दिनु रहेको छ । त्यस्तै अन्य उद्देश्यहरू:

१. भक्तपुर  नगरमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन गर्नु

२. सङकलित लोककथाहरूका तत्त्वगत विश्लेषण गर्नु

यिनै उद्देश्यहरू पूरा गर्ने लक्ष्य लिएर यस अध्ययनपत्र तयार गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा :

विभिन्न विद्वान्हरूले विभिन्न समयमा साहित्यका विविध पाताहरूको विभिन्न दृष्टिकोणले अध्ययन अनुसन्धान गरेका छन् । लोकसाहित्यका पनि विभिन्न विधाहरूको सङ्कलन तथा विश्लेषण गरेका पाइन्छन् । यसो भएतापनि विशेषगरी भक्तपुर जिल्लाको पूर्व भेग अन्तरगत

भक्तपुर नगर र यसका आसपासका अन्य साविकका नगरपालिकाहरूमा प्रचलित नेपाली लोककथाहरूको छुट्टै सङ्कलन तथा विश्लेषण गरेको पाईंदैन । तसर्थ: लोकसाहित्यको एउटा प्रमुख विधा लोककथाको अध्ययनको क्रममा भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित केही लोककथाहरू समेटिने प्रयास गरिएको छ । यस क्षेत्रका लोककथाहरूको सम्बन्धमा निम्नलिखित कार्यहरू भएको देखिएका छन् :

धर्मराज थापा र हंसपुरे सुवेदीले '**नेपाली लोकसाहित्यको विवेचना** (२०४१) नामक पुस्तकमा लोककथाको प्रचलन, विकास र विशेषताको बारेमा चर्चा गर्दै नेपाली समाजमा प्रचलित लोककथाको वर्गीकरण गरेका छन् तर भक्तपुर जिल्लामा प्रचलित लोककथाको छुट्टै अध्ययन गरेका छैनन् ।

लोककथा विशेषाङ्क '**मधुपर्क**'(२०५९) मा विभिन्न विद्वान्हरूले लोककथाको सैद्धान्तिक परिचय दिई लोककथाको सङ्कलन पनि गरेका छन् तर लोककथाको विश्लेषण तथा भक्तपुर जिल्लाको मात्र छुट्टै लोककथाहरूको सङ्कलन तथा विश्लेषण गरेका छैनन् ।

लीलासिंह कर्माले '**हाम्रो लोककथा'**(२०३८) पुस्तकमा पहाड र तराईमा प्रचलित लोककथाहरूको सङ्कलन गरेका छन् तर भक्तपुर जिल्लाको, त्यसमाथि पनि भक्तपुर जिल्लाको पूर्वी भेगको मात्र छुट्टै लोककथाहरूको सङ्कलन तथा विश्लेषण गरेका छैनन् ।

शम्भुप्रसाद कोइरालाले '**लोकसाहित्यः सिद्धान्त र विश्लेषण'** (२०५५) मा लोककथाको सैद्धान्तिक परिचय दिएका छन् तर स्थानगत आधारमा लोककथालाई चिनाउने कार्य भएका छैनन् ।

समग्रमा भक्तपुर जिल्ला तथा त्यसभित्र पनि भक्तपुर नगर र त्यसका पूर्वीय भेगका सबै क्षेत्रलाई समेट्ने गरी लोककथाको अध्ययन, अनुसन्धान तथा विश्लेषण हालसम्म पनि भएको पाईंदैन । यस अवस्थामा यस अध्ययनले केही मात्रामा भएपनि यस अभावको पूर्ति हुने विश्वास लिइएको छ ।

### १.५अध्ययन पत्रको औचित्यः

समस्या कथनको रूपमा प्रस्तुत गरिएका समस्याहरूको समाधान गरिने, उद्देश्यकथनमा उल्लेख गरिएका उद्देश्यहरू पूर्ति गरिने तथा भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित लोककथाको सङ्कलन तथा विश्लेषणसमेत गरिएकोले यस अध्ययनपत्रको महत्त्व तथा औचित्य स्वतः स्पष्ट हुन्छ ।

## १.६ अध्ययनको सीमाङ्कनः

लोकमानसको ढुकढुकीको रूपमा रहेको लोककथाको सीमाङ्कन गर्नु कठिन कार्य हो तर पनि विशेष अध्ययनको लागि निश्चित ठाउँ तोकेमा मात्र राम्रोसँग अध्ययन गर्न सकिन्छ । त्यसैले यस अध्ययनको लागि भक्तपुर जिल्लाको भक्तपुर नगर तथा त्यसका आसपासका सूर्यविनायक नगरपालिका (सिपाडोल, नंखेल, चित्तपोल गाविस) मा केन्द्रित रहेर लोककथाहरू सङ्कलन गरिएको छ ।

## १.७ अध्ययन विधिः

अध्ययनको क्रममा अँगालिने क्रमबद्ध नियम, तरिका अथवा कार्यप्रणालीलाई नै अध्ययन विधि भनिन्छ । प्रस्तुत अध्ययनपत्र तयार गर्न क्षेत्रीय विधिबाट स्थानीय व्यक्तितत्वहरूसँग सोधखोज एवम् आवश्यकीय मात्रामा पुस्तकालय विधिसमेत प्रयोग गरी कथाको विश्लेषण गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

अध्ययनसँग सम्बन्ध विभिन्न सामग्रीहरूको खोजी गरी तिनलाई एकत्रित गर्ने कामलाई सामग्री सङ्कलन विधि भनिन्छ । प्रस्तुत अध्ययनपत्र तयार गर्न क्षेत्रीय विधिबाट स्थानीय व्यक्तितत्वहरूसँग सोधखोज एवम् आवश्यकीपय मात्रामा पुस्तकालय विधिसमेत अवलम्बन गरी सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

अध्ययनको क्रममा सामग्री सङ्कलन महत्त्वपूर्ण कार्य हो भने सङ्कलित सामग्रीको विश्लेषण अझ महत्त्वपूर्ण  कार्य हो । यस अध्ययन पत्रमा सङ्कलित सामग्रीहरूलाई लोककथाको तत्त्व तथा संरचनाको आधारमा  विश्लेषण गरिएको छ । यस क्रममा सङ्कलित कथाहरूलाई कथानक, पात्र, परिवेश, द्वन्द्व, शैली, भाषा आदि आख्यान तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### १.८ अध्ययनपत्रको रूपरेखा:

प्रस्तुत अध्ययन पत्र निम्न लिखित मूल शीर्षक र आवश्यकताअनुसारको उपशीर्षकमा विभाजन गरी अध्ययन र विश्लेषण गरिएको छ ।

अध्याय एक : अध्ययन-पत्र परिचय

अध्याय दुई : लोककथाको सैद्धान्तिक परिचय

अध्याय तीन : भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र विश्लेषण

अध्याय चार : उपसंहार

परशिष्ट

सन्दर्भसामग्री सूची

# अध्याय दुई

## लोककथाको सैद्धान्तिक परिचय

### २.१ लोककथाको परिचय

लोकसाहित्यका विभिन्न फाँटहरूमध्ये सर्वप्राचीन र लोकप्रिय विधा हो-लोककथा । मानव सभ्यताको मिर्मिरेदेखि यो विधा संसारको प्रत्येक कुनामा मुस्कुराउँदै आएको देखिन्छ । ‘लोक’ र  र ‘कथा’को तत्पुरुष समासबाट बनेको शब्द हो-लोककथा, जसको नेपालीमा अर्थ हुन्छ जनताद्वारा व्यवहारमा ल्याइएको काल्पनिक आख्यानयुक्त गद्य विधा । यसलाई नेपाली भाषामा दन्त्यकथा, लोककथा वा कथा आदिको संज्ञा दिइएको छ भने यो अँग्रेजी शब्द फोकटेल्सको समानार्थी शब्द पनि हो । हिन्दी भाषामा लोककथालाई कहानीको संज्ञा दिइएको छ । वास्तवमा लोककथा लोकसाहित्यको त्यस्तो आख्यानयुक्त गद्य विधा हो जसमा लोकजीवनको आस्था, विश्वास, व्यवहार, चिन्तनलाई कल्पनाको आवरण दिएर लोकसमुदायद्वारा नै बडो रोमाञ्चक किसिमबाट सिर्जना गरिएको हुन्छ र लोकसमुदायमै मौखिक परम्परामार्फत जीवित पनि हुँदै आएको हुन्छ । यसरी लोककथा मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा, एक मुखबाट अर्को मुखमा सर्दै जाने हुनाले कथालाई अझ रोचक पार्न कथामा कुनै प्रसङ्गहरू थपघटसमेत गरिएका हुन्छन् । सामान्यतया लोककथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नुको साथै नयाँ पुस्ताका सन्तानहरूलाई नैतिक शिक्षा दिनु पनि रहेको हुन्छ । र, लोककथा प्रायः फुर्सदको बेला सुन्ने तथा सुनाउने गरिन्छ । कथा भन्ने विधा नै ‘कथन’ भन्ने शब्दबाट आएको हुनाले लोककथा पनि अरूलाई बडो रोचक ढङ्गबाट सुनाइने गर्दछ । त्यसैले यसका लागि सुन्ने  श्रोताको पनि अनिवार्य आवश्यकता रहन्छ । लोकगीत जस्तै एक्लै लोककथा गुनगनाउँन सकिन्न ।

सामान्यतया लोककथाका पात्रहरू मानव, मानवेतर र वस्तु गरी तीन प्रकार हुन्छन् । मानव पात्र पनि प्रायः राजा, महाराजा, पीडित व्यक्ति तथा अलौकिक शक्तिले युक्त पुरुषहरू रहन्छन् भने मानवेतर पात्रको रूपमा पशुपंक्षी, देवता, आदि रहन्छन् । त्यस्तै वस्तु पात्रको रूपमा विभिन्न ढुङ्गा, माटो आदि रहेका हुन्छन् । यस्ता पात्रहरूको बोली र व्यवहारले स्रोताहरूलाई दङ्ग बनाउनुको साथै उत्सुकता पनि जगाउने गर्दछ । कतिपय लोककथाहरूमा अतिरञ्जित घटनाहरूको प्रबलता रहेका हुन्छन् भने कतिपय लोककथाहरू सामाजिक जीवनसँग करिबकरिब ठ्याक्कै मेल खाने पनि हुन्छन । यस्ता लोककथामा लोकको रहनसहन, रीतिरिवाज, चालचलन, संस्कृति, धर्म तथा सामाजिक जीवनको झलक पनि पाइन्छ । एउटा पुस्ताका ज्ञान, अनुभव र कल्पनाशक्तिलाई अर्को पुस्तामा हस्तान्तरण गर्ने प्रमुख माध्यम पनि लोककथा रहँदै आएको छ ।

लोककथा विधा विशेषतः उपन्यास विधासँग समकक्षी विधा हो । लोककथा पठित तथा अपठित व्यक्तिहरूले पनि सँगै प्रयोग गरिरहने हुँदा लोककथाको भाषा, शैली सरल,सहज र सुबोध्य हुन्छ । लोककथा विशेषगरी मनोरञ्जन तथा उपदेश दिने उद्देश्यबाट निर्माण गरिँदै आएको विधा हो, आधुनिक कथासँग तत्त्वगत रूपमा निकै सामीप्यमा रहेपनि लोककथा आधुनिक कथाविधाभन्दा भिन्न विधा हो । प्रायः लोककथा एकादेशमा..........बाट सुरु भई ...........भन्नेलाई फूलको माला आदि लोकशैलीमा प्रस्तुत गरिन्छ ।

## २.२ लोककथाको परिभाषा

लोककथाको शाब्दित अर्थलाई जनताद्वारा ल्याइएका काल्पनिक आख्यानयुक्त गद्यविधाको रूपमा लिइएको पनि यसको वास्तविक परिभाषा त्यही नै हो भनी एकिन गरिएको छैन । विशेष गरी समय र स्थान अनुसार लोककथाहरू फरकफरक हुने हुनाले लोककथालाई चिनाउन त्यति सजिलो पनि छैन । तैपनि स्वदेशी तथा विदेशी विभिन्न विद्वान्हरूले लोककथासम्बन्धी आ-आफ्ना धारणाहरूलाई लोककथाको परिभाषाको रूपमा व्यक्त गरेका छन्, जसमध्ये केही विद्वान्हरूको परिभाषा निम्न छन् ।

“विशेषतः कल्पनाको धरातलमा अडिएका जनश्रुतिमा आधारित परापूर्वकालदेखि एकनास पुस्तौंसुस्ता मुखमुखै चलेर आएका कथाहरू नै लोककथगा हुन् भन्न सक्छौं । यसैले यसको अर्को नाम दन्तेकथा पनि पाइन्छ । ”

-धर्मराज थापा र हंसपुरे सुेवदी, नेपाली लोकसाहित्यको विवेचना

“लोककथा लोकमानसका मुखरमूर्ति हुन् । ”

-हरद्वारीलाल शर्मा, लोकवार्ता विज्ञान भाग १

“मानव मनका सुख-दुःखका, कल्पना र भावलोकका रूखा-सुखा घटनाहरूको प्राचीन कथात्मक अवशेषहरू, जो मनोरञ्जनपूर्ण कलात्मक भाषामा प्रयोग हुँदै आएका छन् तिनलाई लोककथा भनिन्छ ।”

-मोतीलाल पराजुली, नेपाली लोकगाथा

`

“प्रत्येक लोककथा एउटा कविता हो । ” -

पुस्किन

"मौखिक रूपमा सम्प्रेषित बेनामे रचनाकारको संक्षिप्त र सारगर्भित कथालाई लोककथा भनिन्छ ।"

-मार्टिन ग्रे

"लोककथाले लोकमानसको मूल भावनाको रूपलाई स्थू प्रतीकले अभिव्यक्त गर्दछ । "

-सत्येन्द्र, लोकसाहित्य विज्ञान

"लोककथा एउटा गद्य विधा हो, जो परम्परादेखि मौखिक रूपमा हस्तान्तरित हुँदै जान्छ । लोककथामा पूराकथाका तत्त्वहरू रहन्छन् । प्रायः गरेर यसमा सांस्कृतिक, धार्मिक अर्थ नरहन पनि सक्छ तर धेरै अध्येताहरू पूराकथा र लोककथामा निश्चित विभाजन रेखा देख्दैनन् । कथाका मूल अभिप्राय र कथानकीय ढाँचा एउटै देखा पर्दछ । लोककथाले पुस्ता-दरपुस्तामा यात्रा गर्दै लिखित साहित्यका रूपमा बाहिर आउन थालेको छ । "

-इन्साइक्लोपेडिया ब्रिटानिका , भाग चार

"वर्णनात्मक कथनद्वारा लोकलाई मनोरञ्जन प्रदान गर्ने लोकसाहित्यको एक उच्च विधाको रूपमा लोककथा देखिन्छ ।"

-शम्भुप्रसाद कोइराला, लोकसाहित्य : सिद्धान्त र विश्लेषण

यसरी विभिन्न विद्वान् तथा शब्दकोषहरूमा लोककथालाई आआफ्नै तरिकाबाट चिनाएको पाइन्छ । यी परिभाषाहरूको निचोडको रूपमा लोककथाको परिभाषालाई निम्न किसिमबाट व्यक्त गर्न सकिन्छ ।

"लोककथा भनेको लोकसाहित्यको त्यस्तो आख्यानयुक्त गद्य विधा हो, जसमा लोकजीवनको आस्था, विश्वास, व्यवहार, चिन्तनलाई कल्पनाको आवरण दिएर लोकसमुदायद्वारा नै बडो रोमाञ्चक किसिमबाट सिर्जना गरिएको हुन्छ र लोकसमुदायमै सरल, सहज र सुबोध्य भाषा तथा आकर्षक रूपमा वर्णनामक शैलीबाट मौखिक परम्परामार्फत एक पुस्ताबाट अर्को पुस्तामा जीवित हुँदै आएका हुन्छन् ।"

## २.३ लोककथाको विशेषता

लोकसाहित्यको आख्यानयुक्त श्रुतिविधामा सर्वप्राचीन तथा सर्वप्रचलित विधा नै लोककथा हो । शिक्षित, अशिक्षित, बूढाबूढीदेखि केटाकेटीसम्म सबैले उत्तिकै रुचाएर सुन्ने र सुनाउने गर्दै आएकोले लोककथालाई उपदेशात्मक मनोरञ्जनको प्राचीन साधनको रूपमा पनि लिन

सकिन्छ । यो मौखिक रूपमा परापूर्वकालदेखि एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको विधा हो । त्यसो त 'आख्यानमूलक साहित्यमा हुने सबै विशेषताहरू लोककथामा पनि पाइन्छन् तर लोककथा लोकसांस्कृतिक धरातलमा निर्मित हुने हुँदा लोकजीवनका आस्था, विश्वास, व्यवहार, र नवीन काल्पनिक  संसारका अद्भूत विषयको चित्रण पनि यसमा पाइन्छ ।' (पराजुली, २०७१:पृ: ३४ ) । लोककथा मुख्यतया मनोरञ्जन प्रदान गर्ने उद्देश्यले लोककथाका आफ्नै विशेषताहरू हुन्छन् । लोककथाका विशेषताहरूलाई तल सङ्क्षिप्त रूपमा केलाउने प्रयास गरिएको छ ।

### २.३.१ मनोरञ्जनात्मकता तथा लोकप्रियता

लोककथाको प्रमुख उद्देश्य नै मनोरञ्जन प्रदान गर्नु हो । लोककथाका माध्यमबाट श्रोताहरूलाई मनोरञ्जन प्रदान गर्नको लागि पशुपात्र तथा वस्तुहरूलाई समेत मानवीय भाषामा बोल्न लगाइएको हुन्छ । यसमा पदार्थलगायत मानवीय पात्रहरूले पनि सक्रिय भूमिका निर्वाह गरेका हुन्छन्, जसलाई देखेर मानिसहरू आफ्नो थकाइलाई समेत बिर्सेर मनोरञ्जन लिने गर्दछन् । लोककथामा विषयगत विविधता, रोमाञ्चकता, सरल र सहज भाषिक अभिव्यक्ति एवम् कुतूहलता र रसात्मकता जस्ता आन्तरिक गुणहरूद्वारा भरिपूर्ण भएकोले लोककथाहरू परापूर्वकालदेखि लोकप्रिय पनि हुँदै आइरहेका छन् ।

### २.३.२ श्रुतिपरम्परा

लोककथा परापूर्वकालदेखि नै एकजनाले भन्ने र अरूले सुन्ने परम्पराबाट जीवित साहित्यिक अभिव्यक्ति हुन् । श्रुतिपरम्पराबाट हुर्कदै आइरहेको हुनाले लोककथा परिवर्तनशील पनि हुन्छ । कतिपय अवस्थामा त एउटै कथाका पनि लघुत्तम रूपदेखि बृहत्तर रूपसम्मको आयाममा पनि तन्किन सक्ने लचकता लोककथामा हुन्छ । यसरी मौखिक परम्परामा जीवित हुनु र लोकमा प्रचलित रही ज्ञानगुनका कुराहरू समेट्न सक्नु लोककथाको अर्को महत्त्वपूर्ण विशेषता हो ।

### २.३.३ उपदेशात्मकता

लोककथाको प्रमुख उद्देश्य भनेकै मनोरञ्जनात्मक ढङ्गबाट बौद्धिक एवम् नैतिक किसिमका उपदेश र सन्देश दिनु रहेको छ । विशेष गरी प्राचीन समयको शिक्षाको अभाव भएको बेला अनुभवले खारिएका बूढापाकाहरूले आफ्ना सन्तानहरूलाई वीर पुरुष, पशुपंक्षी आदिको काल्पनिक कथा सुनाएर उपदेश दिने गर्दथे । कथाले विशेष गरी धार्मिक, नैतिक तथा सामाजिक चेतनाका शिक्षाहरू मानव मनको मन्दिरमा उजागर गरिदिने प्रयास गरिएको हुन्छ

। 'कालो बादलभित्र चाँदीको घेरा हुन्छ भनेझैं परम्परा र रूढि बोकेका कथाहरूले पनि लोकजीवनमा चेतना फैलाएका हुन्छन् ।' (पराजुली, २०७१ पृ: ३६ )

### २.३.४ कल्पनाको प्रबलता

लोककथा स्वभावैले कल्पनाप्रधान साहित्य भएकोले  लोककथामा सामान्यतः यथार्थभन्दा कल्पनाको प्रबलता बढी हुने गरेको छ । लोककथामा काल्पनिक कुराका घटनाहरू प्रमुख घटनाको रूपमा प्रस्तुत भएका हुन्छन् । सामान्यतः जुनसुकै लोककथामा कल्पनाको प्रचुरता पाइए पनि अलौकिक, अद्भूत, रहस्य, रोमाञ्च भएको लोककथामा झनै  बढी काल्पनिकता हुन्छ  (पोखेल, २०६५:पृ १२) । लोककथामा देवीदेवता, राक्षस, भूतप्रेत, पिचास, परी, अप्सरा तथा जादुटुनासम्बन्धी कल्पनाको अत्यधिक प्रयोग भएको पाइन्छ । कल्पनालाई समेत वास्तविक जीवनकै एक पाताजस्तै विश्वास दिलाउन तथा त्यसमा भुलाउन सक्नु लोककथाको अर्को महत्त्वपूर्ण विशेषता हो ।

### २.३.५ रचनाकार अज्ञात हुनु

लोककथा मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा सुन्दै र सुनाउँदै आइरहेको एक सशक्त विधा हो । यसरी लोककथा एक मुखबाट अर्को मुखमा हस्तान्तरण हुँदै जाँदा देश, काल तथा परिस्थितिअनुसार यसको रूप पनि परिवर्तन हुँदै जाने गर्दछ । यसले गर्दा यसका रचनाकारको संलग्नता पनि हराउँदै जान्छ र फलतः यसको रचनाकार अज्ञात बन्न पुग्छ । लोककथा व्यक्तिको रचना भएपनि कालान्तरमा यो कथा सिङ्गो लोककै हुनु र व्यक्तिको एकाधिकार हराउनु लोककथाको अर्को प्रमुख विशेषता हो ।

### २.३.६ सरल र सहजता

लोककथा कुनै विशिष्ट व्यक्तिको रचना नभई ग्रामीण जीवनका अपठित, अञ्जान तथा सीधासाधा मानिसहरूको काल्पनिक आख्यानलाई मौखिक परम्पराका माध्यमबाट हुर्काउँदै आएको विधा हो । त्यसैले लोककथाको भाषा सरल, सहज र सुबोध्य रहेको हुन्छ ।

### २.३.७ अतिशयोक्तिमूलकता तथा परिवर्तनशीलता

लोककथाको प्रस्तुतीकरण गर्दा एउटाले जे भन्यो अर्काले पनि त्यही भन्नुपर्छ भन्ने छैन । कथावाचक अनुसार एउटै कुरालाई पनि समय, काल र परिस्थिति अनुसार बढाइचढाइ गरी

अतिरञ्जित तरिकाबाट पनि प्रस्तुत गर्न सकिन्छ । यसरी लोककथा सधैं एउटै नभई परिवर्तन हुँदै जाने हुनाले अतिशयोक्तिमूलकता तथा परिवर्तनशीलता पनि लोककथाको महत्त्वपूर्ण विशेषता बन्न पुगेको छ ।

### २.३.८ भाग्यवादी प्रवृत्ति

त्यसो त महाभारत अन्तरगतको श्रीमद्भागवत् गीताको दोस्रो अध्यायमा पनि '*कर्मण्यवाधिकारस्ते मा फलेषु कदाचन*' भन्दै कर्मलाई जोड दिइएको छ, यद्यपी नेपाली समाज अझै पनि भाग्यलाई नै सर्वोपरी ठान्ने गर्दछ । कर्मलाई भन्दा पनि भाग्यलाई विश्वास गर्ने चलन अद्यावधी कायम रहेको छ । आफ्नो कामको सफलता तथा असफलतामा समेत भाग्यको खेल देख्ने नेपाली समाजले लोककथामा पनि भाग्यवादी प्रवृत्तिलाई नै प्रबलता दिएको पाइन्छ ।

### २.३.९ धार्मिक विश्वास

त्यसो त नेपाली समाज आफैमा धार्मिक पक्षबाट सर्वोपरी ठान्ने समाज हो र ईश्वरलाई नै यो संसारको सृष्टिकर्ता, पालनकर्ता तथा संहारकर्ताको रूपमा लिइँदै आएको छ । लोककथा पनि सामाजिक परम्परामा आधारित मौखिक रूपमा सुन्ने र सुनाउने भएको हुँदा नेपाली समाजमा भएको धार्मिक विश्वासको प्रत्यक्ष प्रभाव लोककथामा पनि परेको पाइन्छ । लोककथामा ईश्वरको माध्यमबाट नै राम्रो काम गर्नेलाई वरदान दिने र नराम्रो काम गर्नेलाई सजाय दिएका घटनाहरूको प्रबलता रहन्छ । त्यसैले धार्मिक प्रवृत्ति पनि लोककथाको एउटा विशेषता हो ।

यी अनि यस्तै विविध विशेषता बोकेर लोककथा लोकको यात्रा गरिरहेको छ, लोकको ढुकढुकी बनेर धड्किरहेको छ । यसका अतिरिक्त पनि कुतूहलको प्रधानता, लोकतत्त्वको प्रबलता, स्थानीयता, 'एकादेशमा........'बाट सुरु भई 'सुन्नेलाई सुनको माला'मा गएर टुङ्गिनु आदि लोककथाका विशेषताहरू हुन् ।

## २.४ लोककथाका तत्त्वहरू

लोकमानवको भावात्मक अभिव्यक्तिको एउटा सशक्त माध्यम -लोककथा । फुर्सदको समयमा पाको उमेरका मानिसहरूद्वारा अन्य व्यक्तिहरूलाई मनोरञ्जन तथा शिक्षा दिने उद्देश्यले

सुनाउने आख्यानयुक्त गद्य साहित्यिक विधा- लोककथा । यसरी मनोरञ्जन र शिक्षा दिने कारकको रूपमा लोककथाभित्र विभिन्न तत्त्वहरू संयोजित रूपमा रहेका हुन्छन्, जसलाई लोककथा तत्त्वका रूपमा लिने गरिन्छ । लोककथाका तत्त्वहरूलाई तल सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

*लोककथाका तत्त्वहरू*

१) कथानक

२) अभिप्राय

३) पात्र(चरित्र)

४) परिवेश

५) कथोपकथन

६) द्वन्द्व

७) उद्देश्य

८) शैली

९) भाषा

### **२.४.१ कथानक**

कथानक भनेको कथामा घटित घटनाहरूको श्रृङ्खला हो । लोककथामा असाधारण तथा अद्भूत घटनाहरू श्रृङ्खलाबद्ध रूपमा आएर पूर्ण आख्यान बन्ने गर्दछ । सामान्यतः लोककथामा सामान्य कार्यव्यापारबाट कथानक सुरु हुन्छ र विकसित हुँदै अद्भूत र आश्चर्यजनक मोड, उपमोडहरू पार गर्दै कथान्त हुने गर्दछ । त्यतिमात्र नभई लोककथामा कथानकलाई आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलाएर प्रस्तुत गरिएको हुन्छ । प्रायः एकादेशमाबाट सुरु भएका कथानक सुन्नेलाई सुनको मालामा गएर टुङ्ग्याइएको हुन्छ ।

### २.४.२ अभिप्राय

अभिप्राय पनि लोककथाको अनिवार्य तत्त्व मानिएको छ । सामान्यतः विशिष्ट, वा असामान्य घटना, चरित्र, कार्य तथा विश्वासहरू अभिप्रायको रूपमा लिने गरिन्छ । लोककथामा यस्ता अभिप्रायहरू बारम्बार दोहरिने गर्दछ । अभिप्रायले लोककथामा कलात्मक सौन्दर्य प्रस्तुत गर्ने गर्दछ भने अभिप्रायकै कारण लोककथा सामान्य साहित्यभन्दा बढी रहस्य तथा रोमाञ्च र कलात्मक बन्न पुगेको छ ।

### २.४.३ पात्र

लोककथामा कथानकलाई अगाडि बढाउने कार्यव्यापार पात्रले गरेका हुन्छन् । लोककथामा कथानकलाई घरमा रूपमा लिने हो भने पात्रलाई त्यस घरमा बस्ने परिवारको रूपमा लिन सकिन्छ (पोखेल, २०६५:पृ १५)। लोककथा कल्पनाप्रधान मौखिक विधान भएको हुनाले यसमा प्रयुक्त पात्रहरू जीवनको यथार्थ धरातलबाट भन्दा पनि कल्पनाको संसारबाट टिपिएका हुन्छन् । लोककथामा पात्रहरू मानवीयका साथै मानवेतर र वस्तुपदार्थहरूसमेत हुने गर्दछ । लोककथामा मानवीय पात्रहरूमा राजा, रानी, राजकुमार, राजकुमारी, सौतेनी छोरी, टुहुरा, गरिब, बोक्सी आदि हुन्छन् भने मानवेतर पात्रमा गाई, भैसी, बाख्रा, स्याल, कुकुरदेखि देवीदेवता, भूत-प्रेत र राक्षसहरूसमेत हुने गर्दछ । त्यस्तै पदार्थ पात्रको रूपमा ढुङ्गा, माटो, दाउरा आदिजस्ता पदार्थहरू पनि पात्रको रूपमा आएका हुन्छन् । यी पात्रको क्रियाकलापबाट मानिसहरू मख्ख पर्ने गर्दछ । यसरी पात्रलाई पनि लोककथाको अनिवार्य तत्त्वको मानिन्छ ।

### २.४.४ परिवेश

लोककथामा घटनाहरू घटने स्थान, समय र वातावरण नै परिवेश हो । परिवेश पनि लोककथाको महत्त्वपूर्ण तत्त्व हो । लोककथामा लौकिक तथा अलौकिक परिवेशको चित्रण गरिएको पाइन्छ । लौकिक परिवेश अन्तरगत पृथ्वी तथा धरातलमा देखिने ग्रामीण क्षेत्र, दरबारिया वातावरण एवम् ऋषिआश्रमहरू इत्यादिको चित्रण गरिएको हुन्छ भने अलौकिक परिवेश अन्तरगत पृथ्वीभन्दा बाहिरका स्थानहरू, जस्तैः स्वर्ग, नर्क, परिलोक, अप्सरालोक, नाकलोक आदिको चित्रण गर्दै असम्भव देखिने कार्यहरू समेत गराएको हुन्छ । परिवेशले गर्दा कथावस्त र पात्र अयथार्थ भए पनि यथार्थ जस्तै हो भन्ने भान श्रोतालाई पर्दछ, जसले गर्दा श्रोताहरूले चासो लिएर सुन्ने गर्दछ ।

### २.४.५ उद्‌देश्य

त्यसो त लोकसाहित्यका हरेक विधाहरू कुनै लक्षित उद्‌देश्य पूर्ति गर्नकै लागि सिर्जना गरिएका हुन्छन् । त्यसैले लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व भनेको उद्‌देश्य पनि हो । नेपाली समाजमा लोककथाले लामो समयदेखि जरा गाड्दै आउनु र सधैं सबैलाई उत्तिकै प्यारो लाग्नुको मूल कारण यसबाट प्राप्त हुने मनोरञ्जन र शिक्षा पनि हो । लोककथामा विशेष गरी धर्मको व्याख्या, प्रचार र धार्मिक रहस्याको खोजिनीति गर्नु, दुःख निवारण गर्नु, नीतिशिक्षा र उपदेश दिनु एवम्  मनोरञ्जन प्रदान गर्नुजस्ता  उद्‌देश्यहरू रहेको पाइन्छ ।

### २.४.६ कथोपकथन

लोककथाको महत्त्वपूर्ण तत्त्वहरूमा कथोपकथन पनि हो तर यो शिथिल रूपमा आएको हुन्छ । कथोपकथन भनेको दुई वा सोभन्दा बढी पात्रहरूका बीचमा भएका कुराकानी हुन् । लोककथाको सन्दर्भमा कथावस्तु र पात्रहरूलाई नै बढी मात्रामा प्रस्तुत गरिने हुनाले कथोपकथन शिथिल हुने गर्दछ । लोककथामा पशुपंक्षी, ढुङ्गा, माटो तथा भूतप्रेत र देवीदेवतासमेत पात्र बनेर कुरा गर्दछन् । यस्तो संवाद अयथार्थ भएपनि श्रोताहरूलाई भने मन्त्रमुग्ध बनाएकै हुन्छ । त्यसैले सुनिरहुञ्जेलसम्म यी कथाहरू साँच्चै नै हुन् जस्तो पनि भान पर्ने गर्दछ । साथै लोककथामा चराचुरुङ्गी लगायतका मानवेतर पात्रको कथोपकथनको माध्यमबाट कथाका नायकले कतिपय कार्यको रहस्य पत्ता लगाई महान् कार्यहरू पनि सिद्ध गरेको भेटिन्छ ।

### २.४.७  शैली

शैली भनेको कथा पस्कने ढङ्ग हो । लोककथा प्रस्तुत गर्ने तरिकालाई शैली भनिन्छ । लोककथामा विषयवस्तु र भन्ने व्यक्तिअनुसार शैली फरकफरक हुन पुगे पनि लोककथा मुख्यतःवर्णनात्मक शैलीमा प्रस्तुत गरिन्छ । लोककथाका आख्याताले तृतीयपुरुष शैलीमा भूतकालीन क्रियापदको प्रयोग गरी कथा प्रस्तुत गर्ने गर्दछ । लोककथालाई रोचक, आकर्षक र शिल्पप्रधान बनाउनु शैलीको भूमिका विशेष रहेको हुन्छ ।

### २.४.८ भाषा

भाषा लोकसाहित्यकै महत्त्वपूर्ण पाटो हो । भाषा विचार विनिमयको माध्यम पनि हो । लोककथा पनि भाषिक माध्यमबाट व्यक्त गरिने हुनाले भाषा लोककथाको अनिवार्य तत्त्व हो ।

लोककथा प्रायःगरेर ग्रामीण समाजका अपठित मानिसहरूले सुनाउने र सुन्ने हुनाले लोककथाको भाषा सरल, सहज, सम्प्रेश्य हुनाका साथै सुबोध पनि हुने गर्दछ, जसले गर्दा सर्वसाधारण मानिसले पनि लोककथा सजिलै बुझ्छन् र मनोरञ्जन लिन्छन् । यसमा प्राय तृतीय पुरुष शैलीमा भूतकालीन क्रियापदका प्रयोग बढी मात्रामा हुने गर्दछ ।

### २.४.९ द्वन्द्व

द्वन्द्व भनेको दुई पात्रहरू बीचको वैचारिक टकराव हो । लोककथामा पनि दुई पात्रहरूको बीचमा भएको वैचारिक तथा शक्ति सङ्घर्षलाई द्वन्द्व भनिन्छ । दुई पात्रहरूबीचको वैचारिक सङ्घर्षलाई आन्तरिक द्वन्द्व र शक्ति सङ्घर्षलाई बाह्य द्वन्द्व भन्ने गरिन्छ । बाह्य द्वन्द्व अन्तरगत भौतिक सङ्घर्ष समेत पर्दछन् । लोककथा नायक र खलनायकको रूपमा सत् पात्र र असत् पात्रका बीचमा द्वन्द्व गराइएका हुन्छन् भने अन्तमा गएर सत् पात्रको जीत र असत् पात्रको हार देखाइएको हुन्छ ।

## २.५ लोककथाको वर्गीकरण

लोक जीवनको अनेकौं लोकाख्यानहरूलाई लोककथाको माध्यमबाट व्यक्त गरिएका छन् । तर त्यस्ता लोककथाहरूको अध्ययन गरी लोककथाहरूलाई वर्गीकरण तथा विश्लेषण गर्ने कार्य भने धेरै पछाडि मात्र सुरु भएको पाइन्छ । त्यसो त लोककथाको सङ्कलन तथा अध्ययन परम्परा प्राचीनकालदेखि नै नभएको हैन तर लोककथाको वर्गीकरण गर्ने कार्य पछाडि मात्र सुरु भएको पाइन्छ । लोककथाको विषयगत क्षेत्र ज्यादै व्यापक हुनाले पनि लोककथा यति नै वर्ग वा प्रकारका हुन्छन् भन्ने किटान गर्न गाऱ्हो हुन्छ, तापनि विभिन्न विद्वान्हरूले विभिन्न समयमा आआफ्ना तरिकाले लोककथालाई वर्गीकरण गर्ने प्रयास गरेको देखिन्छ । प्राचीन कालदेखि संस्कृत साहित्यका आचार्यहरूले कथालाई कथा र आख्यायिका गरी दुई भागमा वर्गीकरण गरिएको छ, जसमा काल्पनिक कथानक भएकालाई कथाको श्रेणीमा राखिएको छ भने सत्यघटनामा आधारित ऐतिहासिक कथानक भएकोलाई आख्यायिकाको श्रेणीमा राखिएको छ ।

त्यस्तै भारतीय विद्वान् डा.कृष्णदेव उपाध्यायले लोककथालाई निम्न छ भागमा वर्गीकरण गरेका छन्

१. उपदेश कथा　　२.व्रतकथा　　३.प्रेमकथा　　४.मनोरञ्जन कथा

५.सामाजिक कथा　　६. पौराणिक कथा

उता अग्निपुराणमा कथालाई आख्यायिका, कथा, खण्डकथा, परिकथा र कथानिका गरी पाँच भागमा बाँड्दै उल्लेख गरिएको छ

*आख्यायिका कथा खण्डकथा परिकथा तथा ।*

*कथानिकेति मन्यन्ते गद्यं काव्यं च पञ्चधा ॥* (पराजुली, २०७१: पृ५६)

त्यस्तै देशको परिस्थिति, रीतिरिवाज, चालचलन, रहनसहन, धर्म तथा मान्यताको विभेदको कारण नेपाली लोककथाको केही छुट्टै प्रकारको बनोट पनि देखिन्छ । नेपाली लोककथाको वर्गीकरण गर्दा त्यहाँको सामाजिक, भाषिक, धार्मिक, सांस्कृतिक तथा अन्य विविध पृष्ठभूमिलाई पनि बिर्सनु भने हुन्न । यही पृष्ठभूमिका आधारमा लोककथालाई तुलसी दिवसले निम्न १० वर्ग र ९ उपवर्गमा विभाजन गरेका छन् ।

१. सांस्कृतिक ऐतिहासिक लोककथाहरू

२.अर्ती-उदेशका लोककथाहरू

३.पशुपंक्षीका लोककथाहरू

४.मानवका विशेष स्वभाव र प्रवृत्तिका लोककथाहरू

क) ठगी तथा चलाखीका लोककथाहरू

ख) मुर्ख्याइका लोककथाहरू

ग) लोभी तथा कञ्जुसका लोककथाहरू

घ) विश्वासघातका लोककथाहरू

५.अती मानवीय रूपमा लोककथाहरू

क) भूत तथा राक्षसका लोककथाहरू

ख) बोक्सी तथा जादुका लोककथाहरू

ग) परी तथा अप्सराका लोककथाहरू

६) दैवी लोककथाहरू

७) फलफूलका लोककथाहरू

८) साहस तथा बहादुरीका लोककथाहरू

९) धार्मिक लोककथाहरू

क) व्रतात्मक लोककथाहरू

ख) पौराणिक लोककथाहरू

१०. विविध लोककथाहरू (दिवस,२०३२: पृ३०)

त्यस्तै धर्मराज थापा र हंसपुरे सुबेदीले लोककथाहरूलाई निम्न ५ भागमा विभाजन गरेका छन् :

१ं धार्मिक तथा सांस्कृतिक ऐतिहासिक कथा

२. मानवी तथा अतिमानवी लोककथाहरू

३. पशुपंक्षीका लोककथाहरू

४ दैवी लोककथाहरू

५. विविध लोककथाहरू ( थापा र सुबेदी, २०४१: पृ३४६)

त्यस्तै लोकसाहित्यका अध्येता डा. मोतीलाल पराजुलीले लोककथालाई विषयगत र प्रयोजनरूपमा छुट्टाछुट्टै वर्गीकरण गरेका छन् । उनले विषयगत अन्तरगत ५ वर्ग र २५ उपवर्गमा भने प्रयोजन रूपमा ३ भागमा वर्गीकरण गरेका छन् ।

उनको वर्गीकरणलाई निम्न बुँदामा व्यक्त गर्न सकिन्छ ।

## क . विषयगत वर्गीकरण

### १. पौराणिक कथा

अ) पुराकथा आ) व्रतकथा तन्त्रकथा

### २. अनुश्रुति कथा

अ) स्थान सम्बन्धी कथा आ) घटनासम्बन्धी कथा

इ) चरित्रसम्बन्धी कथा(वीरकथा)

### ३ं सामाजिक कथा

अ) प्रेमकथा आ) वीरकथा इ) न्यायसम्बन्धी कथा ई) नीतिकथा

उ) ठगीका कथा ऊ) चलाखीका कथा ऋ)मुर्ख्याईका कथा

ए) विश्वासघातका कथा ऐ) लोभी तथा कञ्जुसका कथा

ओं)घरपरिवार सम्बन्धी कथा औ) अर्ती-उपदेशसम्बन्धी कथा

**४. अलौकिक तथा अतिरञ्जित कथा**

अ) पशुपंक्षी तथा सरीसृपका कथा आ) परी तथा अप्सराका कथा

इ)फलफूल तथा वृक्षावनस्पतिका कथा उ) बोक्सी तथा जादुटुनामुनाका कथा

ऊ) भूत तथा राक्षसका कथा

**५.विविध**

अ) हाँस्यकथा आ) बालकथा इ)विविध कथा

## ख) उद्देश्यगत (प्रयोजनगत वर्गीकरण)

१ पौराणिक (धार्मिक) लोककथा

२. मनोरञ्जनप्रधान लोककथा

३.शैक्षिक प्रयोजनका निम्ति निर्मित लोककथाहरू ( पराजुली, २०७१ :पृ ६४ )

यसरी लाकसाहित्यका विभिन्न अनुरागीहरूद्वारा गरिएको लोककथाको वर्गीकरणको आधारमा नेपाली लोककथालाई निम्न आठ भागमा विभाजन गर्न सकिन्छ ।

१.पौराणिक लोककथा

२.ऐतिहासिक लोककथा

३. सामाजिक लोककथा

४.अतिरञ्जित लोककथा

५. सांस्कृतिक तथा धार्मिक लोककथा

६. पशुपंक्षी सम्बन्धी लोककथा

७. साहस तथा बहादुरीका लोककथा

८. विविध लोककथा

### २.५.१ पौराणिक लोककथा

पुराणहरूबाट विषयवस्तु लिई सिर्जना गरिएको लोककथालाई पौराणिक लोककथाको कोटीमा राख्न सकिन्छ । यस्ता लोककथाहरू देवीदेवता, धर्म, ब्रह्माण्ड, प्रलय आदिसँग सम्बन्धित हुन्छन् । पौराणिक लोककथाहरूमा सृष्टिचक्रको साथै लोकविश्वासको पनि व्याख्या गरिएको हुन्छ । यस्ता लोककथाहरूमा मधुकैटवको कथा, स्वस्थानीको व्रतकथा, रामायण, मञ्जुश्री आदिको कथा पर्दछन् ।

### २.५.२.ऐतिहासिक लोककथा

इतिहासमा प्रसिद्ध रहेका वीरपुरुष, महाराज, योगी आदिसम्बन्धी कथाहरूलाई ऐतिहासिक लोककथा भनिन्छ । यस्ता लोककथाहरूमा वीर पुरुषहरूको चलाखी, वीरत्व आदिको प्रसङ्ग ल्याएर श्रोताहरूलाई पनि लोककथाको माध्यमबाट वीर तथा बहादुर बन्न प्रेरित गरेका हुन्छन् । यसका साथै मठ-मन्दिर, देवीदेवताको उत्पति सम्बन्धी किंवदन्तीहरू ऐतिहासिक लोककथाको पङ्तीमा आउँछ । अकबर-वीरवलको कथा, पृथ्वीनारायण शाहको कथा, भर्तृहरिको कथा आदि ऐतिहासिक कथा भित्र पर्दछन् ।

### २.५.३.सामाजिक लोककथा

सामाजिक लोककथामा समाजका रीतिरिवाज, रहनसहन, चालचलन आदि कुराहरू झल्किएका हुन्छन् । विशेष गरी मायाप्रेमका कथाहरू, टुहुरा-टुहुरीका कथाहरू, गरिबीका कथाहरू, दाजुभाइ तथा सौतासौताबीचको झगडाका कथाहरू सामाजिक कथाहरू अन्तरगत पर्दछन् । विशेष गरी सामाजिक कथा मानिसलाई वीर, निडर तथा अनुशासित बनाउने उद्‌देश्ये निर्माण गरिएको हुन्छ । यस्ता कथाहरूमा डाहाडे सानीमा, भाइभाइबीच डाह, सौतेनी आमा, नन्दभाउजू आदि पर्दछन् ।

### २.५.४ अतिरञ्जित लोककथा

काल्पनिक तथा अलौकिक संसारका घटनाहरू समावेश गरिएका लोककथाहरू अतिरञ्जित लोककथाहरू हुन् । यसमा धाँमी, झाँक्रीदेखि लिएर अप्सरा, देवीदेवता, राक्षसजस्ता पात्रहरू आउने गर्दछन् । यस्ता पात्रहरू काल्पनिक संसारमै विचरण गरेका हुन्छन् । यस्ता कथाहरूमा सुनकेशरी मयाँको कथा, तीन रोटीको कथा आदि पर्दछन् ।

### २.५.५ सांस्कृतिक तथा धार्मिक लोककथा

नेपाली समाजमा विकसित भएका संस्कारहरू कुनै न कुनै रूपमा धर्मसँग सम्बन्धित रहेका हुन्छन् । यहाँ आमाको काखदेखि मृत्युशैयाको यात्रासम्मको संस्कारमा धार्मिक प्रभाव परेको छ र ती संस्कारहरूमा कुनै न कुनै लोकाख्यान पनि सम्मिलित नै भएका हुन्छन् । यस्ता धर्म अनि संस्कारसँग जोडिएका लोककथाहरूलाई सांस्कृतिक तथा धार्मिक लोककथा अन्तरगर्त राख्न सकिन्छ, जस्तो कि : स्वस्थानी व्रतकथा, तीजको व्रतकथा, ऋषीपञ्चमीको व्रतकथा आदि ।

### २.५.६ पशुपंक्षीसम्बन्धी लोककथा

जनावर तथा पंक्षीहरू प्रमुख पात्रको रूपमा आएका लोककथाहरू पशुपंक्षी सम्बन्धी लोककथाहरू हुन् । यस्ता कथाहरू कुकुर, बिरालो, बाज, मयुर, मुसा आदि प्रमुख तथा सहायक पात्रको रूपम आएका हुन्छन् । यस्ता पात्रहरूले मानवीय भाषा बोलेर मानिसलाई दङ्ग पार्ने गर्दछन् । छट्टु स्याल, मुसे भाइ, बुद्धिमान भँगेरा आदि यस्ता कथाहरू हुन् ।

### २.५.७ साहस तथा बहादुरीका लोककथा

साहस, बहादुरी तथा वीरताका कारण आफ्नो जीवनमा सफलता पाएका व्यक्तिहरूको कथा नै वास्तवमा साहस तथा बहादुरीका लोककथा हुन् । यस्ता कथाहरूमा ऐतिहासिक तथा काल्पनिक नायकका विभिन्न अद्भूत चरित्रको चित्रणबाट कथा अगाडि बढाएका हुन्छन् । लालहीराको कथा, गुलवकावलीको कथा, अक्कली राजकुमारको कथा आदि यस कोटीमा पर्ने कथाहरू हुन् ।

### २.५.८ विविध लोककथा

माथिका वर्गीकरणका नपरेका विविध जाति, धर्म, संस्कृति, चालचलनअनुसारका कथालाई विविध लोककथा अन्तरगत राख्न सकिन्छ । किनभने कतिपय लोककथाहरू कुतूहलता उत्पन्न गराउने उद्देश्यले मात्र सिर्जित हुन्छन् भने कतिपय लोककथाहरू बालबालिकाको मनोरञ्जनको लागि मात्र पनि सिर्जना गरिएका हुन्छन् । यस्ता खालमा लोककथाहरू पनि प्रशस्त मात्रामा हाम्रो समाजमा पाइन्छ ।

यसरी नेपाली समाजमा पाइने लोककथाहरूलाई विभिन्न तहमा वर्गीकरण गर्न सकिन्छ । लोककथाहरू विभिन्न प्रकारका हुँदाहुँदै पनि लोककथाको प्रमुख उद्देश्य भनेको मनोरञ्जन प्रदान गर्दै नीतिशिक्षा दिनु हो । साना बालबालिकाहरूलाई भुलाउन तथा शिक्षा दिनको लागि समेत विभिन्न लोककथाहरू सुन्ने र सुनाउने चलन चल्दै आइरहेका छ ।

## २.६ लोककथाको सङ्कलन र अध्ययन परम्परा

लोककथाको रचना र प्रचलन मानवसभ्यताको विकाससँगै भएको हो । त्यसैले लोककथाको रचना र प्रकाशन कहिलेबाट सुरु भएको भन्ने प्रश्नको एकिन उत्तर पाउन निकै कठिन छ । लोककथा मानव जातिको उत्पति र भाषाको विकाससँगै विकास भएको पाइन्छ । नेपाली भाषाका मौलिक कथाहरूको सङ्कलन हुनुपूर्व संस्कृत, हिन्दी, उर्दू, फारसी, आदि भाषाबाट नेपाली भाषामा अनुवाद भएको पाइन्छ । संस्कृतबाट नेपाली भाषामा अनुवाद भएका कृतिहरूमा ‘हितोपदेश मित्रलाभ’(१८३३), ‘सत्यनारायण व्रतकथा’(१९४१), ‘नलदमयन्ती कथा’ (१९९०) आदि हुन् । त्यस्तै विशेष गरी बनारसमा पढ्न गएका विद्यार्थीहरू फारसी, हिन्दी, उर्दू भाषामा लोकप्रिय रहेका लोकाख्यानहरूबाट प्रभावित भएर ती भाषाका लोककथाहरूलाई पनि नेपालीमा अनुवाद गरिएको पाइन्छ । ती भाषाबाट नेपाली भाषामा अनुवाद भएका कृतिहरूमा (१८८८), ‘मधुमालतीको कथा’ (१९९६) ‘हातीमताइको कथा’, ‘परोपकारी हातमको किस्सा’, तोतामैनाको कथा’, अचम्मको बच्चाको कथा’ आदि हुन् ।

नेपाली लोककथाको प्रारम्भिक बिन्दूको रूपमा गणाढ्यको बृहत् कथालई लिन सकिन्छ ( पोखेल, २०६५ : पृ २१ ) । त्यसपछि भने बनारसबाट पुस्तकहरूको प्रकाशन थालिएपछि ‘बहत्र सुगाको कथा’ (१८००), ‘लालहिराको कथा’(१८८८), ‘बेतालपंचविशतिका’ (१८९३) आदि आख्यानात्मक कृतिहरू प्रकाशित भएको पाइन्छ ।

सुरुवाती प्रक्रियामा संस्कृतलगायतका भाषाको अनुवादबाट सुरु भएको लोककथाको सङ्कलन, प्रकाशनको परम्परामा १९९६ मा आएर नयाँ मोड लिन पुग्दछ । वि.सं १९९६ मा लोककथाको क्षेत्रमा अनुवाद प्रथाभन्दा अझ माथि गएर नेपाली भाषामै लेखिएका लोककथाहरूको

सङ्कलन परम्पराको प्रारम्भ भएको पाइन्छ, जसको वीजारोपण गरे बोधविक्रम अधिकारीले । बोधविक्रम अधिकारीद्वारा सम्पादित 'नेपाली दन्त्यकथा' (१९९६) बाट नै नेपाली भाषामा लेखिएका लोककथाहरूको प्रकाशन सुरु भएको पाइन्छ । त्यसो त यस कथासङ्ग्रहमा सङ्ग्रृहित केही लोककथाहरू संस्कृतबाट सोभै राखिएका पनि छन्, तैपनि धेरै लोककथाहरू नेपाली जनजीवनमा भिजेका, शुद्ध नेपाली भाषामा प्रस्तुत गरिएका तथा नेपाली वातावरण र लोककथा कथनात्मक शैलीमा प्रस्तुत गरिएको पाइन्छ । यसपछि ललितजङ्ग सिजापतिको 'दन्त्यकथामाला'(२००३) मा २६ वटा लोककथाहरू सङ्गृहित छन् । त्यस्तै सुवर्णशमशेर ज.ब.रा.को 'दन्त्यकथा'(२००५)मा परम्परासम्बन्धी ९ वटा कथाहरू प्रकाशित छन् । त्यसपछि लोककथाको प्रकाशनको क्षेत्रमा काजीमान कन्दङ्वाको 'आठकथा'(२०१०), जुजुमान कुस्लेको 'सुनौलो कथा'(२०१६) करुणाकार वैद्यको 'दन्त्यकथा सङ्ग्रह' (२०२२) आदि लोककथाको क्षेत्रमा अमर कृतिहरू बनेर चम्किरहेका छन् । त्यस्तै इमानसिंह चेम्जोङ्को 'किराँती दन्त्यकथा',(२०२१) मा किराँती समाजका १९ वटा कथाहरू समावेश छन् भने हाम्रो संस्कृति पत्रिकाले लोककथा  विशेषाङ्क (२०२७/०२८) मा प्रकाशित गरी चार मालाहरू निकालेका छन् । ती मालाहरूमा पहिलो, दोस्रो, तेस्रो र चौथो गरी क्रमशः ५१, २६, ५२ र २७ वटा कथाहरू प्रकाशित भएका छन् । संस्थागत रूपमा लोककथाहरूको सङ्कलन र प्रकाशनको यो व्यवस्था ऐतिहासिक महत्त्वले समेत युक्त बन्न पुगेको छ ।

त्यस्तै नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट 'नेपाली लोककथा' (२०३२) तुलसी दिवसको सम्पादनमा प्रकाशित भयो, जसमा १२२ वटा लोककथाहरू सङ्कलित छन् । तुलसी दिबसकै 'नेपाली लोककथा केही अध्ययन'(२०३३) मा लोककथासम्बन्धी लेखहरू समेटिएका छन् । त्यसपछि धर्मराज थापा र हंसपुरे सुबेदीद्वारा संयुक्त रूपमा लेखिएको 'नेपाली लोकसाहित्यको विवेचना'(२०४१) मा लोककथाको बारेमा बिस्तृत विवेचना गरिएको छ । किराँती समुदायको ३९ वटा लोककथाहरूलाई एकमुष्ट पारेर शिवकुकमार श्रेष्ठले 'किराँती लोककथा' (२०४७) प्रकाशित गरेका छन् । त्यस्तै लोकसाहित्यको अध्ययन र अनुसन्धानकै क्रममा प्रा.मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेलले संयुक्त रूपमा 'लोकवार्ताविज्ञान र लोकसाहित्य'(२०६३) प्रकाशित गरेका छन् ।

नेपाली लोककथामा क्षेत्रमा नयाँ आयाम थप्दै नेपाली लोककथाका अध्येता मोतीलाल पराजुलीले 'नेपाली लोककथाहरूको अभिप्रायको अध्ययन'(२०५४) मा विद्यावारिधि नै गरेका छन् भने २० वटा लोककथाहरूको सङ्ग्रह 'धर्मात्मा राजा'( २०४९), 'बुद्धिमान पुरुष,(२०६५), 'बत्तीसमाराको कथा'(२०६५), 'कालिनाग र राजकुमार'(२०६५), 'मनचिन्ते औठी'(२०६५) लोककथा सङ्ग्रहका ४ वटा शृङ्खलाहरू तथा 'नेपाली लोककथाःसिद्धान्त र विश्लेषण'(२०७१) नेपाली लोककथाको मन्दिरमा भेटी चढाएर नेपाली लोककथाको भण्डार फराकिलो बनाउनमा तथा अध्ययनको क्षेत्रमा  महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली लोकसाहित्यको विकासको लागि त्रिविले लोकसाहित्यको अध्ययन होस् भन्ने हेतुले लोकसाहित्यलाई विद्यार्थीको

स्वतन्त्र रुचिअनुसार शोधकार्य तथा अध्ययनपत्रको सिर्जना गराउँदै आएको छ, जुन कार्यले लोककथाको सङ्कलन, अध्ययन, अनुसन्धानमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

यसरी पछिल्लो समयमा नेपाली लोकसाहित्य तथा लोककथाको क्षेत्रमा केही उल्लेखनीयका कार्यहरू भएको देखिन्छ । तथापी नेपाली लोककथाहरूको मानक रूपहरूको अध्ययन, लोककथाहरूको संरचनात्मक अध्ययन, समाजशास्त्रीय अध्ययन, लोककथाहरूको मनोवैज्ञानिक अध्ययन, लोककथाहरूको ऐतिहासिक तथा भौगोलिक अध्ययन हुन बाँकी नै रहेकोले सम्बन्धित अनुसन्धाता तथा सङ्घसंस्थाले यसतर्फ पनि कदम चाल्नु आवश्यक छ ।

## २.७ निष्कर्ष

बूढापाकाहरूको अनुभवले खारिएका व्यक्तिहरूको आख्यानयुक्त सिर्जना नै लोककथा हो र यो एक व्यक्तिबाट अर्को व्यक्तिमा मौखिक रूपमा हस्तान्तरण हुँदै आएको छ । विशेष गरी मनोरञ्जनका साथै शिक्षा दिने उद्देश्यले फुर्सदका समयमा लोककथाहरू सुन्ने र सुनाउँने क्रम अद्यावधी कायमै रहेको छ । यसमा मानव, मानवेतर तथा वस्तु पदार्थसमेत पात्रको रूपमा उपस्थित भई कथालाई विश्वसनीय, रोचक एवम् कौतुहल बनाउने गर्दछ । लोककथाको आकार यति नै हुनुपर्छ भन्ने पनि छैन । कुनै ज्यादै लामा, कुनै मझौला तथा कुनै छोटा लोककथाहरू पनि हुन्छन् । प्राचीनकालदेखि लोककथाहरू सुनाउँदै आएपनि यसको सङ्कलन तथा अध्ययन परम्परा भने बीसौं शताब्दीदेखि मात्र सुरु भएको देखिन्छ । हालसम्मको अध्ययनले लोककथाको बारेमा सामान्य जिज्ञाशाहरूको समाधान गर्न सफल भएको छ भने यसको अझ बिस्तृत अध्ययन गर्न बाँकी नै रहेको छ ।

# अध्याय तीन

## ३.१ विषय परिचय

लोकसाहित्यका सर्वप्राचीन विधाहरूमध्ये लोककथा पनि एक सशक्त विधामा रूपमा मुस्कुराउँदै आइरहेको छ । मानव सभ्यताको मिर्मिरेदेखि लोककथालाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आइरहेको कारण हालको अवस्थामा पनि लोककथाको प्रचलन हरेकजसो जाति, सम्प्रदाय, तथा वर्गमा जीवित रहँदै आइरहेको छ । वास्तवमा लोकजीवनमा प्रचलित आस्था, मान्यता, चिन्तन, व्यवहार तथा संस्कृतिलाई कल्पनाको आवरण दिएर बडो रोचक ढङ्गबाट मौखिक रूपमा लोकसमुदायद्वारा सिर्जना गरिएको साहित्यिक निधि नै लोकसाहित्य हो र यसका विविध पाताहरूमध्येको एक सशक्त पाता नै लोककथा हो । त्यसैले लोककथा पनि लोककै सिर्जना हो, लोककै सम्पति हो तथा लोककथा निर्माण तथा बाँच्ने आधार पनि स्वयम् लोकसमुदाय नै हुन् ।  लोककथा सर्वप्राचीन विधा भएकोले स्थान, समय तथा जातजातिअनुसार फरकफरक हुनु पनि स्वाभाविक नै हो । एउटै विषयमा पनि विभिन्न जाति तथा सम्प्रदायमा फरकफरक कथाहरू पाइने गर्दछ ।

## ३.२ भक्तपुर जिल्लाको पूर्वीय भेगमा प्रचलित लोककथाहरूको सङ्कलन र विश्लेषण

भक्तपुर जिल्ला पनि विभिन्न जातजाति, भाषाभाषी तथा धर्म सम्प्रदायको सुसङ्गठित एक सुन्दर माला हो । यो जिल्ला लोककथाको सङ्ख्यात्मक दृष्टिकोणबाट धनी मात्र नभई ती लोककथाहरू विविधता पनि त्यतिक्कै रूपमा सशक्त रहेका छन् । यहाँका चालचलन, धर्म, संस्कृति तथा व्यवहार अनुसार यहाँ प्रचलित लोककथामा पनि भिन्नता रहेका छन् । सामाजिक परिवेश अनुसार कतिपय कथामा थपघट समेत गरिएका छन् भने कतिपय कथाको अन्त्य नै मोडिएको अवस्थासमेत पाउन सकिन्छ । यस जिल्लामा विशेष गरी मनोरञ्जन प्रदान गर्नको साथै विभिन्न नीति शिक्षा दिन तथा उपदेश दिनको लागि लोककथाको सहारा लिइएको पाइन्छ । यसका साथै भक्तपुर जिल्लामा प्रचलित विभिन्न जात्रापर्वहरू तथा संस्कारहरूको औचित्य पुष्टि गर्नसमेत लोककथाको सहारा लिइएको पाइन्छ । यसरी यहाँ प्रचलित लोककथाहरूमा पनि विविधता पाइने हुँदा यहाँ तिनका सङ्क्षिप्त अध्ययन गरिएको हो । भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित लोककथाहरूलाई त्यसमा भएको विषयवस्तुको आधारमा निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छ

१) सामाजिक लोककथा

२) ऐतिहासिक धार्मिक तथा सांस्कृतिक किंवदन्तीमूलक लोककथा

३) पशुपंक्षीसम्बन्धी लोककथा

४) उपदेशात्मक लोककथा

५) कारणनिर्देशित कथा

६) अनुश्रुति कथा

७) मिथक

८) अतिरञ्जित लोककथा

### ३.२.१ सामाजिक लोककथा

समाजमा घटेका तथा घट्न सक्ने घटनालाई समाजकै पात्रहरूको माध्यमबाट प्रस्तुत गरिएका लोककथाहरू सामाजिक लोककथाभित्र पर्दछन् । यस्ता लोककथाहरूमा समाजको रीतिरिवाज, चालचलन जस्ता व्यावहारिक कुराहरूका साथै सामाजिक जीवनको हाँसो, आँसु, पीर, व्यथा, मिलन आदिको झलक पनि पाइन्छ । यस्ता कथाहरू पारिवारिक झगडा, गरिबी, अन्धविश्वास, बहुविवाह, अनमेल विवाह आदि विषयवस्तुमा आधारित हुने गर्दछन् । यस्ता कथाहरूमा अलौकिक शक्तिको त्यति प्रयोग हुँदैन । यस्ता कथाहरू समाजशास्त्रीय मूल्यबाट समेत महत्त्वपूर्ण हुन्छन् । नेपाली समाजमा प्रचलित सौताको डाह, छोरालाई अर्ती, अक्कली राजकुमार आदि सामाजिक कथाहरू हुन् भने भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित कथाहरूमा **एकताको बल** सामाजिक लोककथा हो ।

### ३.२.२ ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक किंवदन्तीमूलक लोककथा

ऐतिहासिक, धार्मिक एवम् सांस्कृतिक स्थान, व्यक्ति वा घटनाको विवरण, ऐतिहासिक तथा धार्मिक स्थलको उत्पति, विभिन्न जात्रामात्रा तथा रीतिरिवाजको उत्पति तथा प्रचलन हुनाको कारण तथा देवीदेवताको मठमन्दिरको निर्माण हुनाको कारण जस्ता किंवदन्तीमूलक कथाहरू यस वर्गमा पर्दछन् । त्यस्तैगरी वीर पुरुषका इतिहासका घटनाहरू, विशेष स्थानका तथा जात्रापर्वको नामकरण सम्बन्धी किंवदन्तीहरू पनि यसै वर्गमा पर्दछन् । यस्ता कथाहरू मौखिक रूपमा एक व्यक्तिबाट अर्कोमा हस्तान्तरण हुँदै आउने हुनाले एउटै घटनामा पनि व्यक्ति र ठाउँअनुसारको कथामा केही मात्रामा भिन्नता पनि रहेको पाइन्छ । यस्ता कथाहरूमा देवीदेवताले दण्ड दिने, पुरस्कार दिने आदि प्रसङ्गहरू आउने गर्दछ । भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित यस्ता कथाहरूमा **विश्वध्वजाजात्राको कथा** पर्दछ ।

### ३.२.३ पशुपंक्षीसम्बन्धी लोककथा

पशुपंक्षी नै मुख्य पात्रको रूपमा आएका लोककथाहरू पशुपंक्षी सम्बन्धी लोककथा अन्तरगत पर्दछन् । यस्ता कथाहरूमा पशुपंक्षी लगायत मानव पात्रहरू पनि उपस्थित भई कार्यव्यापार गरेका हुन्छन् । यस्ता लोककथाहरूमा पशुपंक्षीले पनि मान्छेको भाषा बोल्ने, मान्छेले झै व्यवहार देखाउने आदि गर्दछन् । विशेषगरी काग, भैंसी, भँगेरो, स्याल, सिँह, बाघ, बिरालो आदि पात्रको रूपमा आएका हुन्छन् । यस्ता कथाहरूमा पशुपंक्षीको चारित्रिक विशेषता पनि झल्किने गर्दछन् । प्रायः स्यालको धूर्तता, बाघको विश्वासघात, नागको उपकार जस्ता घटनाहरू यस्ता कथामा आएका हुन्छन् । भक्तपुर जिल्लाबाट सङ्कलन गरी ल्याइएका यस्ता लोककथाहरूमा **तिथ्रो र फ्याउरो**, **सौतेनी आमाको कथा** , **बाँदर र मानिस** पर्दछन् ।

### ३.२.४ उपदेशात्मक लोककथा

त्यसो त लोककथाको प्रमुख उद्देश्य भनेकै मनोरञ्जन दिएर उपदेशसमेत दिनु रहेको छ । उपदेशात्मक लोककथामा कर्तव्यको पालना, परोपकार, माया, दया, धर्म, न्याय तथा सहनशीलता आदि असल गुणहरूको विकास गर्नतर्फ श्रोतालाई प्रेरित गरेका हुन्छन् । यस्ता लोककथाहरूले असल काम गर्नेको विजय र खराब काम गर्नेको हार भएको देखाई दण्ड र पुरस्कारको माध्यमबाट समाजमा असल चरित्रको विकास गर्ने लक्ष्य लिइएको देखिन्छ । भक्तपुर जिल्लाबाट सङ्कलन गरिएका कथाहरूमध्ये **एकताको बल** यस कोटीमा पर्ने कथा हो ।

### ३.२.५ कारणनिर्देशित कथा

कुनै पनि वस्तुको उत्पति, स्वरूप तथा विशेषताहरूको कार्यकारण सम्बन्ध देखाउने कथाहरूलाई कारणनिर्देशित कथाको कोटीमा राख्न सकिन्छ । लोककथाका अध्येता डा. मोतीलाल पराजुलीका अनुसार यस्ता कथा कुनै कुरालाई पुष्टि गर्न दृष्टान्त प्रस्तुत गर्दा वा कुनै वस्तुको स्वरूप, विशेषताको कारण स्पष्ट पार्न यस्ता कथाहरूको सहारा लिने गरिन्छ । यस्ता कथाहरूलाई हेतुकथा पनि भनिन्छ । खासगरी मिथकमा तथा दृष्टान्तकथामा यस्ता कथाहरूको प्रयोग हुने गर्दछ । सङ्कलित लोककथाहरूमा **नरसिंहको घण्टा र खापीको माछा**, **जुकाको गुद्द्वार**, **टौमढीस्थित भैरवमन्दिरको कथा**, **विश्वध्वजाको कथा** आदि पर्दछन् ।

### ३.२.६ अनुश्रुति कथा

विशेषगरी सांस्कृतिक नायक, समाजमा विशिष्ट योगदान दिएका व्यक्तिहरू, स्थानीय घटना, मन्दिर, पाटीपौवाको निर्माण, सामाजिक रीतिरिवाज तथा प्रथाहरूको वृत्तान्त भएको सत्यकथामा आधारित तर अतिरञ्जनाले युक्त कथाहरू यस वर्गभित्र पर्दछन् । जातीय विश्वासमा अडिएका यस्ता कथाहरूलाई सत्यको रूपमा पनि स्वीकार गर्ने गरिन्छ । यस्ता कथाहरू मिथकसँग निकै नै नजिक भएपनि मिथकमा देवीदेवताहरू प्रत्यक्ष रूपमा देवीदेवताकै भेषमा आएका हुन्छन् भने अनुश्रुतीमा उनीहरू मानवको रूप धारण गरेर आएका हुन्छन् । सङ्कलित कथाहरूमा **विश्वध्वजाको कथा** यस किसिमको कथा हो ।

### ३.२.७ मिथक

देवीदेवताहरूको प्रत्यक्ष संलग्नता भएको कथाहरूलाई मिथक भन्ने गरिन्छ । यस्ता कथाहरूमा देवीदेवताहरू प्रत्यक्ष रूपमा प्रस्तुत भई मानवले झैं कार्य गर्दछ । यस्ता कथाहरू कारण स्पष्ट पार्न पनि प्रस्तुत गरिएका हुन्छन् । त्यसैले यस्ता कथाहरू कारणनिर्देशित कथासँग र अनुश्रुतिसँग निकै नजिकको सम्बन्ध राख्ने गर्दछ । सङ्कलित कथाहरूमा **महाकाली-महालक्ष्मीका कथा** यस वर्गमा पर्दछ ।

### ३.२.८ अतिरञ्जित लोककथा

अतिरञ्जित लोककथामा अलौकिक तथा काल्पनिक लोकको घटनाहरूको प्रबलता रहने गर्दछन् । यस्ता कथाहरूमा अप्सरा, देवता, धामी, भूत, बोक्सी, तान्त्रिक आदिका कुराहरू आउँछन् । भक्तपुर जिल्लामा सङ्कलित यस्ता कथाहरूमा **नवदुर्गा गणको कथा**, **विश्वध्वजाको कथा**, **टौमढीस्थित भैरबको कथा** पर्दछन् ।

### ३.२.९ विविध लोककथा

माथिको वर्गीकरणमा नपरेका विविध जाति, संस्कृति, धर्म अनुसारका कथाहरूलाई यस वर्गभित्र राख्न सकिन्छ किनकि कतिपय लोककथाहरू श्रोताको मनमा कुतूहल जगाई मनोरञ्जन दिने मात्र उद्देश्यले पनि सिर्जना गरिएका हुन्छन् । कतिपय लोककथाहरू बालबालिकालाई भुलाउनको लागिमात्र पनि सिर्जना गरिएका हुन्छन् । यस्ता लोककथाहरूलाई विविध लोककथाको दर्जा दिन सकिन्छ ।

भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित लोककथाहरूको वर्गीकरणलाई निम्न तालिकामा पनि देखाउन सकिन्छ ।

| क्र. सं. | शीर्षक | सामाजिक | ऐतिहासिक तथा ... | पशुपंक्षी | उपदेशात्मक | कारणनिर्देशित | अनुश्रुति | मिथक | अतिरञ्जित |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सौतेनी आमा | + | - | + | + | - | - | - | + |
| २ | जुकाको गुद्द्वार | + | - | - | - | + | - | - | - |
| ३ | नरसिंहको घण्टा र खापीमा माछा | + | - | - | + | + | - | - | - |
| ४ | टौमढीस्थित भैरबको कथा | | + | - | + | - | + | - | - |
| ५ | नवदुर्गा गणको कथा | + | + | - | + | + | + | - | + |
| ६ | विश्वध्वजाको कथा | + | + | - | + | + | + | - | - |
| ७ | महाकाली-महालक्ष्मीको कथा | - | - | - | - | + | - | + | - |
| ८ | बाँदर र मानिस | - | - | + | - | + | - | - | + |
| ९ | तिथ्रो र फ्याउरो | - | - | + | + | - | - | - | + |
| १० | एकताको बल | + | - | - | + | - | - | - | - |

माथिको तालिकाबाट भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित लोककथाहरूको अवस्थाबारे सजिलैसँग आँकलन गर्न सकिन्छ ।

### ३.२.१० निष्कर्ष

यसरी भक्तपुर जिल्लामा प्रचलित लोककथाहरूलाई नौ भागमा विभाजन गरिएको छ । माथिको विश्लेषणबाट भक्तपुर जिल्लामा सामाजिक, कारणनिर्देशित, तथा उपदेशात्मक कथाहरू बढी प्रचलित रहेका छन् । यहाँको लोककथामा पनि अन्य स्थानहरूमा झैं स्थानीयताकै प्रबलता रहेको छ । यहाँका प्रचलित लोककथाहरूले यहाका रीतिरिवाज, चालचलन, सुख-दुःख, हर्ष-विस्मातका कुराहरूलाई आफूसँग सङ्गालेका छन् । यहाँका लोककथाहरूले यहाँका बासिन्दाहरूहरूको संस्कृति, चालचलनका साथै मनोरञ्जनको माध्यमबाट उपदेशहरू समेत दिन सफल भएका छन् ।

## ३.३ भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित लोककथाहरूको सङ्कलन र विश्लेषण

### ३.३.१ सौतेनी आमा कथाको विश्लेषण

#### ३.३.१.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको दक्षिण पूर्वी भेगमा प्रचलित लोककथा हो । यो कथा भक्तपुर जिल्ला सिपाडोल गाविस-९ (हाल सूर्यविनायक नगरपालिका-८) ननाबुँ भन्ने ठाउँमा बस्ने तथा स्थानीय गणेश मावि सिपाडोलमा कक्षा -१० मा अध्ययनरत रविना मचामसीबाट वि.सं. २०७०/१/२५ गते सङ्कलन गरिएको हो । यस कथामा एक सौतेनी आमाको लागि आफ्नो लोग्नेको पहिलाको श्रीमतीका सन्तान कति घाँडो हुने रहेछ भन्ने देखाउँदै आफ्नो सौताको सन्तानलाई आफ्नो बाटोबाट हटाउन जुनसुकै कार्य गर्न पनि पछि नपर्ने कुरा देखाइएको छ । कथामा एक छोरी भएका व्यक्तिसँग सौता बन्न आउने सौतनी आमाले सुरुमा उक्त छोरीलाई माया गरेजस्तो देखाएपनि पछि गएर उक्त छोरीलाई आफ्नो बाटोबाट हटाउन बाघ, भालु जस्ता हिँस्रक जनावर भएको जङ्गलमा एक्लै पठाउनेदेखि लिएर विष खुवाएर मार्ने कार्यसम्म पनि गर्न पुग्छिन् । तर जनावरहरूमा पनि मानवीय संवेदना भएको देखाई त्यही जनावरहरूको सहयोगमा उनी बाँच्न मात्र हैन कि दैवसंयोगका कारण उनी महारानी बन्नेसम्मको कुरा पनि कथामा अगाडि सारिएको छ । कथामा जनावरहरूले पनि मानिसले झै बोल्ने तिलस्मीका कुरालाई समेत समेतिएको छ ।

### ३.३.१.२ कथाको मूलपाठ

एकादेशमा एउटा सानो गाउँ थियो र त्यस गाउँमा एउटा सानो घर थियो । त्यस घरमा आमाबुबा र एउटी सानी नाम गरेकी छोरी मात्र थिए । एकपटक आमा बिरामी पऱ्यो । जतिसुकै उपचार गर्दा पनि केही नलागी आमाको अनायासै मृत्यु भयो । आमाको मृत्युले उक्त घरमा बेहालको अवस्था सिर्जना भयो । सानोभन्दा सानो काम पनि छोरीको काँधमा आइपर्दा बुबालाई पनि नराम्रो लागिरहेको थियो । त्यसैले बुबाले परिवारको खुशीको लागि भन्दै अर्के केटी विवाह गऱ्यो । तर आफूलाई सौतेनी आमा भित्र्याइएकोमा सानी भने खुशी भएकी थिइनन् ।

त्यसो त सौतेनी आमाले बाहिरबाहिर सानीलाई माया गरेको जस्तो पनि व्यवहार गर्ने गरेकी थिइन् तर सानीलाई उसकी सौतेनी आमाको माया सबै देखावटी जस्तै मात्र लाग्छ र वास्तवमा सौतेनी आमालाई पनि सानी आँखाको कसिङ्गर बनिसकेकी थिइन् । जसरी भएपनि सानीलाई आफ्नो बाटोबाट हटाउन चाहन्थिन् उसकी सौतेनी आमा । समय बित्दै जाँदा सानीलाई उसकी सौतेनी आमाले सबै काम गराउने तथा उनको नभएको दोष पनि बनाईबनाई खान नदिने तथा पिट्ने गर्न थालिन् । त्यसका साथै सानीलाई विभिन्न काम गर्न पठाएर सौतेनी आमाले मात्र मिठोमिठो खाने गर्न थाले । त्यसरी खाइरहेको कहिलेकाही सानीले देख्दा सौतेनी आमा रिसले चुर हुन्थिन् । र, सानोभन्दा सानो हरेक कुरामा निहुँ खोजेर सानीलाई पिट्ने कार्य जारी राख्ने गर्थिन् तर यति हुँदाहुँदै पनि सौतेनी आमाको चित्त भने बुझेको रहेनछ । सौतेनी आमा सानी कहिले पनि घरमा आउँदै नआओस् भन्ने उपाय सोचिरहन्थिन् ।

एकदिन त सौतेनी आमाले एउटा ठूलै निर्णय लिइन् । त्यो हो सानीलाई घाँस काट्ने बहानामा जङ्गल पठाउने र बाघद्वारा आक्रमण गराएर मार्ने । त्यसैले सानीलाई बोलाएर सौतेनी आमाले भनिन्, 'हेर सानी भोकाएर गाइवस्तु निकै कराएको छ । त्यसैले तिमी आज जङ्गलको बीचमा समेत गएर घाँस काटेर ल्याऊ है । फेरि तिमी डरलाग्यो भने नजालाउ नि । तिमी जङ्गलको बीचसम्म गएर घाँस काटेर ल्याएनौं भने खाना नपाउने मात्र हैन, पिटाइ पनि मज्जाले खाऔली नि है ।' विचरी सानी आफ्नी सौतेनी आमाको कुरा सुनेर मनमा डर तथा चिन्ता लिँदै डोको र नाम्लो बोकेर घाँस काट्नको निम्ति जङ्गलमा गइन् । यसरी सानी गएपछि उसकी सौतेनी आमा आज त अवश्य पनि बाघले सानीलाई खाइहाल्छ भन्दै मखख परेर बसेकी थिइन् ।

उता मनमा डर र चिन्ता बोकेर गएकी सानी जङ्गलको बीचसम्म पुगिछन् । र, उनी डराईडराई घाँस काट्न थालिछ । नभन्दै त्यहाँ कहाँकहाँबाट एउटा बाघ आइपुगेछ । बाघलाई देखेपछि सानी डरले थुरथुर काम्न थालिन् । सानी डराएको देखेर बाघले भन्यो, 'हाहा, मैले आज मान्छेको मासु खान पाउने भएँ, मलाई भोक पनि लागेको छ । अब म **तिम्**लाई खान्छु ।'

बाघको कुरा सुनेर सानी झन डराइन् र रुँदै बाघलाई भनिन् 'बाघ दाजु बाघ दाजु, मलाई नखानु न है । म जस्तो सानो व्यक्तिलाई खाएर तपाईले के नै पाउँनु हुन्छ र ! हेर्नु न म त मेरी सौतेनी आमाले **भन्नुभा'को**ले मात्र यहाँसम्म घाँस काट्न आ**'की** हुँ । मलाई आमाले घरमा पनि राम्ररी खान पनि दिनुहुन्न, सधैं पिट्नुमात्र हुन्छ । म त कति अभागी ..... ' सानी रुन थालिन् । यसरी सानी रोएको देखेर बाघलाई पनि माया लागेछ र भन्यो, 'भैगो । आज म तिमीलाई खान्नँ । आज म संसारमा कहिल्यै नभएको कुरा गर्दैछु । प्राणी जगतको इतिहासमा आजसम्म कुनै बाघले मान्छेलाई सहयोग गरेको प्रमाण छैन । तर तिमी त्यस्तो भाग्यमानी मानव बन्नेछौं, जसलाई स्वयम् बाघले समेत सहयोग गरेको हुन्छ । आज म तिमीलाई नखाने मात्र हैन, तिम्रो नपुगेको घाँस पनि पुऱ्याउन सहयोग गर्दछु ।' भन्दै बाघले घाँसको भारी पुऱ्याउन सानीलाई सहयोग समेत गर्न थाल्यो । जब भारी पुग्यो, तब फेरि बाघले भन्यो, 'सानी म तिमीलाई एउटा **चिन्ह** चिनो लगाएर पठाउँछु, जसले गर्दा तिमीलाई अरू कोही जनावरले पनि दुःख दिँदैन र सबै जनावरसँग कुरा पनि गर्न सक्ने बन्छ्यौ ।' भन्दै बाघले सानीलाई एउटा चिनो पनि लाइदियो र सानीलाई कुनैबेला दिक्क लागेमा यहाँ आऊ ल भन्दै पठायो । सानी पनि मख्ख पर्दै भारी बोकेर घरतिर लागिन् । बाटोमा सबै जनावरहरूसँग कुराकानी गर्दै साथी बनाउँदै उनी घरमा गइन् ।

अब त सानीलाई बाघ तथा अरू जनावरहरूले मारेर पनि खाइसकेको हुन्छ भन्दै मख्ख परेर सानीकी सौतेनी आमा सातु खाएर बसेकी थिइन् । तर जब सकुशल सानी घर पुगिन्, तब सौतेनी आमालाई अत्यन्तै रिस उठ्यो । अब सानीलाई जसरी भएपनि आफ्नो बाटोबाट पञ्छाउने कुरामा सौतेनी आमा लाग्न थालिन् । त्यसैले खानामा विष राखेर भएपनि मार्नुपऱ्यो भनी सानीको खानामा विष मिसाइदिइन् । तर यो कुरा त्यही घरको एउटा मुसोले देखेको रहेछ । बाघले लाइदिएको चिनो भएकोले मुसाले पनि सानीलाई त्यस खानामा विष भएको कुरा बताइदियो । आफूलाई मार्न आफ्नी सौतेनी आमाले खानामा समेत विष हालिदिएको कुरा थाहा पाएपछि सानीलाई साऱ्है दिक्क लागेछ र त्यही रात घरबाट निस्केर जङ्गलको बाटोतिर लागिछन् । जङ्गलमा सानीलाई जनावरहरूलाई आफ्नो दुःखका कुराहरू भनिन् र जनावरहरूले पनि त्यसोभए यही जङ्गलमा मिलेर बस्ने कुरा गरे । अनि सानी त्यही जङ्गलमा बस्न थालिन्, जनावरहरूसँग मिलेर । सानीले त्यस जङ्गलमा एउटा बाँदरलाई विशेष साथी बनाइन् र उसँग मिलेर बसिन् । बाँदरले भोक लागेको बेलामा सानीलाई विभिन्न फलफूलहरू तथा अन्य खानेकुराहरू ल्याइदिने गर्न थालिन् । त्यस्तो खानेकुरा खान पाएकोमा सानी पनि झन्झन् राम्री हुँदै गइछन् ।

एकदिन सानी र बाँदर फलफूल खाँदै गफ गरिरहेको बेलामा एकजना राजकुमार सिकार खेल्दै त्यस ठाउँमा आइपुगे । सानी र बाँदर त्यसरी गफ गरिरहेको देखेर राजकुमारलाई साऱ्है अचम्म लागेछ । आफ्नो जिज्ञाशा मेटाउन सानीको नजिकै आई राजकुमारले साधे, 'देवी तिमी को हौ र कसरी यस वनमा पुग्यौ ? साथै यी **जानावरहरू**सँग कसरी कुरा गर्न सक्ने भयौं ?'

राजकुमारको प्रश्न सुनेर सानीले सबै कुरा बताइन् । सानीको कुरा सुनेर राजकुमारले सानीसँग बिहे गर्ने प्रस्ताव राखे । राजकुमारको कुरा अरू जनावरहरूलाई पनि मनपर्छ र, अरू जनावरहरूले पनि त्यही राजकुमारसँग बिहे गर्न सानीलाई सुझाव दिए । अनि सानीले पनि राजकुमारसँग बिहे गर्न सहमति दिइन् ।

सानीसँगको बिहेमा राजकुमारले त्यहाँका जनावरहरूलाई पनि खुवाए र बिहे गरेर सानीलाई दरबारमा पनि लगे । र, रानी बनाएर राखे । रानी भएपछि पनि सानी भने जनावरहरूलाई भेट्न जङ्गलमा गइरहन्छिन् ।

## ३.२.१.३ सौतेनी आमा कथाको तत्त्वगत विश्लेषण

### ३.२.१.३.१ कथावस्तु

यस कथाको प्रारम्भ सानीको आमा बिरामी भएर मरेपछि बुबाले सौतेनी आमालाई घर भित्र्याइएको घटनाबाट गरिएको छ । उक्त सौतेनी आमाले सुरुमा माया गरेजस्तै गरेर व्यवहार गरेपनि सौतेनी छोरी सानीलाई आफ्नो बाटोबाट हटाउन सानीको हरेक कार्यमा निहुँ खोज्नुका साथै जङ्गली जनावरहरूबाट मार्न एक्लै बीच जङ्गलमा पठाउँनु र त्यसबाट पनि उम्केपछि आफैले विष दिएर मार्न खोज्नु चरमोत्कर्ष भाग हो । अनि आफ्नो सौतेनी आमाको व्यवहार सहन नसकी सानी फेरि वनमै जानु सङ्घर्षन्हास हो र त्यसरी वनमा गएपछि सिकार खेल्न आएको राजकुमारीले सानीलाई मन पराई बिहे गरेर रानी बनाउनु र सानीले जनावरको माया बिर्सन नसक्नु समापन भाग हो । प्रस्तुत कथामा सौतेनी आमाले सानीलाई हटाउन सानोभन्दा सानो कुरामा पनि गाली गर्नेदेखि लिएर केही नखुवाउने, आफूमात्र मिठो खाई सानीलाई एक्लै जङ्गल पठाएर जङ्गली जनावरमार्फत मार्न लगाउने प्रयास गर्दा पनि विफल भएपछि आफैले विष खुवाई मार्नेसमेत काम गरेकी छन् । तर कथाको अन्त्यमा जङ्गली जनावरहरूको सहयोगमा सानीले बाँच्नु पाउनुको साथै एकजना राजकुमारसँग बिहे गरी महारानीसम्म बन्ने अवसर प्राप्त गरेको घटनामा टुङ्ग्याइएकोले कथा संयोगान्त बन्न पुगेको छ । यो कथा पूर्ण र रोचक भएकोले एक सफल कथा मान्न सकिन्छ ।

### ३.३.१.३.२ पात्र

यस कथामा मानव र मानवेतर पात्रको प्रयोग भएको छ । मानवको रूपमा सानी, सानीकी सौतेनी आमा, राजकुमार जस्ता पात्रहरू आएका छन् भने मानवेतर पात्रको रूपमा बाघ, मुसाजस्ता पात्रहरू आएका छन् । यस कथामा प्रमुख पात्रको रूपमा सानी आएकी छन् र सम्पूर्ण कथा उनै सानीको सेरोफेरामा केन्द्रित रहेको छ । कथामा आफूलाई आफ्नी सौतेनी

आमाले जतिसुकै हेला गरेपनि, गाली गरेपनि, नखुवाएपनि सानी आफ्नो काम गरिरहन्छिन् । सानीको जीवनमा ठूलठूला मोडहरू आउँछन् तर सौभाग्यले विभिन्न जनावरहरूको साथ र सहयोगमा उनी बच्न सफल हुन्छिन् । उनी कथाको सुरुदेखि अन्त्यसम्म उपस्थित भई विभिन्न आरोह-अवरोहलाई पार गर्दै कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी छन् । कथामा खलपात्रको रूपमा भने सौतेनी आमा उपस्थित भएकी छन् । उसले सुरुमा आफ्नी सौतेनी छोरीलाई माया गरेको जस्तो व्यवहार गरेपनि भित्रभित्र उसको मनमा सौतेनी छोरीप्रति निकै घृणा उत्पन्न भएको हुन्छ । त्यसलाई उक्त छोरीलाई हटाउने सानोभन्दा सानो कुरामा सानीलाई गाली गर्नेदेखि लिएर खान नदिने, काम मात्र गराउने र अन्त्यमा मार्नको लागि एक्लै टाढा जङ्गलमा जान बाध्य पार्ने समेत गर्न पुगेकी छन् । जङ्गली जनावरमार्फत मार्न भनी पठाएकी सानी बचेर आएको देखेपछि उसलाई आफैले विष खुवाएर मार्ने काममा समेत अघि सरेकी छन् उनी । कथाका राजकुमार सहयोगी पात्रको रूपमा आएको छ भने सानीको बुबा निकै नै गौण पात्रको रूपका आएको छ । साथै बाघ, मुसाजस्ता मानवेतर पात्रहरू पनि सानीको सहयोगी पात्रको रूपमा कथामा उभ्याइएको छ । प्रस्तुत कथामा असल पात्रको रूपमा सानी, बाघ, मुसा तथा राजकुमार रहेको छ भने खराब पात्रको रूपमा सौतेनी आमा र बाबु आएका छन् ।

### ३.३.१.३.३ परिवेश

प्रस्तुत कथा लौकिक परिवेशमा निर्माण गरिएको एक पारिवारिक कथा हो । कथाको प्रकृति हेर्दा कथाले ग्रामीण परिवेशको एकान्त वातावरणलाई चित्रण गरिएको छ । घाँस काट्नको लागि जङ्गलमा जानु, जङ्गलमा बाघ, भालु हुनु, घरमा मुसा हुनु, तथा जङ्गलमा राजकुमार सिकार खेल्नु आउनु जस्ता घटनाले ग्रामीण परिवेश नै जनाउँछ । कथामा मुसा, बाघ आदिले पनि मानवले झैं व्यवहार गरी सानीलाई साथ दिनुले केही मात्रामा अलौकिक अन्धविश्वासलाई पनि स्थान दिएको पाइन्छ । तरपनि कथाले पारिवारिक वातावरणकै चित्रणलाई महत्त्व दिएको छ ।

### ३.३.१.३.४ द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक तथा बाह्य दुवै किसिमको द्वन्द्वलाई समावेश गरिएको छ । आन्तरिक द्वन्द्वको विस्फोट भएर बाह्य व्यवहारमा समेत छटाछुल्ल भएको कथामा देखाइएको छ । कथाकी प्रमुख पात्र सानीमा आफ्नी सौतेनी आमाले अनावश्यक रूपमा गाली गर्दा, विष खुवाई मार्न खोजेको थाहा पाउँदा, जङ्गलमा एक्लै पर्दा, तथा राजकुमारले बिहेको प्रस्ताव राख्दा आन्तरिक द्वन्द्वको सिर्जना भएको छ भने आफ्नी सौतेनी आमाले विष खुवाई मार्न

लागेको कुरा थाहा पाउँदा उसको आन्तरिक द्वन्द्वको चरम उत्कर्षमा पुगी निरास भएर घर छोडी हिँड्न पुगेकी छन् । उता उसको सौतेनी आमाको पनि आन्तरिक तथा बाह्य द्वन्द्वलाई यस कथाले औधि मार्मिक  रूपमा व्यक्त गरेको छ । यसरी प्रस्तुत कथा द्वन्द्वका दृष्टिकोणले आन्तरिक र बाह्य रूपमा सबल भएको देखिन्छ ।

### ३.३.१.३.५ उद्देश्य

तिलस्मी तथा भाग्यलाई समेत विश्वास गरिएको यस कथाबाट कोही पनि व्यक्ति अनाथ तथा कमजोर हुँदैमा हेला गर्न नहुने र तिनीहरूको पनि भाग्य फर्कन्छ भन्ने नीति शिक्षा दिँदै मनोरञ्जनसमेत प्रदान गर्ने उद्देश्य लिइएको देखिन्छ । यस कथाबाट सानीका बुबा जस्तै हरेक कुरामा बेमतलवी हुन नहुने तथा सानीजस्तो असल हुन सके प्रकृतिले पनि साथ दिने उद्देश्य रहेको छ ।

### ३.३.१.३.६ भाषा

यस कथा सरल र सहज भाषामा प्रस्तुत गरिएको छ । यसमा कहीं कतै स्थानीय भाषिकाको पनि प्रयोग भएको पाइन्छ ,

| कथामा प्रयुक्त भएका भाषा | मानक लेख्य रूप |
|---|---|
| तिम्ले | तिमीले । |
| भन्नुभाको | भन्नुभएको |
| आकी | आएकी |
| जानावर | जनावर |

यसरी कथामा कथ्य भाषाको प्रयोग व्यापक रूपमा भएको देखिन्छ ।

### ३.३.१.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ ।

### ३.३.१.३.८ निष्कर्ष

यस कथाको शीर्षक 'सौतेनी आमा' राखिएको छ । शीर्षक अनुसार कथावस्तु अगाडि बढेको हुनाले शीर्षकलाई सार्थक मान्न सकिन्छ । यसमा सौतेनी आमाले आफ्नी सौतेनी छोरीहरूमाथि कसरी दुःख दिन्छन् र मार्नसम्म पनि पछि पर्दैनन् भन्ने कुरालाई अगाडि सारिएको छ । यो आदि, मध्य तथा अन्त्यको श्रृङ्खलाबद्धरूपमा अगाडि बढेको रेखित ढाँचाको पूर्ण कथा हो । यसमा आदि र मध्य भागमा सानीले दुःख पाएपनि अन्त्यमा सुखमा टुङ्ग्याइएकोले यसलाई संयोगान्त सामाजिक कथा मान्न सकिन्छ ।

## ३.३.२ जुकाको गुद्द्वार

### ३.३.२.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको पूर्वी भेगमा पर्ने भक्तपुर नगरमा प्रचलित लोककथा हो । यो कथा भक्तपुर नगरपालिका वडा नं. ९ व्यासीमा बस्ने हरिलक्ष्मी सुवालबाट वि.सं. २०७० वैशाख २७ गते सङ्कलन गरिएको हो ।

यस कथामा आफ्नी आमाको वचन राख्न आफ्नो जीवनको समेत परवाह नराखी काम गर्ने छोराको प्रवृत्ति तथा छोरालाई असाध्य माया गर्ने एक सच्चा आमाको श्रापबाट स्वयम् प्रकृति पनि मुक्त हुन सक्दैनन् भन्ने कुरा दर्शाइएको छ । कथामा आमालाई कहिल्यै धोखा दिन नजान्ने छोराले सुरुमा जुकाको डरका कारण खेतमा काम गर्न नगएपनि पछि आफ्नी आमाको वचन पूरा गर्न ज्यानसमेत परवाह नगरीकन काम गर्छ । तर दुर्भाग्यः त्यही कामबाट उक्त छोराको मृत्यु हुन पुग्दछ । जसको कारण एक पतिव्रता तथा सच्चा आमाको अन्तरदिलबाट श्राप दिन पुग्दछ र त्यसले गर्दा प्राकृतिक तथा सांस्कृतिक पक्षमा समेत असर पर्ने गर्दछ ।

### ३.३.२.२ कथाको मूलपाठ

परापूर्वकालमा भक्तपुरको एउटा घरमा आमा र छोरामात्रै बस्ने गर्दथे । तिनीहरूका खेत भने भक्तपुर जिल्लाकै दक्षिणी भेगमा रहेछ । किसानको जात, अरू काम केही थिएन, त्यसैले खेतीपाती नै जीवन बाँच्ने आधार ।

यसै क्रममा आषाढको रोपाई पश्चात आमाले आफ्नो छोरालाई बोलाएर भनिछन् , 'हेर छोरा, **वा बुँ** (धानबारी)मा गोडमेल गर्न सकेन भने बाली पनि राम्रो हुँदैन । त्यसैले **टिमी** (तिमी) धानको बारीमा गएर त्यहाँ उम्रेका झारपातहरू उखेल्नू, बालीमा केही रोग लागेको छ कि छैन हेर्नू । के गर्ने हेरविचार गरेनौं भने कुनै पनि बाली राम्रो हुँदैन । त्यसैले टिमी ज्ञानी भएर जानू है ।' आमाको कुरा सुनेर 'हस्' भन्दै छोरा पनि खेततिर गएछन् । तर छोररालाई पऱ्यो बडो फसाद ! खेतमा त जुकाहरू टन्नै रहेछन् । ती जुकाराहरू देखेर उक्त छोरा त दुर्दहाइ । खेतको जुका देखी,  धानबारीमा बुट्टा टिप्ने कार्य गर्न त के खेतमा पस्न नै उनको आङ् सिरिङ्ग हुन्थ्यो । त्यसैले उनी दिनभर अन्तै डुलेर आउने रहेछन् र घरमा आमाले काम गऱ्यौ त भनी सोध्दा 'अँ गरें' अलिकति बाँकी छ ,' भनी जवाफ दिने गर्दा रहेछन् । एवंरितले दिनहरू बित्दै थिए । १ दिन,  २ दिन, ३ दिन....................।

करिब १ हप्तापछि आमाले छोरालई भनिछन् , 'हेर छोरा, मैले टिमीलाई मात्र काम गराएको पनि हप्तादिन भइसकेको छ । काम कतिको सिध्यो, कस्तो भयो केही थाहा पाएकी छैन । त्यसैले आज म पनि खेतमा आउँछु । तर तिमी अहिले गइराख्नु म **नसा** (खाजा) लिएर आउँछु ।' आमाको कुरा सुनेर छोरा पनि हस् भन्दै खेतमा गए । तर बडो अफसोच, हिजोसम्म त आमालाई ढाँटेर खाइयो तर आज त आमा नै खेतमा आउने भो । ढाँटन सकिने त अवस्थै थिएन । त्यसैले जसरी भएपनि काम गर्नुपर्छ नत्र त आमाले निकै गाली गर्नुहुन्छ । सके १/२ झापड पनि दिइन्छ र भरेको भात पनि नपाउने हुन्छ होला । यस्तै कुरा सोचेर छोराचैले जसरी भएपनि आज खेतमा कामै गर्छु भनी खेतमा पस्ने आँट गरे । तर खेतका जुकाहरू ................ बाफरेवाफ ! लाग्छ, उक्त व्यक्ति खेतभित्र पस्ला र रगत चुसुँला भनी पर्खेर बसिरहेका छन् । सबैले नै  टोके भने त सीधै परम्धाम । उनले यही सोचे ।

काम गरौं जुकाले टोकेर मर्ने डर , काम नगरौं आमाको गाली र झापड खानुपर्ने । खै के गर्ने के ? उनी सार्है असमञ्जसमा परे । एक मनले त भन्यो आमाको गाली तथा झापड खाँदैमा के हुन्छ र ? ज्यानकै माया मारी को त्यस्तो खेतमा पसिराख्छ र ! फेरि अर्को मनले भन्यो, आँ यसरी समस्यादेखि तर्सेर जीवनमा कसरी उँभो लाग्न सक्छ र ! आज जाबो जुकादेखि डराउनेले भोलि के गर्न सक्ला र ! त्यसैले तिमीले यो आँट गर्नैपर्छ । फेरि यस्तो समस्यादेखि कहिलेसम्म भाग्ने र कहाँसम्म भाग्ने ? यस्ता समस्याहरू त जीवनमा आइरहन्छ । हामीले त जीवनमा समस्यादेखि भागेर हैन, सामना गरेर सफल हुन सक्नुपर्छ । त्यसैले कुँद तिमी खेतमा, आँट, जे पर्छ पर्छ, टरिहाल्छ । आखीरमा दोस्रो मनले नै जित्यो । आफ्नो मनलाई दरिलो बनाउँदै उनी बुटा टिप्न धानबारीमा पसिहाले । अनि त के छ र ! अघिदेखि उनी खेतमा पस्ला र रगत चुसुँला भनी पर्खेर बसेका जुकाहारुको लागि दसैं त आइहाल्यो नि । उनी खेतमा पस्ने बित्तिकै सबै जुकाहरूले उनलाई आक्रामण गरिहाले ।

तत्कालीन समयमा जुकाको चाख पनि खुल्लै थियो । त्यसैले जुकाहरूले मुखबाट रगत चुस्दै मलद्वारबाट फाल्दै गरे । तर आमाको गाली र पिटाइ तथा कुनै हालतमा समस्यादेयखि नझुक्ने प्रणले गर्दा उनी हरेक पीडालाई सहँदै खेतमा काम गरिरहे । जुकाहरूले उनको रगत चुस्दै फाल्दै गरेकोले पूरै खेतको पानीमा रगत मिसियो र अत्यधिक रक्तश्रावका कारण उनको प्राणपखेरुसमेत उड्यो ।

आफ्नो छोरोको काम हेर्न भनी त्यसदिन आमापनि खाजा बोकेर खेतमा आइपुगिन् । सुरुमा त काम पनि केही नसकिएको तथा छोरापनि त्यहाँ नदेखिएको पाएपछि आफ्नो छोरा कामचोर भएको भनी रिस पनि नउठेको हैन, तर जब उनले आफ्नो छोराको लुगाफाटा देखे र छोरा देखेनन् उनको मनमा चिसो पस्यो ।  उनले आफ्नो छोरालाई नदेखि उताउता खोजिन र बोलाइन् पनि तर कहीँ कतैबाट उत्तर आएन । मनमा अनेकौं कुराहरू खेलाउँदै जब उनी खेतमा पसिन् त खेतको पानीमा रगत मिसिएको पाइन् । पानीमा रगत मिसिएपछि उसको त होसहवास् नै उड्यो । उनी एकपाइला अगाडि बढाउछिन् त आफ्नो छोराको निस्प्राण शरीर खेतको बीचमा लडिरहेको पाइन् । आफ्नो छोराको त्यस्तो अवस्था देखेर उनी अचेत झैं बनिन् । उनको टेक्ने लौरो भाँचियो,  मुटुको टुक्रा छिनालियो, ह्दियमामा सागरभन्दा गहिरो घाउ लाग्यो । । लाग्छ, उनको शरीर त बाँकी छ तर प्राण उही छोरासँगै गएको छ । आफ्नो छोरासँगको विछोडमा विक्षिप्त भएकी आमाले तत्कालै श्राप दिइन, 'मेरो निर्दोष छोरालाई निर्दयी जुकाहरूले टोकेर अत्यधिक रगत बग्दा आज मेरो सन्तान विना कारण अकाल मृत्युको मुखमा परेका छन् ।  जबसम्म जुकाको मलद्वार हुन्छ तबसम्म यसरी नै विभिन्न व्यक्तिहरूको ज्यान लिइरहन्छ , त्यसैले आजबाट कोही पनि जुकाको मलद्वार नहोस्, जसले गर्दा एउटा जुकाले यसरी व्यक्तिको रगत खाँदै फाल्दै गर्न नसकोस् ।'

यसरी एक आमाको दुःखेको मनले सरापेको हुँदा त्यसदिनदेखि जुकाहरूको एकातिरमात्र द्वार बाँकी रहेको बताइन्छ । साथै उक्त छोरा श्रावण शुक्ल  द्वादशीका दिनमा मरेको हुनाले त्यसदिन धानमा गोडमेल गर्न जानुहुँदैन भन्ने पनि भनाइ रहिआएको छ ।

### ३.३.२.३ जुकाको गुद्द्वार कथाको तत्त्वगत विश्लेषण

#### ३.३.२.३.१ कथावस्तु

यस कथाको प्रारम्भ आमा र छोरामात्र बसिरहेको घरमा आमाले छोरालाई धानको बारीमा उम्रेको झारपात उखेल्न अऱ्हाउनुबाट भएको छ ।  अनि छोरा खेतमा जानु तर खेतको जुकाहरूदेखि डराएर खेतमा नपस्नुबाट कथा अगाडि बढाइएको छ । कथामा आफ्नी आमा खेतमा आएपछि आफ्नो डरलाई छोडेर खेतमा पस्नु चरमोत्कर्षको भाग हो र त्यसलाई

जुकाहरूले टोकेर मर्नु सङ्घर्षञ्हास हो । अनि जुका आफ्नो छोराको मृत्युको वियोगमा सम्पूर्ण जुका जातिमाथि सराप्नु कथाको समापन हो । कथामा आमाको आज्ञापालन गर्न नडराईकन खेतमा पसेको छोरालाई जुकाले टोकाई मृत्युमा अन्त्य गराइएकोले कथा वियोगान्त बन्न पुगेको छ । यसरी विभिन्न घटनाहरूको संयोजनबाट कथा पूर्ण तथा सफल एवम् रोचक र ञ्हिदयस्पर्शी बन्न पुगेको छ ।

### ३.३.२.३.२ पात्र

प्रस्तुत कथा मानव पात्रहरूको प्रमुख भूमिका रहेको छ भने मानववतर पात्र जुकाको निकै नै गौण भूमिका रहेको छ । यसमा प्रमुख पात्रको रूपमा 'छोरा' आएको छ । र, उसैको सेरोफेरोमा कथा घुमेको छ । उसले आफ्नो अज्ञानताबस जतिसुकै जुकाले टोक्दा पनि वास्ता नगर्दा आफ्नो ज्यानै गएको छ । कथामा उनी आफ्नो आमाको कुरा हरेक किसिमबाट पूरा गर्ने आज्ञाकारी पुत्रको रूपमा आएको छ । तर कथाको प्रकृतिअनुसार उनी पाको बुद्धि नभएका किशोर अवस्थाको ठिटो हो, जो आमाको हरेक कुरा त मान्छ तर सानोतिनो कुरादेखि डराउँछ र पाको निर्णय गर्न असमर्थ हुन्छ । त्यसैले उनी सुरुमा आफ्नो आमाको आज्ञाअनुसार जुकाको डरले खेतमा जान डराएपनि पछि जान्छ तर आफूलाई जुकाले जतिसुकै टोकेपनि उनी समयअनुसार सही निर्णय गर्न असक्षम हुन्छ । जसले गर्दा उनको प्राण नै गएको हुन्छ । कथामा छोराको आमाको भूमिका पनि प्रमुख नै रहेको छ । त्यही आमाको आमाको श्रापबाट समग्र जुका जातिलाई नै प्रभाव परेको देखाइएकोबाट पनि कथामा आमाको भूमिका प्रष्ट हुन्छ । कथामा उनी आफ्नो छोरालाई अति माया गर्ने तथा पतिव्रता एवम् धार्मिक एवम् आध्यात्मिक शक्तिमा विश्वास गर्ने नारीको रूपमा उपस्थित भएकी छन् । उनी आफ्नो छोरालाई तत्कालीन समयअनुसार हरेक कुराबाट सक्षम बनाउँन चाहन्छिन् । त्यसैले उनी आफ्नो छोरालाई धानबारीमा झारपात उखेल्न अञ्हाउँछिन् । तर जब उनी आफ्नो छोरा खेतमा गएको छ कि छैन भनी हेर्न जाँदा आफ्नो छोराको मृत शरीर तथा मृत्युको कारणसमेत थाहा पाइन्, तब उनको ञ्हिदय छियाछिया हुन्छ र उनी श्राप दिन पुग्छिन् । उनको श्राप लागेको देखाइएबाट उनलाई अलौकिक शक्तिले युक्त नारीको रूपमा पनि लिन सकिन्छ । कथामा गौण पात्रको रूपमा जुकाहरू पनि आएका छन् । पहिलापहिला जुकाहरूको मुख र मलद्वार दुवै हुने मात्र नभई मुखले जति रगत चुस्छ, त्यति नै मात्रामा मलद्वारबाट फाल्ने पनि विश्वास गरिन्थ्यो तर जब एक मातृस्नेहयुक्त श्राप जुकामाथि पर्छ, तब जुकाजातिको मलद्वार नै बन्द भएको र त्यसबेलादेखि जुकाले जति रगत चुसे पनि मलद्वारबाट फाल्न नसक्ने हुँदा आफ्नो शरीरभरि मात्र रगत चुस्न सक्ने भएको मान्यता रहेको छ । यसरी कथामा मानव पात्र आमा र त्यसका छोरा असल पात्रको रूपमा आएका छन् भने मानवेत्तर पात्र जुका खराब पात्रको रूपमा आएको छ ।

### ३.३.२.३.३ परिवेश

यस कथा पनि लौकिक परिवेशमा निर्माण गरिएको एक पारिवारिक कथा नै हो । कथाको प्रकृति हेर्दा कथाले नगर उन्मुख रहेको बस्ती र त्यसको आसपासमा रहेको खेतको वातावरणलाई चित्रण गरिएको छ । धानको बालीमा झारपात उखेल्नको लागि छोरालाई अऱ्हाउनु, छोराले जुकादेखि खेतमा नपसी अन्त खेल्न जानु, पछि आमा पनि हेर्न आउँछु भनी खाजा बोकेर आउनु तथा आमा आउने भएपछि जसरी भएपनि झारपात उखेल्न बाध्य हुनु र जुकाले टोकी मर्नु जस्ता घटनाले नगरमा घर भएको र त्यसको केही टाढा नै खेत रहेको एउटा नगरउन्मुख बस्तीलाई नै जनाउँछ । कथाले जुकाको मलद्वार खुल्ला हुनाले मानिसको चुसेको रगत जति मलद्वारबाट निस्कनु, जुकाले टोकेरै मान्छे मर्नु अनि एक आमाको श्रापबाट जुकाको मलद्वार नै सदाको लागि बन्द हुनु जस्ता घटनाले केही मात्रामा अलौकिक अन्धविश्वासलाई पनि स्थान दिएको पाइन्छ । अन्धविश्वासलाई प्रश्रय दिँदादिँदै कथाले कथाले पारिवारिक वातावरणकै चित्रणलाई महत्त्व दिई एक एक पतिव्रता नारीले इच्छाएको कुरा पूरा हुने सन्देश समेत दिएको छ ।

### ३.३.२.३.४ द्वन्द्व

जुकाको गुद्द्वार कथामा आन्तरिक तथा बाह्य दुवै किसिमको द्वन्द्वलाई समावेश गरिएको छ । कथाको प्रमुख पात्र छोरामा आमाको कुरा सुनी खेतमा झारपात उखेल्न जाँदा खेतमा जाने तथा नजाने विषयमा, अन्तिम अवस्थामा खेतमा जाँदा त्यहाँबाट बाहिर आउने कि नआउने भन्ने विषयमा आन्तरिक द्वन्द्वको सिर्जना भएको छ भने उसको प्राणै जाने अवस्थामा जुकासँग बाह्य द्वन्द्वको सिर्जना भएको छ । त्यस्तै कथाको अर्का प्रमुख पात्र छोराको आमामा पनि आफ्नो छोरा खेतको गएको विषयमा, आफू खेतमा जाँदा आफ्नो छोरा नदेख्दा तथा खेतको पानीमा रगत मिसिएको अवस्थामा आन्तरिक द्वन्द्वको समावेश भएको छ भने आफ्नो छोराको शव देखेपछि उनमा बाह्य द्वन्द्वसमेत उत्पन्न भएको र त्यही बाह्य द्वन्द्वको कारण उनले सरापसमेत दिन पुगेकी छन् । यसरी यस कथा आन्तरिक र बाह्य द्वन्द्वका रूपमा सबल भएको देखिन्छ ।

### ३.३.२.३.५ उद्देश्य

केही मात्रामा अध्यात्म, तिलस्मी तथा भाग्यलाई समेत विश्वास गरिएको यस कथाले भित्री सती पतिव्रता नारीको ह्दियबाट उब्जेको कुरामा सत्यता हुने कुरा एकातिर देखाइएको छ भने अर्कोतिर उक्त छोराले झै परिस्थितिलाई बेवास्ता गर्न नहुने सन्देशसमेत दिएको छ ।

समग्रमा यस कथाले वास्तवमा जुकाको मलद्वार किन नभएको भन्ने तत्कालीन जिज्ञाशालाई शान्त पार्न खोजिएको छ भने श्रावण शुक्ल द्वितीयाको दिन किन धानको खेतमा जानुहँदैन कुराको आधार पनि प्रस्तुत गरिएको छ ।

### ३.३.२.३.६ भाषा

यस कथा सरल र सहज भाषामा प्रस्तुत गरिएको छ । यसमा कहीं कतै स्थानीय भाषिकाको पनि प्रयोग भएको पाइन्छ ।

| **कथामा प्रयुक्त भएको भाषा** | **मानक लेख्य रूप** |
|---|---|
| वा | धान |
| बुँ | खेत |
| नसा बजी | खाजा |
| टिमी | तिमी |

यसरी यो कथा नेवार समुदायबाट लिइएको हुँदा नेवार प्रकृतिका शब्दहरू यस कथामा धेरै मात्रामा आएका छन् ।

### ३.३.२.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ ।

### ३.३.२.३.८ निष्कर्ष

यस कथाको शीर्षक जुकाको गुदद्वार राखिएको छ । कथाको प्रमुख उद्देश्य नै जुकाको गुद्द्वारबारे जानकारी दिनु रहेकोबाट शीर्षकलाई सार्थक मान्न सकिन्छ । यसमा पहिलापहिला जुकाको गुद्दार खुल्लै रहने र मुखबाट पिएको सबै पेय पदार्थ त्यही गुदद्वारबाट निस्कने र पछि एक आमाको श्रापका कारण समग्र जुकाजातिकै गुदद्वार बन्द भएको घटनालाई सिलसिला मिलाएर कथामा वर्णन गरिएको छ । यो कथाको रचना पनि आदि, मध्य तथा अन्त्यको श्रृङ्खलाबद्धरूपमै गरिएको छ भने कथा रेखित ढाँचाको रहेको छ । यसमा आज्ञाकारी

छोरा तथा सच्चा दिलकी आमा भएपनि अन्त्यमा छोराको मृत्युमा टुङ्ग्याइएकोले यसलाई वियोगान्त सामाजिक कथा मान्न सकिन्छ ।

### ३.३.३ नरसिंहको घण्टा र खापीमा माछा

#### ३.३.३.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको पूर्वी भेगमा पर्ने भक्तपुर नगरमा प्रचलित लोककथा हो । यो कथा भक्तपुर नगरपालिका वडा नं. २ जैँलामा बस्ने लान्थकू पोतामाहाँबाट वि.सं. २०७० वैशाख २७ गते सङ्कलन गरिएको हो ।

यस कथामा आफ्नी आमाको वचन राख्न आफ्नो जीवनको समेत परवाह नराखी काम गर्ने छोराको प्रवृत्ति तथा छोराको असाध्य माया गर्ने एक सच्चा आमाको श्रापबाट स्वयम् प्रकृति पनि मुक्त हुन सक्दैनन् भन्ने कुरा दर्शाइएको छ । कथामा आफ्नो घरको आर्थिक अवस्थालाई सुधार गर्न दिनरात नभनी काम गर्ने छोरा छोरा एक दिन मध्यरातमै माछा मार्न खेतमा जाँदा आफ्नो अज्ञानतावस चट्याङ्को सिकार हुन पुग्छ र त्यही चट्याङबाट उक्त छोराको मृत्यु हुन पुग्दछ । जसको कारण एक पतिव्रता तथा सच्चा आमाको अन्तरदिलबाट श्राप दिन पुग्दछ र त्यसले गर्दा प्राकृतिक तथा सांस्कृतिक पक्षमा समेत असर पर्ने गर्दछ ।

#### ३.३.३.२ कथाको मूलपाठ

परापूर्वकालको कुरा हो, जुनबेला मानिसले बोलेको कुरा साँच्चो हुने गर्दथ्यो, अर्थात मानिसको बोलीमा सत्यता लुकेको हुन्छ । जसरी कसैलाई आशिष दिँदा लाग्थ्यो, त्यसरी नै सरापेमा पनि लाग्ने गर्थ्यो ।

यस्तैमा भक्तपुर जिल्लाको दक्षिणी भेगमा पर्ने ‘खापी’ भन्ने ठाउँमा धेरै माछाहरू हुन्थे रे । यतिसम्म कि त्यहाँको एउटा खोलामा त जाल हानेर थापेपछि माछाहरू जालो भरि अड्थे रे । अलिकति बाँध बाँधेर पानीलाई झारेपछि त डोकोमै माछा थाप्न सकिन्थ्यो रे । त्यतिमात्र हैन, धानको बोट लगाइरहेको खेत (वाबुँ)का खेतमा समेत यति माछा हुन्थ्यो कि उक्त खेतको आलीमा भएको **बय**(पानी बग्ने भाग) मा **डाख्वाय्** (माछा थाप्न प्रयोग गरिने बाँसको भाँडो) राखेर माछा मार्न सकिन्छ ।

त्यतिबेला विहान सवेरै भक्तपुरको नरसिंह(नरसिङ्ग) मन्दिरमा घण्टा बजाउने गर्थ्यो र त्यसरी घण्टा बजाएपछि स्थानीय सर्वसाधारण लौ विहान भएछ भन्दै उठ्ने रहेछन् । अनि त्यसरी घण्टा बजाएपछि आमा र छोरामात्र बसिरहेको एक परिवारका छोरा  चै त्यही खापीमा माछा समात्न जाथ्यो र सोही माछा बेचेर आएको पैसाले उनीहरूको पारिवारिक गुजारा चलिरहेको रहेछ । माछा समात्नको लागि उनीहरूले खेतमा ङाख्वाय् (माछा थाप्न प्रयोग गरिने बाँसको भाँडो ) समेत राखीराखेका थिए ।

यस्तैमा एकदिन नरसिंहको घण्टा मध्य रातमै बजाइदिएछन् । नरसिंह मन्दिरको घण्टाको टनटन् आवाज सुन्ने बित्तिकै आमाचैले छोरालाई माछा समात्न जाउ कि जाउ भनी ढिपी कस्न थालिछन् । छोरा भने आँखा मिच्दै बिस्तारै उठे र हाई गर्दै मन नपराइकनै राती नै खोलामा पुगेछन् । तर उनले त्यस खोलामा राखेको ङाख्वाय्मा माछा समात्न जाँदा माछाको सट्टा एउटा भाले पो बसिरहेको  देखेछन् । त्यसरी देखेपछि उक्त केटो पनि दङ्ग पर्दै त्यही भालेलाई समात्न भनी गएछ । तर त्यो त कहाँको  भाले हुनु नि, त्यो त 'ग्वङ्गमना'(भाले आकारको चट्याङ, जसलाई छुने बित्तिकै विष्फोट हुन्छ) पो रहेछन् । जब उक्त केटाले त्यस भाले रूपी चट्याङ्लाई छुन पुगे, तब ठूला आवाजका साथ विष्फोट भयो र उक्त युवकको त्यही मृत्यु भयो ।

'हाय् मेरो छोरा !' भन्दै आमाचै त्यहाँ पुगिछन् र त्यहाँको अवस्था हेरी अत्यन्त भावविव्हल भइछन् । चाँडै घण्टा बजाइदिएको कारण उनको छोराले अकाल मृत्यु वरण गर्नुपर्‍यो भन्ने उनले ठानिछन् । एकातिर छोराको अकालमृत्युको असह्य पीडा अनि अर्कोतिर चाँडो घण्टा बजाएदिएको रिस । उनको आत्मा धरधरी रोयो । मुटु छियाछिया भयो, अनि उनी निक्कै बेरसम्म भक्कानिएर रोइन् । निक्कैबेरसम्मको रुवाइपछि असह्य भएर आमाचाहिँले श्राप दिइन् ,'नरसिङ्ग ग्योगले गाँ मदेमः खापीले ङा मदेमः (नरसिंहको मन्दिरमा घण्टा नहोस्, खापीमा माछा नहोस्)

यसरी एक पतिव्रता तथा सच्चा आमाको भित्रि दिलदेखिको श्राप लागेको कारणले गर्दा भक्तपुरको टौमढीस्थित नरसिङ्गको मन्दिरमा घण्टा पनि नभएको र खापी भन्ने ठाउँमा माछा पनि नभएको कुरा हालसम्म पनि सुनिँदै आइरहेको छ ।

### ३.३.३.३ नरसिंहको घण्टा र खापीको माछा कथाको तत्त्वगत विश्लेषण

#### ३.३.३.३.१ कथावस्तु

यस कथाको प्रारम्भ तत्कालीन समयमा खापी भन्ने ठाउँमा माछाको रास हुने र त्यसमा माछा थाप्ने परिवारको दिनचर्या तथा टौमढीस्थित नरसिङ्को मन्दिरमा घण्टा बजाएपछि सर्वसाधारणको जीवनचर्या सुरु हुने तत्कालीन परिवेशबाट सुरु गरिएको छ । कथामा माछा समात्न गएको छोरा राती नै खेतमा पुगी माछा भनी चट्याङ्लाई समात्न पुग्नु चरमोत्कर्षको भाग हो र त्यसलाई छोएपछि चट्याङ् लागेर उनको मृत्यु हुने सङ्घर्षऱ्हास हो । अनि चट्याङ् लागेर आफ्नो छोराको मृत्युको वियोगमा नरसिङ्गको मन्दिरमा घण्टा नहोस् र खापी भन्ने ठाउँमा माछा नहोस् भनी श्राप दिनु कथाको समापन हो । प्रस्तुत कथामा आमाको आज्ञापालन गरी राती नै खेतमा गई माछा मार्न गएको छोराको चट्यान परी मृत्यु भएकोमा अन्त्य गराइएकोले कथा वियोगान्त बन्न पुगेको छ । यसरी तत्कालीन समाजको सामान्य चित्रण गरी त्यसैको सेरोफेरोमा घटनाहरूको संयोजनबाट बनाइएको प्रस्तुत कथा पूर्ण तथा सफल एवम् रोचक र ह्दियस्पर्शी बन्न पुगेको छ ।

#### ३.३.३.३.२ पात्र

प्रस्तुत कथा मानव पात्रहरूको प्रमुख भूमिकामा तथा ग्वङ्गमनाको गौण भूमिकामा निर्मित छ । यसमा प्रमुख पात्रको रूपमा 'छोरा' आएको छ । र उसैको सेरोफेरोमा कथा घुमेको छ । उसले आफ्नो अज्ञानताबस भाले ठानेर ग्वङ्गमनालाई छुँदा चट्याङ् परेर उसको मृत्यु भएको छ । कथामा उनी परिवारको आवश्यकता पूर्ति गर्ने प्रमुख व्यक्तिको रूपमा खडा भएको छ र आफ्नो आमाको आज्ञालाई विना सोचीसम्झी पालना गर्ने सुपुत्रको रूपमा आएको छ । कथाको प्रकृतिअनुसार उनी किशोर अवस्थाको ठिटो हो, जो परिवारको आवश्यकता पूर्तिको लागि रातदिन नभनी काम गर्ने गर्दछ । त्यसैले उनी रातको कति बजेको छ भनी वास्ता नै नगरी नरसिङ्गको घण्टाको आवाज सुन्ने बित्तिक्कै आफ्नी आमाको बचन अनुसार खेतमा जान्छन् । र आफ्नो दैनिक कार्य गर्न खोज्छन् तर माछा थाप्ने डाखोचामा भाले आकारको वस्तु थापिन पुगेको देखेपछि भाले ठानी समात्न जाँदा चट्याङ् परेर त्यही उनको मृत्यु हुन्छ । यसर्थ कथामा उनी प्रमुख भूमिकामा रहेपनि समय र अवस्थाअनुसार कार्य गर्न नसकेकोले गतिहीन पुरुष पात्रको रूपमा आएका छन् ।

प्रस्तुत कथामा आमाको भूमिका पनि महत्त्वपूर्ण नै रहेको छ । उनै आमाको श्रापबाट नरसिङ्गको मन्दिरमा  घण्टा नहुनु तथा उनै आमाको श्रापबाट खापी भन्ने ठाउँमा माछा नहुनुबाट उनको भूमिका आँकलन गर्न सकिन्छ । कथामा उनी सती पतिव्रता तथा आफ्नो

पुत्रलाई औधी माया गर्ने आमाको रूपमा आएकी छन् । यसका साथै उनी धार्मिक तथा आध्यात्मिक शक्तिको विश्वास गर्नेमात्र हैन आफ्नो पतिव्रता धर्मबाट आफूलाई जस्तै अरूलाई दुःख नआओस् भन्ने चाहना भएकी स्नेही आमाको रूपमा प्रस्तुत भएकी छन् । कथामा जब उनी आफ्नो छोरालाई हेर्न खेतमा पुग्छिन्, तब आफ्नो छोराको मृत शरीर देखेर विव्हल हुन्छिन् र श्राप दिन पुग्छिन् । यसरी कथामा उनी गतिशील पात्रको रूपमा प्रस्तुत भएकी छन् । कथामा उनको श्राप लागेको देखाएर उनलाई अलौकिक शक्तिले युक्त नारीको रूपमा पनि देखाइएको छ । कथामा माछा तथा भाले आकारको चट्याङ् निकै नै गौण भूमिकामा आएको छ । यसरी कथामा मानव पात्रको रूपमा आमा र छोरा आएका छन् भने मानवेत्तर पात्रको रूपमा माछा र भालेआकारको चट्याङ् आएको छ ।

### ३.३.३.३.३ परिवेश

यस कथा पनि लौकिक परिवेशमा निर्माण गरिएको एक पारिवारिक कथा नै हो । कथाको प्रकृति हेर्दा कथाले नगर उन्मुख रहेको बस्ती र त्यसको आसपासमा रहेको खेतको वातावरणलाई चित्रण गरिएको छ । साथै कथाले माछा मारेर बेचेर खानु घटनाक्रम अगाडि सारिएबाट खेतीपातीको युगपछि व्यापार व्यवसायतिर पनि मानिसले आफ्नो कार्यलाई अगाडि बढाएको युगको कथाको रूपमा लिन सकिन्छ । कथामा धानको बिहान सबेरै नरसिङ्ग मन्दिरको घण्टा बजाउनु, त्यो सुनेर स्थानीयबासीहरूको दिनचर्या सुरु गर्नु, माछा बेचेर दिनचर्या अगाडि बढाउनु, आदि प्रसङ्गको साथै कथाको स्थान नै तोकेर देखाएकोले कथा विशिष्ट कथा समयमा रचिएको भन्ने स्पष्ट हुन्छ । यसका साथै कथामा चट्याङ् भन्ने कुरा पहिले नै धर्तीमा हुनु र जुन आकारको चट्याङ् धर्तीमा हुन्छ, त्यही आकारको चट्याङ् परेर मान्छेको मृत्यु हुनु, अनि एक आमाको श्रापबाट मन्दिरको घण्टा नहुनुको साथै खापी भन्ने ठाउँमा माछा नै नहुनु जस्ता प्रसङ्गले कथा विज्ञानको पहुँचभन्दा निकै टाढा रहेको साथै केही मात्रामा अलौकिक अन्धविश्वासलाई पनि स्थान दिएको पाइन्छ । अन्धविश्वासलाई प्रश्रय दिँदादिँदै कथाले पारिवारिक वातावरणकै चित्रणलाई महत्त्व दिई एक पतिव्रता नारीले इच्छाएको कुरा पूरा हुने सन्देश समेत दिएको छ ।

### ३.३.३.३.४ द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक तथा बाह्य दुवै किसिमको द्वन्द्वलाई समावेश गरिएको छ । घटनाअनुसार एकपटक चाँडै नै नरसिङ्गको घण्टा बजाएपछि उनी मन नपराईनपराईकन खेतमा जान्छन्, जसको फलस्वरूप उनी हाई हाई गर्न पुग्छन् । यसका साथै खेतमा जब उनले डाखोचामा भाले बसिरहेको देखे, उनले कसको भाले होला भनी उनको मनमा

आन्तरिक द्वन्द्व हुन्छ र त्यसलाई समात्न हुन्छ कि हुन्न भन्ने विषयमा उनी अलमल्लमा पर्छ। त्यस्तै कथाकी अर्का प्रमुख पात्र आमाको पनि आन्तरिक तथा बाह्य द्वन्द्वलाई कथामा अगाडि सारिएको छ। चाँडै खेतमा गएको छोरा किन खाना खान आएन भनी कुरेर बस्दा र आफू पनि खेतमै पुगेर हेर्दा आफ्नो छोरालाई नदेखेसम्म उनमा आन्तरिक द्वन्द्वको प्रबलता रहेको छ भने आफ्नो छोराको मृत शरीर र मृत्युको कारणसमेत थाहा पाउँदा उनको द्वन्द्व बाह्य रूपमै प्रकट भएको छ र जसले गर्दा उनले अलाप गरेर रुनुको साथै श्रापसम्म पनि दिन पुगेकी छन्।

### ३.३.३.३.५ उद्देश्य

केही मात्रामा अध्यात्म, केही मात्रामा भाग्य तथा केही मात्रामा सामाजिक अन्धविश्वासलाई समेत आधार बनाएर निर्माण गरिएको यस कथाले सती पतिव्रताको भित्री ह्दियबाट उब्जेको कुरामा सत्यता हुने कुरा एकातिर देखाइएको छ भने अर्कोतिर उक्त छोराले झै परिस्थितिलाई बेवास्ता गरी हरेक कुरामा आँखा चिम्लेर विश्वास गर्न नहुने सन्देशसमेत दिएको छ। समग्रमा यस नरसिङ्गको मन्दिरमा किन घण्टा नभएको तथा खापी भन्ने ठाउँमा किन माछा नभएको भन्ने जिज्ञाशालाई कथाको माध्यमबाट शान्त पार्न खोजिएको छ। यसका साथै एक पतिव्रता नारीको बोलीमा स्वयम् प्रकृति तथा सामाजिक संरचनासमेत अधिनमा रहन्छन् भन्ने कुरा दर्शाउनु पनि यस कथाको उद्देश्य रहेको देखिन्छ।

### ३.३.३.३.६ भाषा

यस कथा सरल र सहज हुँदाहुँदै पनि यसका स्थानीय भाषिकाको प्रबलता रहेको पाइन्छ।

जस्तै

| कथामा प्रयुक्त शब्द | वर्तमान नेपाली शब्द |
|---|---|
| माछा समात्ने | माछा मार्ने |
| बय | धानबारीको पानी बग्ने |
| डाख्वाय | माछा थाप्न प्रयोग गरिने बाँस वा निगालेद्वारा निर्मित डोको जस्तो भाँडो |
| ग्वङ्ग | भाले कुखुरा |

| | |
|---|---|
| मना | चट्याङ् |
| द्योग | मन्दिर |
| गाँ | घण्टा |
| मदेम | नहोस् |

यसरी कथामा नेवारी पारिभाषिक शब्दहरूको बाहुल्यता रहेको पाइन्छ ।

### ३.३.३.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ ।

### ३.३.३.३.८ निष्कर्ष

यस कथाको शीर्षक नरसिङ्ग मन्दिरको घण्टा र खापीको माछा राखिएको छ । कथाको प्रमुख उद्देश्य भक्तपुरको टौमढीस्थित नरसिङ्ग देवलमा घण्टा नभएको र खापी भन्ने ठाउँमा माछा नभएको कारणबारे जानकारी दिनु रहेकोबाट शीर्षकलाई सार्थक मान्न सकिन्छ । पहिला मानिसले आफूले जे देख्यो त्यसैलाई आधार मानेर विभिन्न कहानीहरू बनाउने हुँदा यस कथामा पनि चट्याङ् पर्नुको बेग्लै कारण उल्लेख गरिएको छ । प्रस्तुत कथामा एक आमाले कसरी नरसिङ्ग देवलको घण्टा र खापीको माछाको कारण कसरी आफ्नो छोराको ज्यान गयो र त्यसबाट आमाले कस्तो श्राप दिइन् भन्ने कुरालाई सिलसिलाबद्ध रूपमा अगाडि सारिएको छ । यो कथा रेखित ढाँचामा लेखिएको छ भने दृष्टिविन्दुको आधारमा तृतीय दृष्टिविन्दुको प्रयोग भएको छ । यसमा आज्ञाकारी छोरा तथा पतिव्रता आमा भएपनि अन्त्यमा छोराको मृत्युमा टुङ्ग्याइएकोले यसलाई सामाजिक दुःखान्त कथा मान्न सकिन्छ ।

## ४.२.४ टौमढीस्थित भैरवको कथा

### ३.३.४.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको पूर्वी भेगमा पर्ने भक्तपुर नगरमा प्रचलित लोककथा हो । यो कथा भक्तपुर नगरपालिका वडा नं. २, लिवालीमा बस्ने माइला बेकोजूसँग वि.सं. २०७० वैशाख २७ गते सङ्कलन गरिएको हो ।

यस कथामा भक्तपुरमा प्रचलित विश्वध्वजा जात्रा(विस्केतजात्रा)को बारेमा विश्वमा नै परम्परादेखि प्रचलित रहेको बताउँदै हाल रहेको टौमढीको भैरबको मन्दिर कसरी त्यहाँ रहन गएको भन्ने कुरालाई उल्लेख गरिएको छ । कथाले तन्त्रविद्यामा जतिसुकै पोख्त भएपनि भगवानलाई कैदमा पार्न सकिँदैन भन्ने कुरा पनि दर्शाइएको छ । कथामा भक्तपुरको विश्वध्वजा जात्राको प्रभाव भारतको काशी (वाराणशी)सम्म पनि प्रभाव परेको कारण स्वयम् काशी विश्वनाथ नै मानवको रूप धारण गरेर जात्रामा सहभागी हुन आउँछन् तर तत्कालीन अवस्थामा तन्त्रमन्त्र विद्याको पनि औधी विकास भएको कारण उनलाई विद्यामन्त्रद्वारा कैद गर्ने प्रयास हुन्छ तर आफू असफल भएपछि अस्वभाविक बल प्रयोग गर्छ । तर पनि भगवानलाई आफ्नो अधिनमा राख्न सफल हुँदैन । तैपनि त्यही भगवानको नाममा मन्दिरसम्म बनाउने अवसर पाउँछ र त्यही भगवानको आज्ञानुसार उनको मन्दिर बनाइदिने गर्दछ । यसरी यस कथाले भक्तपुरको सांस्कृतिक तथा सामाजिक पक्षलाई समेत औधि विश्वसनीय पाराबाट समातिएको छ ।

### ३.३.४.२ कथाको मूलपाठ

भक्तपुरको योसिंखेलको नववर्षको अवसरमा योसिं (लिङ्गो) उठाउँने जात्रा विश्वमा नै चर्चित रहँदै आएको छ । यो जात्रा परापूर्वदेखि नै विभिन्न विदेशसम्म पनि प्रचलित हुँदै आएको जात्रा हो । योसिंखेलमा योसिं (लिङ्गो) उठाउँने क्रममा ठूलो आकारको मुढा **लुसी**ले लिङ्गोलाई हान्दा आउने आवाज भारतको काशी(बनारस)सम्म पनि सुनिन्थ्यो रे । यसरी काशीसम्म पनि ढ्याङढ्याङ आवाज आएपछि त्यहाँका काशीनाथलाई पनि नेपालको लिङ्गो उठाउने जात्रा हेर्ने इच्छा भएछ ।

काशीको काशीनाथलाई नेपालको लिङ्गो उठाउने जात्रा हेर्न मन लागेपछि उनी **मनु**रूप( मानवको रूप) धारण गरेर एकपटक नेपालको **योसीं** उठाउने जात्रा हेर्न योसिंखेलमा आएछन् ।

यसरी जात्रा हेर्न आउँदा उनी देवता भएकोले त्यहाँ उपस्थित जोसँग दाँज्दा पनि एउटा टाउकोको उचाइ जति अग्लो भएछ रे । यसरी जोसँग दाँज्दा पनि एउटा टाउकोमात्र अग्लो

भएपछि त्यहाँ उपस्थित जात्रालुहरूबीच खैलाबैला मच्चिएछ ।, तत्कालीन युग तान्त्रिकको युग भएकोले यहाँका शासक (राजा/महाराजा)समेत तन्त्रमन्त्र जान्दथे र साथै यसरी तन्तत्रन्त्र सिक्न/सिकाउन राजगुरुके समेत व्यवस्था गरिएको हुन्थ्यो ।

यसरी त्यसबेला योसिं उठाउने जात्रा हेर्न काशीका विश्वनाथ आएको थाहा पाई तत्कालीन समयका तान्त्रिक तथा शासक समेत उनलाई समात्न भनी त्यहाँ उपस्थित भए र तान्त्रिकले आफ्नो मन्त्रले विश्वनाथलाई कैद गर्न थाले । तर मानवरूपी विश्वनाथले पनि आफूलाई तान्त्रिक मन्त्रद्वारा कैद गरेको थाहा पाई आफू जहाँ उभिएको हो त्यहीबाट अलप हुन भुईमा गाडिए । तर एकजना तान्त्रिकले विश्वनाथ त्यही भूईबाट अलप हुन लागेको थाहा पाई खेतबाट भर्खर फर्केको किसानको खर्पनको रहेका हँसियाले हत्त न पत्त उक्त विश्वनाथलाई छेक्न खोजेको उसको टाउको नै छिनालिएछ । यसरी छिनालिएको टाउको सात ठाउँमा सातपटक उफ्रेर हालको भैरवको मन्दिर रहेको **तःमारी** भन्ने ठाउँमा पुगी रोकियो । अनि त्यसरीः छिनालिएको टाउको रोकेपछि तान्त्रिक तथा शासकले भैरवनाथलाई नेपालमै विराजमान हुन निकै अनुनय विनय गर्दा , 'म सात पटक अन्तिमपटक अन्तिम पटकमा **न्हेद्वकुंलाँ** (सातवटा नै बाटोको जमघट  भएको ठाउँ)मा अडेको छु । त्यसैले त्यहाँ नै मेरो मन्दिर बनाऊ ।' भनी आकाशवाणी भएछ । सो आकाशवाणी अनुसार नै हालको ठाउँमा भैरवनाथको मन्दिर निर्माण गरिएको कुरा विभिन्न पुराण तथा इतिहासमा उल्लेख रहेको छ । यसरी विश्वनाथसँग रहेको जात्रा भएकोले त्यस जात्राको नाम नै विश्वजात्रा रहेको तथा त्यही विश्वजात्राकै शब्द अपभ्रंश भएर बिस्काजात्रा (बिस्केटजात्रा) रहन गएको कुरा बताइन्छ ।

यसरी भक्तपुरको बिस्केतजात्रा परापूर्वकालदेखि नै विश्वभर प्रचलित रहेको कुरा यस कथाबाट पनि प्रष्ट हुन्छ ।

### ३.३.४.३ टौमढीस्थित भैरवको कथाको तत्त्वगत विश्लेषण

### ३.३.४.३.१ कथावस्तु

प्रस्तुत कथाको प्रारम्भ भक्तपुरको सांस्कृतिक पक्षसँग सँम्बन्धित रहेको कथा हो । हरेक पल्टको नयाँ वर्षको उपलक्ष्यमा मनाउँने लिङ्गो उठाउने जात्रा विश्वमा नै प्रसिद्ध रहेकोले त्यसको वास्तविकता बुझ्न भारतको वाराणशीबाट स्वयम् काशी विश्वनाथ नै लिङ्गो उठाउने जात्रा हेर्न आएको प्रसङ्गबाट कथा अगाडि बढेको पाइन्छ । कथामा लिङ्गो उठाउने जात्रा हेर्न आएका विश्वनाथलाई चिनी त्यसलाई कैद गर्न तान्त्रिक विधि असफल भएपछि हसिँयाको प्रयोग गरी टाउको छिनाल्नु चरमोत्कर्षको भाग हो भने त्यसरी छिनालिएको टाउको सात ठाउँमा उफ्रिनु  सङ्घर्षऱ्हास हो । अनि भक्तपुरका तत्कालीन जनताको तान्त्रिक

विद्यादेखि प्रभावित भएका विश्वनाथले आकाशवाणी मार्फत आफ्नो मन्दिर बनाउन अनुमति दिएको र सोही अनुमति मुताविक हाल मन्दिर रहेको ठाउँमा भैरवको मन्दिर रहेको प्रसङ्ग कथाको समापन हो । प्रस्तुत कथामा भक्तपुरको लिङ्गो उठाउने जात्रामा प्रयोग हुने लुसीले योसिंद्योलाई बजाउँदा भारतको काशीसम्म सुनिनु, काशिबाट आएका भैरवको टाउको जोसँग दाँज्दा पनि अलिकतिमात्र ठूलो हुनु, छिनालिएको टाउको सातचोटी उफ्रनु तथा आकाशवाणी हुनुजस्ता अतिरञ्जनाहरूको पनि प्रबलता रहेको छ । प्रस्तुत कथामा विभिन्न उपायहरू द्वारा स्वयम् काशीविश्वनाथको शीरलाई भक्तपुरमै राख्न सफल भएकोले संयोगान्त पौराणिक किंवदन्तीूलक पूर्ण कथा बनेको छ । कथाले तत्कालीन समयको सामान्य चित्रण गरी त्यसैको सेरोफेरोमा घटनाहरूको संयोजनबाट बनाइएको प्रस्तुत कथा पूर्ण तथा सफल एवम् रोचक र ह्दियस्पर्शी बन्न पुगेको छ ।

**३.३.४.३.२ पात्र**

प्रस्तुत कथा मानव पात्र र मानवेतर पात्रको रूपमा भगवानको संयोजनबाट पूर्ण बनाइएको छ । मानव पात्रको रूपमा तत्कालीन तान्त्रिकहरू, किसान तथा राजा आएका छन् भने मानवेतर पात्रको रूपमा भारतको काशीस्थित विश्वनाथ आएको छ । कथामा प्रमुख पात्रको रूपमा भक्तपुरको तत्कालीन शासकलाई समेत तन्त्रमन्त्र सिकाउने राजगुरु आएका छन् । उनी तन्त्रविद्यामा निपुण व्यक्तिका साथै प्रत्युत्पन्नमति भएको तथा तत्कालै सही निर्णय गर्न सक्ने दक्ष व्यक्तिको रूपमा कथामा उपस्थित भएका छन् । भक्तपुरको विश्वप्रसिद्ध बिस्केतजात्रामा एक अनौठो व्यक्तिको उपस्थिति भएको जानकारीमा आएपछि  उनी त्यही गई तन्त्रविद्याद्वारा हेर्दा उनी काशी विश्वनाथ भएको थाहा पाई आफ्नो तन्त्रविद्याले उनलाई यही कैद गरेर राख्ने प्रयास गर्छन् ताकि भगवान् भएको ठाउँमा कुनै अनिष्ट नहोस् भनेर । तर जब उनको मन्त्रलाई काशीको विश्वनाथले थाहा पाउँछन् र त्यहीबाट उनी अलप हुन खोज्छन् तब उनले तत्कालै नजिकै रहेको किसानसँग भएको हँसिया प्रयोग गरी भगवान्लाई रोक्न खोज्छन्, भगवानको शेष भएपनि बाँकी होस् भनी टाउको समेत छिनाल्ने साहस गर्छन् । यसर्थमा उनी एक साहसी र आफ्नो कार्य सिद्ध गर्न जुनसुकै कार्य गर्न पनि पछि नहट्ने खालको गतिशील पात्रको रूपमा कथामा उपस्थित भएका छन् ।

कथामा अर्को महत्त्वपूर्ण भूमिकामा मानवेतर पात्र भैरव आएका छन् । भैरवनाथ अलौकिक शक्तिले युक्त देवता हुन् र उनैको लीलामा कथा अगाडि बढेको छ । कथाअनुसार भैरवको वासस्थान भारतको वाराणसी हो तर भक्तपुरमा मनाउने लिङ्गो उठाउने जात्राबारे थाहा पाएकोले वास्तविकता बुझ्न उनी भक्तपुर आउँछन् । तर मानवको रूप धारण गरेपनि भगवानको गुण भने उनले बिर्सन सकेको हुँदैनन् जसले गर्दा जुनसुकै व्यक्तिसँग दाँज्दा पनि टाउको एउटा अग्लो हुन्छ । कथामा उनी अलौकिक शक्तिले युक्त भएपनि हरेक कुरामा पछि

पर्ने अल्छि देवताको रूपमा पनि आएका छन् । एक त उनले हरेक मानिससँग टाउँको एउटामात्र अग्लो हुने विशेषतालाई समयमै ख्याल गर्न सकेनन् भने अर्को त तान्त्रिकले पूरै बाँध्न लाग्दा मात्र उनले तन्त्रविद्याद्वारा आफू बाँधिन लागेको चाल पाए । यसले गर्दा आफ्नो टाउकोसमेत छिनालिनुपर्ने अवस्था सिर्जना भएको छ । तर उनी लीलाधारी भएपनि भक्तप्रति दयालु भगवानको रूपमा उपस्थित भएका छन्, त्यसैले आफ्नो टाउकोसमेत छिनाल्ने मानिसहरूको अनुनयलाई उनले स्वीकार गरे र भक्तपुरमै आफ्नो मन्दिर बनाउन अनुमति दिए । यसरी कथामा तान्त्रिकभन्दा अल्छि प्रवृत्तिको देखिएपनि भैरवनाथ पनि गतिशील पात्रकै रूपमा आएका छन् । कथामा राजा र जनताको प्रसङ्ग आएपनि उनीहरूको भूमिका भने निकै नै गौण रहेको छ । यसरी कथामा मानव पात्रको रूपमा तान्त्रिक, खेतबाट फर्केको किसान तथा जात्रालुहरू आएका छन् भने मानवेतर पात्रको रूपमा भगवान विश्वनाथ आएका छन् ।

### ३.३.४.३.३ परिवेश

यस कथा पनि लौकिक परिवेशमा निर्माण गरिएको अलौकिक कथा हो । कथाको प्रकृतिबाट कथाको समय मध्यकालीन समाज रहेको पुष्टि हुन्छ । लिङ्गो उठाउने जात्रा हेर्न काशीबाट विश्वनाथ आउनु तथा खेतबाट खर्पनमा हँसिया बोकेर किसान फर्कनु भन्ने प्रसङ्गले कथा मध्यकालीन नेपालको हो भन्ने कुरा पुष्टि हुन्छ । कथामा भक्तपुरको योसिंखेल, तःमारी, गहिटी जस्ता स्थान नै तोकेर देखाएकोले कथा विशिष्ट कथा समयमा रचिएको भन्ने थाहा हुन्छ । कथामा भक्तपुरको योसिंखेलमा बजाएको लुसीको आवाज भारतको काशीसम्म सुनिनु, जात्रा हेर्न आएको काशी विश्वनाथको टाउको जोसँग दाँज्दा पनि एउटा टाउकोमात्र अग्लो हुनु, तन्त्रविद्याले कैद गर्न नसक्दा छिनालिएको टाउको सातचोटी उफ्रेर सातवटा बाटोको सङ्गममा अडिनु तथा आकाशवाणी हुनु जस्ता प्रसङ्गले कथाले अन्धविश्वालाई अलि बढी नै प्रश्रय दिएको पाइन्छ । यसरी कथाले अन्धविश्वासलाई प्रश्रय दिँदादिँदै पनि तत्कालीनस समाजको चित्रण गर्न कथा सफल भएको छ । कथाले भक्तपुरको बिस्केतजात्राको नामसम्बन्धी बेश्याको जात्रा भन्ने भ्रमलाई हटाउन सफल भएको छ । अनि लिङ्गो उठाउने जात्रा पछि मात्र भैरवको जात्रा सुरु भएको हो भन्ने ऐतिहासिक कुरालाई समेत पुष्टि गर्न कथा सफल भएको छ ।

### ३.३.४.३.४ द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक तथा बाह्य दुवै किसिमको द्वन्द्वलाई समावेश गरिएको छ । घटनाअनुसार आफू बसिरहेको काशीमा समेत नेपाल मण्डलबाट आवाज आएको सुनी स्वयम् काशी विश्वनाथको मनको आन्तरिक द्वन्द्व सुरु हुन्छ र जसको कारण उनी भक्तपुरमा जात्रा हेर्न आउँछन् । त्यस्तै जात्रामा विश्वनाथको उपस्थिति भएपछि जोसँग दाँज्दा पनि एक टाउको मात्र अग्लो भएपछि सम्पूर्ण जात्रालुमा को होला भनी आन्तरिक द्वन्द्व उत्पन्न भएको हुन्छ । त्यस्तै गरी विश्वनाथलाई कैद गर्ने क्रममा तान्त्रिकले आफ्नो मन्त्रले कैद गर्दै रहँदा विश्वनाथ त्यहीबाट बिलाउन थालेपछि तान्त्रिको आन्तरिक द्वन्द्व बाह्य रूपमा प्रकट हुन्छ र विश्वनाथको टाउकोसमेत छिनाल्न बेर लाउँदैन । यसरी प्रस्तुत कथा द्वन्द्वको दृष्टिले समेत एक उत्कृष्ट कथा रहेको पुष्टि हुन्छ । काशिविश्वनाथको टाउको छिनालिएपछि पनि अब के हुने कसो हुने हो भन्ने विषयमा सम्पूर्णमा आन्तरिक द्वन्द्व रहेको हुन्छ र जब आकाशवाणी मार्फत् विश्वनाथले आफ्नो मन्दिर बनाउन अनुमति दिएपछि बल्ल द्वन्द्वको निराकरण हुन्छ ।

### ३.३.४.३.५ उद्देश्य

कथामा केही मात्रामा अध्यात्म तथा केही मात्रामा सामाजिक अन्धविश्वासलाई  समेत आधार बनाएर निर्माण गरिएपनि भक्तपुरको टौमढीस्थित भैरबको मन्दिर निर्माणको कारण तथा भैरबको रथ तान्ने जात्राको प्रारम्भको बारेमा जानकारी दिनु कथाको उद्देश्य रहेको छ । यसका साथै कथाले भैरवनाथको शीर कसरी नेपालमा रहन गयो र त्यसको शरीरमात्र भारतमा रहन गयो भन्ने ऐतिहासिक पुष्टि दिने पनि उद्देश्य रहेको देखिन्छ । यस कथाले एकातिर भक्तपुरको बिस्केतजात्रा परापूर्वकालदेखि नै विश्वप्रसिद्ध रहँदै आएको जनाएको छ भने अर्कोतिर लिङ्गो उठाउँने जात्रा पछि मात्र भैरबको जात्रा सुरु भएकोसमेत देखाएको छ । कथाले भक्तपुरको सांस्कृतिक कार्यको सुरुवातको पक्षको जानकारी दिनुका साथै तत्कालीन समयमा मानिसमा रहेको तन्त्रविद्याले स्वयम् भगवानलाईसमेत बसलमा पार्न सक्छन् भन्ने कुरा पनि दर्शाउन खोजिएको छ ।

### ३.३.४.३.६ भाषा

यस कथा सरल र सहज हुँदाहुँदै पनि यसका स्थानीय भाषिकाको प्रबलता रहेको पाइन्छ ।

जस्तै

| कथामा प्रयुक्त शब्द | वर्तमान नेपाली शब्द |
|---|---|
| योसिंखेल | भेलुखेल |
| योसिं | लिङ्गो |
| लुसि | धान गहुँ कुट्न प्रयोग गरिने मुगल |
| बिस्काजात्रा | बिस्केटजात्रा |

यसरी यो कथा नेवार समुदायबाट उत्पति भई बिस्तारित भएकोले कथामा नेवारी पारिभाषिक शब्दहरूको बाहुल्यता रहेको पाइन्छ ।

### ३.३.४.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ ।

### ३.३.४.३.८ निष्कर्ष

यस कथाको शीर्षक टौमढीस्थित भैरवको कथा राखिएको छ । कथाको प्रमुख उद्देश्य नै भक्तपुरको टौमढीस्थित भैरबको मन्दिरको स्थापनाको आधार देखाउने तथा बिस्केटजात्रामा भैरबनाथको रथको बारेमा जानकारी दिनु रहेकोले शीर्षकलाई सार्थक मान्न सकिन्छ । पहिलेको समयमा विज्ञान र प्रविधिभन्दा पनि तन्त्रमन्त्रको बाहुल्यता हुने हुँदा यस कथामा पनि मन्त्र विद्याद्वारा नै भगवानलाई कैद गर्ने प्रयास गरेको देखाइएको छ । कसरी विश्वनाथको शीर नेपालमा र शरीर भारतमा रहन गयो भन्ने कुरालाई पनि समेटिएको छ । यो कथा रेखित ढाँचामा लेखिएको छ भने दृष्टिविन्दुको आधारमा तृतीय दृष्टिविन्दुको प्रयोग भएको छ । तन्त्रविद्याद्वारा भगवानलाई कैद गर्न नसकेपछि आफ्नो बल र बुद्धिले भगवानलाई समेत नेपालमा राख्न सफल भएकोले सामाजिक सुखान्त कथा मान्न सकिन्छ ।

### ३.३.५ नवदुर्गा गणको कथा

### ३.३.५.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको पूर्वी भेग अर्थात भक्तपुर नगरमा प्रचलित लोककथा हो । यो कथा भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. २, कोलाछे. बस्ने कृष्ण प्रजापतिबाट वि.सं. २०७१ जेठ १० गते सङ्कलन गरिएको हो ।

यस कथामा तत्कालीन अवस्थाको तन्त्रविद्याको शक्तिबाट स्वयम् देवीदेवताहरूसमेत बाँध्न सक्छन् भन्ने कुरालाई देखाउँदै देवीदेवतासँग कतिपय गोप्यकुरा गोप्यरूपमै राख्नुपर्ने देखाइएको छ । कथामा तन्त्रविद्याद्वारा स्वयम् नवदुर्गा देवीगणलाई समेत बाँध्नसक्ने क्षमता भएका ब्राम्हणले पनि आफ्नो मन्त्र कसैलाई सिकाएको हुँदैन । त्यसैले गर्दा उनको बुहारीदेखि अन्य निर्दोष व्यक्तिहरू समेत त्यसको सिकार बन्न पुग्छन् । यसमा कुनै पनि शक्तिलाई खुल्ला रूपमा छोड्न नमिल्ने भएकोले त्यस शक्तिलाई नियन्त्रण गर्ने एउटा तहको आवश्यकता बोध गराइएको छ भने कथाले नवदुर्गा देवीगण कसरी तत्कालीन अवस्थाको नगरबाहिर रहन पुग्यो तथा ती देवीगणका रेखदेख गर्ने जातिको थर कसरी बनमाला रहन गयो भन्ने कुराको समेत विश्लेषण गरिएको छ ।

### ३.३.५.२ कथाको मूलपाठ

भक्तपुरको नगरको दरबार क्षेत्रमा 'इछु' भन्ने ठाउँ छ । त्यहाँ धेरै गल्लीहरू भएकोले त्यसठाउँलाई 'इछुगल्ली' पनि भन्ने गरिन्छ । परापूर्वकालमा त्यहाँका ब्राम्हणहरू नवदुर्गा गणलाई आफ्नो '**आगन्द्यो**'(कूलदेवता) को रूपमा पूजा गर्ने गर्दथे । तिनीहरूले आफ्नो **ढुकुकोठा** (भण्डार कोठा) मा ती देवताहरूलाई तन्त्रविद्याद्वारा बाँधी पूजा गरेर राख्ने गरेका थिए । तर उक्त कोठालाई यति गोप्य रूपम राखेका थिए कि त्यस कोठामा अनुमति विना कोही पनि भित्र जान पाउँदैनथे । यहासम्म पनि त्यस घरकी बुहारीलाई समेत त्यस कोठामा पस्न त के, हेर्नसमेत निषेध गरिएको थियो । त्यसैले त्यस घरकी बुहारीलाई त्यस कोठाभित्र के छ भनी हेर्ने खुब ईच्छा जागेको रहेछ ।

यस्तैमा एकदिन उक्त ब्राम्हणले पूजा गरिसकेपछि ढोका थुनी ताल्चा लाउन बिर्सेछन् । सधैंझै घर बढारिरहेकी बुहारीले ताल्चा खुल्लै रहेको देखेपछि सधैं ताल्चा लाइराखेको उक्त कोठाभित्र के छ भनी हेर्ने आफ्नो ईच्छा पूरा गर्ने सोच राखिछन् । अनि बिस्तारै त्यस कोठाभित्र हेर्दा त भित्रका देवगण खितितिति हाँस्दैं बाहिर निस्के र उक्त बुहारीको **भोक्ष**(भोक, बली) लिए । त्यस बुहारीको भोक्ष लिइसकेपछि हाँस्दैं ती देवीहरू बाहिर निस्के । ठीक त्यसैबेला उक्त घरमा **'मालिंचा'** (फूल दिन ल्याउने ) पनि पुगेकी रहिछन् । र, देवीगण बाहिर निस्केको थाहा पाई

उनी हत न पत भऱ्याङमुनि लुकेर आफ्नो ज्यान जोगाइन् । त्यसरी बाहिर निस्केपछि बाटोमा भेटेजति प्राणीको भोक (भोक्ष) लिदैं प्राणीको पोष लिदैं सरासर भक्तपुर सुडालस्थित 'ब्रम्हायणी जोचा' भन्ने ठाउँमा गई बसेछन् ।

यता सदाझैं ब्राम्हण नुहाएर घरमा आउँदा कोठा खुल्लै रहेको तथा भित्रका देवीगण समेत नभएको देखी उनी झसङ्ग भए । उनले कोठामा आफ्नी बुहारीके समेत भोक्ष लिइसकेके कुरा थाहा पाइसकेपछि पक्कै पनि अनिष्ट भइसकेको कुरा उनले बुझे । र, साँच्चो लगाउन बिर्सेकोमा पछुताो पनि माने । तर के गर्ने नहुने कुरा भइसक्यो । अब भएपनि स्थितिलाई सम्हाल्नुपर्ने कुरा बुझेर त्यसबारे कसलाई थाहा छ भनी सोध्दै हिँडे । अनि त्यही घरके भऱ्याङ्मुनि लुकेर ज्यान बचाउन सफल मालिचाले अघि विहान भएको सबै बोलिबिस्तारमा लगाइन् । साथै बाटोमा भेटेजति प्राणीको पोष लिँदै ती देवीगण ब्रम्हायणी जोचा भन्ने ठाउँमा पुगेको पनि जानकारी दिइन् । ती देवीगणले बाटामा भेटेका सुगुरलाई समेत पोष लिएर गएका थिए ।

समस्यामाथि समस्या थप्दै गयो । एक त आफ्नै बुहारीको समेत भोक्ष लिएर ती देवीगण गइसकेका छन् भने अर्कोतिर ब्रम्हायणी जोचा भन्ने ठाउँमा बसिरहेका ती देवीगणलाई कसले पो फकाएर पहिलेकै अवस्थामा ल्याउने हुन् । त्यसरी आफ्नो स्थानबाट उन्मत्त भएका ती देवीगणलाई कसले फकाई ल्याउन सक्छौं भनी सोध्दा तत्कालीन **आचाजू**ले हामीले सक्छौं भनी जवाफ दिए । र उनीहरूको सहयोगमा ती देवीगणलाई ललाईफकाई कैद गर्न ब्रम्हायणी जोचातिर गए । जाँदाखेरी एउटा पूजाके थालीमा मास, भटमास, राखेर गए । आचाजूले आफ्नो मन्त्रद्वारा मासलाई ठूलो राँगोको रूपमा, भटमासलाई भेंडाको रूपमा तथा अन्य गेडागुडीलाई पनि त्यस्तै पशुको रूपमा देखिने गरी लगेका थिए । त्यसरी पूजाको थाल लिएर आचाजू आएपछि देवीगण पनि भोजन लिएर आए भनी साऱ्है मख्ख भए । अनि आचाजूले ती देवीहरूको अगाडि गएर भने, 'ल, तिमीहरूलाई खुवाउनको लागि नै म आएको हुँ । लौ, तिमीहरूके लागि भन्दै यी यो पञ्चबली ल्याएका छौं' । यसरी आचाजूले आग्रह गर्दा ती देवीगण पनि मख्ख पर्दै खान आए । आचाजूले फेरि भने, 'ए पख, पख , पहिला हामी तिमीहरूलाई पूजा गर्छौं, अनि मात्र खुवाउँछौं । तिमीहरू बाटोमा आउँदा हुने नहुने सबै छोएर आएछौ, त्यसैले पहिला तिमीलाई शुद्ध गरेर पूजा गर्छु है' भन्दै आचाजूले पूजा गर्न थाले । पूजा गर्दागर्दै ती आचाजूले आफ्नो तन्त्रविद्याको माध्यमबाट ती देवीहरूलाई चल्नै नसक्ने गरी बाँधेछन् । त्यसरी बाँधिसकेपछि 'लौ भयो अब हिँड' भन्दै ती देवीगणलाई पुनः पहिलेकै ठाउँमा राख्न नगरतिर ल्याएछ । तर देवीगणले कोठाबाट भाग्दाखेरि सुङ्गुरको समेत भोक्ष लिएकाले पहिलेका ब्राम्हणहरूले ती देवीगणलाई छोएनन् । ती देवीहरूलाई समातेर त ल्याइयो तर कहाँ राख्ने भन्ने विषयमा भने ठूला समस्या भएछ । अनि सबैले ती नवदुर्गा गणलाई तत्कालीन अवस्थामा नगरभन्दा बाहिर (हालको नवदुर्गा देव रहेको ठाउँ) म राख्ने निर्णय गरिएछ । त्यसका साथै ती देवी गणका पूजारी ब्राम्हणहरूले नछुने भएकोले तत्कालीन

अवस्थामा ठूला जहान भएको जातिलाई बोलाएर 'ल, तिमीहरू भए देवीको सेवा गर्न **गणखाँपु** (गणपूरक सङ्ख्या पुगेका), त्यसैले तिमीहरूले नै यी देवीके जिम्मा लिनु भनेर जिम्मेवारी सुम्पे । यसरी त्यही गणखाबाट तिनीहरूको थर गाँथा(बनमाला) हुन पुगेके बताइन्छ ।

कुनै बेला असार महिनासम्म पनि पानी परेन भने ब्रम्हायणी जोचा भन्ने ठाउँमा पानी माग्न जाने प्रथा हालसम्म पनि कायम रहेको छ ।

### ३.३.५.३ नवदुर्गागणको कथाको तत्त्वगत विश्लेषण

#### ३.३.५.३.१ कथावस्तु

यस कथाको प्रारम्भ 'इछुगल्ली' भन्ने ठाउँको ब्राम्हणले आफ्नो तान्त्रिक विद्याद्वारा नवदुर्गा गणलाई शान्त अवस्थामा राखीराखेकोमा उनकै बुहारीले ढोका खोल्दा अशान्त भई बाहिर निस्केको र मानिस पशुपंक्षी आदिको भोक्ष लिँदै ब्रम्हायणी जोचामा पुगेकोबाट गरिएको छ । कथामा आचाजूले विभिन्न मास, भटमासको माध्यमबाट पञ्चबलीको आशा देखाउनु चरमोत्कर्षके भाग हो भने तिनै आचाजूले आफ्नो तन्त्रविद्याद्वारा नवदुर्गा देवीलाई समात्नु सङ्घर्षऱ्हास हो । अनि आचाजूको माध्यमबाट नवदुर्गा गणलाई पहिलेकै शान्त अवस्थाम पुऱ्याएर हालको गँछेमा नवदुर्गाको बास रहन गएको र बनमालालाई जिम्मेवारी दिएको भाग कथाको समापन हो । प्रस्तुत कथामा अशान्त अवस्थामा नवदुर्गाा देवीगणले ब्राम्हणकी बुहारीलगायत अन्य सजीवहरूके भोक्ष लिएपनि अन्तिममा आएर नवदुर्गालाई शान्त पार्दै आफ्नो अनुकूलमा राख्न सक्नुले कथालाई संयोगान्त कथा मान्न सकिन्छ । यसरी तत्कालीन समाजको चित्रण गर्दै त्यसैकने सेरोफेरोमा घटनाहरूको संयोजनबाट कथाा पूर्ण तथा सफल भएको छ ।

#### ३.३.५.३.२ पात्र

प्रस्तुत कथा मानव पात्र तथा मानवेतर पात्रको संयोजनबाट पूरा भएको छ । कथामा मानव पात्रको रूपमा ब्राम्हण, त्यसकी बुहारी, मालिंचा, तथा आचाजू आएका छन् भने मानवेतर पात्रको रूपमा नवदुर्गा भवानी नै आएका छन् । कथाका प्रमुख पात्रको रूपमा मानवेतर पात्र नवदुर्गा देवीगण नै आएका छ । र कथामा नवदुर्गा देवीगणलाई सकारात्मक भन्दा पनि नकारात्मक पात्रको रूपमा देखाइएको छ । कथामा नवदुर्गा देवीगणले आफू तन्त्रको बन्धनबाट मुक्त हुने बित्तिकै जे अगाडि आयो त्यसैको प्राण हरण गर्ने देवीको रूपमा एकातिर

प्रस्तुत गरिएको छ भने अर्कोतिर अलिकति मिठो. खाजा देखाएपछि सजिलैसँग फकिने देवीको रूपम पनि चित्रण गरिएको । त्यस्तै कथाका अर्का प्रमुख पात्र ब्राम्हणलाई सङ्कीर्ण भावनाले ग्रस्त पात्रको रूपम चित्रण गरिएको छ । आफ्नै बुहारीलाई समेत मन्त्रबाट टाढा राख्ने, सुङ्गुरले छोयो भनेर आफ्नो कूलदेवता नै त्याग्नु उनको नकारात्मक पक्षहरू हुन ।  त्यस्तै उनकी बुहारीलाई भने चञ्चले र अदूरदर्शी बुहारीको रूपमा चित्रण गरिएके छ । उनको सानो गल्तीको कारण उनी लगायत कैयौं आफ्नो ज्यान अर्पण गर्नुपरेको छ ।  कथामा आचाजूलाई भने सकारात्मक भूमिक प्रस्तुत गरिएको छ । उनले आफ्नो मन्त्रशक्तिद्वारा असन्तुलित बनेका नवदुर्गा देवीगणलाई शान्त पार्ने र सही ठाउँमा ल्याउने काममा सफलता प्राप्त गरेका छन् । र, उनैको मन्त्रका कारण हालसम्म पनि नवदुर्गा देवी शान्त अवस्थाम रहेको मानिन्छन् । त्यस्तै कथाको गौण भूमिका प्रस्तुत भएकी मालिंचाले भने आफ्नो बुद्धिका काण आफ्नो ज्यान जोगाउन सफल भएकी छन् । यसरी कथामा सकारात्मक भूमिकामा आचाजू, मालिंचा रहेका छन् भने  नकारात्मक भूमिकामा नवदुर्गा देवीगण, ब्राम्हण तथा उनकी बुहारी आएकी छन् ।

### ३.३.५.३.३ परिवेश

यो कथा पनि लौकिक परिवेशमा निर्माण गरिएको अलौकिक कथा हो । कथाको प्रकृति हेर्दा कथाके समय मध्यकालीन नेपाल हो जहाँ नगरको विकास भर्खरभर्खर मात्रै भएको भन्ने कुरा स्पष्ट हुन्छ । कथामा भक्तपुरको दरबार क्षेत्र अन्तरगतको ईछुगल्ली, भक्तपुर नगरबाहिरको सौडालमा पर्ने 'ब्रम्हायणी जोचा, लगायतका ठाउँको नाम तथा बनमाला थरसमेत उल्लेख भएकोले कथा विशिष्ट समयमा रचिएको कुरा थाहा हुन्छ । कथामा नवदुर्गा देवीलाई तन्त्रले बाँधिराख्नु, देवीले मान्छेलगायत सुङ्गुरको समेत भोक्ष लिनु, देवीहरूलाई ब्रम्हायणीजोचाबाट फर्काएर ल्याउन मासको भैसी, भटमासको भेंडा बनाउनुजस्ता अन्धविश्वासलाई अतिरञ्जित तरिकाबाट व्यक्त गरिएको छ । तथापी कथाले नवदुर्गा देवीके हालको मन्दिर रहेको स्थान तथा त्यस देवतामा संलग्न बनमाला जातिको थर कसरी बनेको भन्ने परिवेशलाई पुष्टि गरेको छ ।

### ३.३.५.३.४ द्वन्द्व

यस कथामा आन्तरिक तथा बाह्य दुवै प्रकारका द्वन्द्वको स्वाभाविक समायोजन गरिएको छ । कथावस्तु अनुसार आफ्नै घरको भण्डारण कोठामा रहेको वस्तुमा के छ भनी हेर्न समेत नदिईदा कथामा प्रयुक्त ब्राम्हणकी बुहारीमा आन्तरिक द्वन्द्वको उत्पन्न भएको छ । त्यस्तै

ब्राम्हण नुहाइ धुवाई गरेर फर फर्कँदा आफ्नो भण्डारण कोठा खुल्लै रहेको देखेपछि, आचाजूमा ब्रम्हायणी जोचामा रहेका नवदुर्गा गणलाई देखेपछि, मालिंङ्चामा नवदुर्गा देवगण तल आएको देखेपछि आन्तरिक द्वन्द्वको उपस्थिति भएको छ भने देवगणसँग साक्षात्कार भएपछि ब्राम्हणकी बुहारीमा, ब्रम्हायणी जोचामा पुगेको देवीगणबारे सबै कुरा थाहा पाएपछि ब्राम्हणमा बाह्य द्वन्द्वको उपस्थिति भएको छ । यसरी द्वन्द्वको दृष्टिले पनि यो कथा उत्कृष्ट रहेको छ ।

### ३.३.५.३.५ उद्देश्य

केही मात्रामा अध्यात्म, धेरैमात्रामा तन्त्रविद्यामा आधारित यस कथाको प्रमुख उद्देश्य भनेकै नवदुर्गागणको परिचय दिँदै नवदुर्गाले किन सुङ्गुरको भोक्ष लिन्छ भन्ने जानकारी दिनु रहेको देखिन्छ । यसका साथै परापूर्वकालदेखि चल्दै आएको गोप्य कुरा कसैले पनि विना अनुमति हेर्नु हुँदैन र हेरेमा कथामा जस्तै अनिष्ट हुने कुरा पनि देखाउँन खोजिएको छ । त्यस्तै कथामा नवदुर्गा देवीगणलाई आफ्नो कूलदेवताको रूपमा पूजा गर्ने ब्राम्हणले पनि आफ्ना सन्तानहरूलाई मन्त्र र विधिबारे जानकार नगराउँदा हरेक कुराको पूरा जानकारी आफ्ना जहानहरूलाई पनि दिनुपर्ने सत्य यस कथाको रहेको देखिन्छ । यसका साथै नवदुर्गाको मन्दिर किन तत्कालीन नगरको बाहिर रह्यो तथा बनमालाहरूको थर कसरी रहन गयो भन्ने कुराको जानकारी दिने उद्देश्यसमेत यस कथाको रहेको छ ।

### ३.३.५.३.६ भाषा

यस कथाको भाषा सहज, सरल र सुबोध हुँदाहुँदै पनि स्थानीय भाषाको प्रबलता यस कथामा प्रशस्तै पाइन्छ,

जस्तै

| कथामा प्रयुक्त शब्द | वर्तमान नेपाली शब्द |
| --- | --- |
| आगन्द्यो | कूलदेवता |
| ढुकुकोठा | भण्डारण कोठा |
| मालिंचा | फूल दिन ल्याउने व्यक्ति |

यसरी कथामा नेवारी समुदायका पारिभाषित शब्दहरू पनि प्रयोग रहेका छन् ।

### ३.३.५.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ ।

### ३.३.५.३.८ निष्कर्ष

यस कथाको शीर्षक नवदुर्गा गणको कथा राखिएको छ । कथाको प्रमुख उद्‌देश्य नै भक्तपुरका नवदुर्गा गण तथा त्यसका पूजासम्बन्धी जानकारी दिनु रहेकोले दिइएको शीर्षकलाई सार्थक मान्न सकिन्छ । तत्कालीन समयमा विज्ञान प्रविधिको विकास नभइसकेको हुँदा तन्त्रमन्त्रमा विश्वास गर्नु तथा देवी देवतामा विश्वास गरिनु स्वाभाविक नै हो । त्यसैले यस कथामा पनि मन्त्रद्वारा नै भगवान्‌लाई कैद गरेको देखाइएको छ । यस कथामार्फत कसरी नवदुर्गाको मन्दिर हालको गछें (तत्कालीन अवस्थाको नगरबाहिरको भाग)मा रहन गयो र बनमालाहरू कसरी नवदुर्गा गणका रखवाला भए भन्ने कुरा स्पष्ट हुन्छ । सुरुमा भगवानले मानवलगायतको बलि लिएपनि पछि गएर मन्त्रविद्याद्वारा भगवानलाई शान्त अवस्थामा फर्काउन सफल भएकोले यस कथालाई अतिरञ्जनायुक्त सुखान्त सामाजिक कथा मान्न सकिन्छ ।

## ३.३.६ विश्वध्वजा जात्राको कथा

### ३.३.६.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको पूर्वी भेगमा पर्ने भक्तपुर नगरमा प्रचलित लोककथा हो । यो कथा भक्तपुर नगरपालिका वडा नं. २ जँलामा बस्ने हरिनारायण पोतामाहाँ वि.सं. २०७० वैशाख २७ गते सङ्कलन गरिएको हो ।

यस कथामा भक्तपुरमा प्रत्येक वर्षको चैत्र महिनाको अन्तिम दिन उठाइने र वैशाख महिनाको १ गते ढाल्ने लिङ्गोको बारेमा उल्लेख गरिएको छ । वास्तवमा भक्तपुरमा प्रसिद्ध बिस्केटजात्राको नामकरण प्रारम्भ भएको अवस्था र परिवेशलाई नामसहित यो कथामा उल्लेख गरिएको छ । यही कथाको सुरु भएको भक्तपुरको बिस्केटजात्राको प्रभावबाट भारतको वाराणसीमा रहेको स्वयम् भगवान विश्वनाथ नेपालमा पदार्पण भएको तथा तन्त्रविद्यालबाट भगवानलाई भक्तपुरमा राख्न सफल भएको छ । यस कथाबाट बिस्केटजात्राको अवसरमा लिङ्गोमा झुण्ड्याइने पताका शिशिरवसन्तको कथाका जस्तो नागनागिनी हैनन् भन्ने कुरा पनि स्पष्ट हुन्छ । त्यसो त कतिपयले लिङ्गोमा झुण्ड्याइने हलिंपतलाई शिशिरवसन्तको कथासँग पनि दाँज्ने गरिन्छ तर यस कथाले त्यस भ्रमलाई चिर्न सफल भएको छ ।

### ३.३.६.२ कथाको मूलपाठ

कुरा लिच्छविकालको हो । लिच्छवि राजा शिवदेवको पालामा एकपटक किराँतीहरूले ठूलो फौजसहित भक्तपुरमा आक्रमण गर्न आए । त्यतिबेलाका राजाहरू ईश्वरभक्तकासाथै तान्त्रिक पनि हुन्थे । त्यसै गरी शिवदेव पनि निकै नै ईश्वरभक्त थिए । त्यसैले शत्रुको आक्रमण तथा आफू तथा आफ्ना देशवासीहरूलाई बचाउन तथा जित्नको लागि राजा शिवदेवले बज्रयोगिणीदेवताको पूजा गरे । राजाको पूजा तथा भक्तिदेखि प्रशन्न भएकी बज्रयोगिणी देवीले राजाको सपनामा प्रकट भई सङ्कट विमोचनको लागि आफ्ना गुरु शेखर आचाजुसँग सल्लाह गर्ने सुझाव दिएर अलप भइन् ।

सपनामा बज्रयोगिनीदेवीले सुझाएअनुसार राजाले आफ्ना गुरु शेखर आचाजुसँग किराँतीहरूको आक्रमणबारे आफ्नो देशको रक्षा कसरी गर्ने भन्ने विषयमा सल्लाह गरे । उनले सपनामा आफूलाई स्वयम् बज्रयोगिनी देवीले नै शेखर गुरुसँग सल्लाह गरी सङ्कट हटाउन सुझाएको बताएपछि शेखर आचाजुले आफू विभिन्न प्राणीको रूप धारण गर्न सक्षम भएको भेद खोले । त्यसैले त्यस आक्रमणबाट मुलुकलाई जोगाउन आफू सहस्र बाघ भई किराँतीहरूलाई धपाउने र त्यसरी धपाईसकेपछि आफूलाई पुनः मान्छेको रूप धारण गराउनको लागि यो किग (अक्षता)ले छर्कनु भन्दै मन्त्रयुक्त अक्षता पनि दिए । नभन्दै शेखर आचाजुले सहस्र बाघको रूप धारण गरी आफूलाई आक्रमण गर्न आएका किराँतीहरूलाई धपाए अनि राजाले पनि उनले भनेअनुसार नै मन्त्रयुक्त अक्षताले उक्त बाघलाई छर्केर पुनः मानवको रूपमा फर्काए । यसरी शेखर आचाजुको तन्त्र, मन्त्र तथा युक्ति एवम् भक्तिबाट देश जोगिएकोले उनलाई बाजागाजासहित दरबारदेखि घरसम्म ससम्मान पुऱ्याए राजाले ।

राजकीय सम्मानका साथ आफ्ना पतिलाई स्वयम् राजाले आफ्नो घरसम्म पुऱ्याउन आएपछि शेखर आचाजुकी पत्नी नररूपा घोर आश्चर्यमा परिन् र आफ्ना पतिसँग त्यसको कारणबारे सोधिन् । सुरुमा त शेखर आचाजुले तिमीलाई किन चाहियो भन्दै मौन बसिन् । तर उनको मौनतादेखि रिसाउँदै नररूपाले भनिन्, 'नाथ, के म तपाई कोही पनि हैन । सँगै बाँच्ने र सँगै मर्ने वाचाका साथ तपाईकी स्वास्नी बनेकी हुँ म । तर मप्रति अविश्वास किन ? ' यसरी आफ्नी पत्नीले निकै ढिपी गरेपछि शेखर आचाजुको पनि केही सीप लागेन र राजदरबारमा राजासँगको भएको कुरादेखि आफूले किराँतीहरूलाई धपाएको कुरासमेत बताउन बाध्य भए । साथै उनले आफू जुनसुकै प्राणीको रूप पनि धारण गर्न सक्षम भएको समेत बनाए ।

आइमाईको जात, भविष्यको कुनै कुरा नसोची मनमा आएको प्याच्च बोलिहाल्ने अनि त्यो कुरा पूरा गराउनैपर्ने । परम्परादेखिको यो बानीबाट शेखर आचाजुकी पत्नी पनि मुक्त रहिनन् । त्यसैले शेखर आचाजुले आफू जुनसुकै रूप धारण गर्न सक्षम भएको बताएपछि नररूपाले पनि उनी भयङ्कर नाग बनेको देख्ने इच्छा व्यक्त गरिन् । यो सुनेरा शेखर आचाजु झस्किए र आफ्नी श्रीमतीलाई उक्त ईच्छा त्याग गर्न अनेकौं किसिमबाट सम्झाउनु प्रयत्न गरे । तर

पत्नीको ढिपी अगाडि उनको सबै प्रयत्न विफल भयो । उनी अजिङ्गर बन्नै पर्ने भयो । आफ्नो केही सीप नचलेपछि मन्त्र फुकेको एक मुठी चामल(अक्षता) आफ्नी श्रीमतीलाई दिँदै भने, 'म अजिङ्गर बन्छु, तिमी नडराइकन मलाई यो अक्षताले छर्कनु । अनि म पुनः मान्छे बन्छु । ' भन्दै उनी ठूलो अजिङ्गर बने । आफ्नो अगाडि एक्कासी अजङ्गको अजिङ्गर देखेपछि नररूपाको होसहवास नै उड्यो । डरका कारण उनले आफ्नो लोग्ने दिएको मन्त्र फुकेको चामलले समेत हान्न बिर्सिन् । र, भाग्न थालिन् । तर अजिङ्गर भने आफूलाई मन्त्र फुकेको अक्षताले हान्न लगाउनको लागि उनै पत्नीको पछिपछि लाग्यो । अजिङ्गर आफूतिर बढेको देखेर नररूपा झन डराएर भागिन् । यसरी अजिङ्गर बनेको आचाजु अगिअगि र नररूपा पछिपछि भए । डरका कारण नररूपाले आफ्नो लोग्ने नै अजिङ्गर बनेको कुरा भुसुक्कै बिर्सिन् र अक्षताको कुरा पनि बिर्सिन् । अजिङ्गरले आफूलाई खान आएको भनी भागेकी नररूपाले हडबडाएर आफ्नो हातमा भएको मन्त्रयुक्त अक्षतासमेत खान पुगिन् । यसले गर्दा उनी पनि अजिङ्गर नै बन्न पुगिन् ।

यसरी दुवै अजिङ्गर बनेपछि पुनः मान्छेको रूपमा आउन पुरोहित तथा तन्त्रमन्त्र जान्ने मान्छेहरू धेरै ओहोरदोहोर हुने हालको योसिंखेलस्थित भद्रकाली पीठमा दुवै गएर बसे । धेरै दिनपछि पनि कसैले उनीहरूलाई मन्त्र फुकेको चामल नफ्याकेपछि र मन्त्र फुकेको चामले छर्केला र पुनः मान्छे बनौला कि भनी राजदरबारतर्फ दिनको ४/५ पटक हेर्दा पनि केही सीप नलागेपछि दुवै निरास भएर आत्महत्या गरे । उनीहरूको लास त्यही रहिरह्यो ।

यसरी दुवै अजिङ्गर मरेको केही समयपछि शिवदेवको राज्यमा फेरि ठूला अनिकाल पर्छ । राजाले देशको अनिकालको स्थिति हटाउन छलफल गर्न भनी आफ्नो गुरु शेखर आचाजुलाई बोलाउँन पठाउँदा त घरमा कोही पनि नभएको खबर पाउँछ । त्यसपछि आफै गएर हेर्न जाँदा घर त माकुराले जालोले बेरिएको जीर्ण अवस्थामा पाउँछ । साथै घरबाट अजिङ्गर हिँडेको बाटोसमेत उनले देख्छ । त्यो बाटो खोज्दै जाँदा हालको योसिंखेलसम्म पुगेको र त्यहाँ अजङ्गको दुइता अजिङ्गरको लास उनले देख्छ । आफ्ना गुरु जेपनि बन्न सक्ने भएको हुनाले त्यही अजिङ्गर, अजिङ्गरनी नै आफ्ना गुरु शेखर आचाजु र उनकी श्रीमती नररूपा भएको निष्कर्षमा राजा पुग्छन् ।

यसरी आफ्नो गुरुले राज्यको लागि गरेको योगदानको सम्मानमा अन्य गुरु पुरोहितहरूसँग सल्लाह गरी राजाले अजिङ्गर अजिङ्गरनीको हलिंपत (ठूलो चित्र) बनाई लामो काठमा झुण्ड्याई सुरु गरेको जात्रा नै आजको लिङ्गो उठाउने जात्रा हो ।

### ३.३.६.३ विश्वध्वजा जात्राको कथाको तत्त्वगत विश्लेषण

### ३.३.६.३.१ कथावस्तु

प्रस्तुत कथाको प्रसङ्ग लिच्छविकालीन् नेपालमा किराँतीहरूबाट गर्न आएको आक्रमणबाट सुरु भएको छ । तत्कालीन समयमा हरेक कुरा तन्त्रमन्त्र तथा देवीदेवताको साथबाट सम्पन्न हुने विश्वासअनुसार नै कथामा पनि तत्कालीन राजा शिवदेवले सङ्कट मोचनको लागि आराध्यदेवी बज्रयोगिनीसँग सहयोग माग्छन् । अनि देवी बज्रयोगिनीले पनि सङ्कट मोचनको लागि दैवीय शक्तिको आवश्यकता नरहेको तथा उनैको गुरु शेखर आचाजू नै काफी भएको सन्देशकासाथ कथा अगाडि बढेको छ । कथामा आफ्नी श्रीमतीको ढिपीको अगाडि केही सीप नलागी अजिङ्गर बनेको शेखर आचाजूदेखि डराएर आफ्नो श्रीमान्ले अजिङ्गररूपी श्रीमानलाई छर्कन दिएको अक्षता खान पुग्दा श्रीमती पनि अजिङ्गर नै बन्न पुग्नु चरमोत्कर्षको भाग हो भने दुवै दम्पति अजिङ्गर बनिसकेपछि आफ्नो उद्धारको लागि मन्त्र युक्त अक्षताको  आशमा भद्रकाली पीठमा असहाय बस्नु र अन्त्यमा निरास भएर आत्महत्या गर्नु सङ्घर्षन्हास हो । अनि आफ्नो गुरुको त्यस्तो विपत्ति भएको थाहा पाई सोही गुरुको सम्मानमा जात्रा चलाउने संस्कृतिको निर्माण गरेको सांस्कृतिक सन्दर्भलाई जोडेर कथाको समापन गरिएको छ । त्यसो त कथामा कथामा तन्त्रद्वारा मान्छे नै सयौं हात भएको बाघ बन्नु, अजिङ्गर बन्नुजस्ता अतिरञ्जनायुक्त कुराहरू पनि समावेश गरिएको छ, यद्यपी तत्कालीन तान्त्रिककालमा त्यसलाई पूरै अविश्वासको खाल्डोमा फाल्नु पनि उपयुक्त नहोला । प्रस्तुत कथामा लिच्छविकालीन शासक तथा गुरुहरूको नामसमेत उल्लेख गरी तत्कालीन घटनाहरूलाई विश्वसनीय ढङ्गबाट अगाडि सारिएको छ । विभिन्न घटनाहरूको सही संयोजनबाट निर्मित यस कथा पूर्ण तथा सफल एवम् रोचक र ‍ह्दियस्पर्शी बन्न पुगेको छ ।

### ३.३.६.३.२ पात्र

प्रस्तुत कथा मानव पात्र र मानवेतर पात्रको रूपमा देवी बज्रयोगिनीको भूमिकामा संरचित छ । मानव पात्रको रूपमा राजा शिवदेव, उसका गुरु शेखर आचाजु, शेखर आचाजुकी श्रीमती नररूपा, किराँतीहरू तथा राजाका भारदारहरू रहेका छन् भने मानवेतर पात्रको रूपमा देवी बज्रयोगिनी रहेकी छन् । कथामा प्रमुख पात्रको रूपमा राजगुरु शेखर आचाजु रहेका छन् । उनी तन्त्रविद्याले युक्त हुनुको साथै हरेक कुरा गोप्य राख्न सक्षम व्यक्तिको रूपमा कथामा आएको छ । उनी हरेक प्राणीको रूप धारण गर्न सक्छ तर यो कुरा कसैलाई थाहा हुँदैन । उनी राष्टभक्त व्यक्तिको रूपमा पनि कथामा आएका छन् । त्यसैले राज्यमा किराँतीहरूले आक्रमण गर्दा आफ्नो अलौकिक क्षमताका कारण शत्रुलाई भगाउन उनी सफल हुन्छन् । यति हुँदाहुँदै कसैको लिँडेढिपी सामु झुक्ने उनको कमजोरी रहेको छ । त्यसैले आफ्नी श्रीमतीको

लिँडेढिपीका कारण उनी अजिङ्गर बन्न विवस हुन्छ र त्यही कारण उनी मृत्युमा मुखमा समेत पुग्छ । यसरी यस कथामा राजगुरु शेखर आचाजु तन्त्रमन्त्रले निपुण भएपनि समयअनुसार पाइला चाल्न असमर्थ गतिहीन पात्रको रूपमा उपस्थित भएका छन् । पात्रमा अर्का प्रमुख पात्रको रूपमा लिच्छवि राजा शिवदेव आएका छन् । उनी धार्मिक आस्था र तन्त्रमन्त्रमा विश्वास राख्ने राजाको रूपमा कथामा उपस्थित भएको छ । त्यसैले तन्त्रविद् शेखर आचाजुलाई राजगुरु नै बनाएका छन् उनले । उनी सङ्कट पर्दा आफ्नै बलबुताले लड्नुभन्दा पनि दैवीय शक्तिको आव्हान गर्ने पात्रको रूपमा कथामा उपस्थित भएका छन् । त्यसैले जब आफ्नो देशमा किराँतीहरूले आक्रमण गर्न आए तब ऊ आफ्नो आराध्यदेवी बज्रयोगिनीको शरणमा सङ्कटको विमोचनको निम्ति गए र त्यसपछि आफ्नो राजगुरु शेखर आचाजुको शरणमा । उनी कसैसँग सहयोग लिइसकेपछि त्यसलाई केहीसमयपछि बिर्सने र आफूलाई सहयोग चाहिएपछि मात्र सम्भmने पात्रको रूपमा पनि आएका छन् । त्यसैले जबजब आफूलाई चाहिन्छ तबतब मात्र उनले भगवान तथा राजगुरु शेखर आचाजूलाई सम्झेका छन् । यसका अतिरिक्त पनि उनी गुणको बदला गुणले तिर्ने कृतज्ञ राजाको रूपमा आएका छन् । आफ्नो राज्यम किराँतीहरूले आक्रमण गर्न आउँदा धपाएकाले शेखर आचाजूलाई सम्मान स्वरूप घरसम्म जात्रा गरी पुऱ्याउन जानु तथा त्यही गुरुको सम्मान लिङ्गो ठड्याई जात्रा गरेर आफ्नो गुरुको शरीर सबैलाई प्रदर्शन गर्ने जात्रा नै चलाउनुबाट पनि उनको कृतज्ञता स्पष्ट हुन्छ ।

कथामा गुरु पत्नी नररूपा भने अदूरदर्शी, जिद्दी तथा दुःखमा आतिने र सुखमा मातिने अधैर्य नारीको रूपमा प्रस्तुत भएकी छन् । उनै नररूपाका कारण आफ्नो श्रीमान्को दुःखद निधन मात्र भएनन्, स्वयम् आफूसमेत मृत्युको मुखमा पर्नुपर्ने अवस्था आइपुग्यो । कथा आफ्नो श्रीमान्लाई लावालस्करका साथ राजाले पुऱ्याउन आएपछि त्यसबारे उनले सोधीखोजी गरिन् । र त्यसको कारण भन्न आफ्नो श्रीमान्लाई बाध्य पारिसकेपछि नागको रूप धारण गर्नसमेत बाध्य पारिन् र जब आफ्नो श्रीमान्ले नागको रूप धारण गरे तब आत्तिएर उनले दिएको अक्षताले छर्कनुको सत्ता आफै खान पुग्छिन् जसले गर्दा आफू स्वयम् पनि नाग नै बन्न पुगेकी छन् । उनले आफैले आफ्नो श्रीमान्लाई नाग बन्न बाध्य पारेर फेरि आफैले बिर्सेर नागदेखि तर्सँदा दुवैको दुःखत निधन हुन पुगेको छ । कथामा उनै नररूपाको कारण दुवै दम्पतिको दुःखद् निधन भएको कारण उनलाई खलपात्रको रूपमा पनि लिन सकिन्छ । कथामा मानवका अतिरिक्त पनि बज्रयोगिनी देवीको पनि भूमिका आएको छ । कथामा बज्रयोगिनी देवी आफ्नो भक्तको सङ्कट मोचन गरिदिने देवीको रूपमा प्रस्तुत भएकी छन् । साथै कथामा किराँतीहरू पनि खलपात्रको रूपमा गौण भूमिकामा प्रस्तुत भएका छन् । यसरी कथामा देवी बज्रयोगिनी, राजा शिवदेव, राजगुरु शेखर आचाजू अनुकूल पात्रको रूपमा आएका छन् भने गुरूपत्नी नररूपा तथा किराँतीहरू प्रतिकूल पात्रको रूपमा आएका छन् ।

### ३.३.६.३.३ परिवेश

प्रस्तुत कथा लौकिक परिवेशमा निर्माण गरिएको कथा हो । कथाको प्रकृति र घटनाक्रमबाट कथाको समय नेपालमा किराँतकाल सुरु हुनुपूर्व लिच्छविकालीन कथा हो भन्ने कुरा सजिलैसँग बुझ्न सकिन्छ । कथामा किराँतहरूले आक्रमण गर्नु, रक्षाको लागि बज्रयोगिनीदेवीसँग सहयोग माग्नु, बज्रयोगिनी देवीले दर्शन दिई राजगुरु शेखर आचाजूसँग सहयोग गर्न सुझाव दिनु, राजगुरुले सहश्र बाघको रूप धारण गर्नु, त्यही र व्यक्ति नागको रूप धारण गर्नु लगायतका घटनाले लौकिक युग भएपनि तान्त्रिक विदाद्वारा जुनसुकै कार्य गर्न सक्षम रहेको समयको घटना भन्ने बुझिन्छ । यसका साथै कथामा वर्णित शिवदेव, शेखर आचाजु, नररूपा जस्ता व्यक्ति र भद्रकालीको पीठ, योसिंखेल जस्ता स्थानको नाम नै तोकेर देखाएकोले विशिष्ट परिवेशमा रचित कथा हो भन्ने स्पष्ट हुन्छ । कथामा मान्छेले बाघको रूप धारण गर्नु, अजिङ्गर बन्नु जस्ता घटनाले अन्धविश्वासलाई प्रश्रय दिएको जस्तो देखिएपनि तत्कालीन समयको तान्त्रिक विदामा त्यस्तो सामर्थ्य भएको कुरा सबैले विश्वास गर्ने गर्दछन् । कथाले बिस्केटजात्रामा उठाइने झुण्ड्याइने हलिंपत वास्तविक नागको नभई नागरूपी मानिसको भएको कुरा छर्लङ्गाएको छ । कथाले बिस्केटजात्राको प्रारम्भमा लिङ्गो उठाउने जात्राबाट सुरु भएको ऐतिहासिक तथ्यसमेत अगाडि सारिएको छ ।

### ३.३.६.३.४ द्वन्द्व

प्रस्तुत कथामा आन्तरिक तथा बाह्य दुवै किसिमको द्वन्द्वलाई समावेश गरिएको छ । घटना अनुसार कथाको सुरुवात नै द्वन्द्वबाट भएको छ । आफ्नो गच्छेअन्सार चल्दै गएको नेपाल मण्डलमा अचानक किराँतहरूले आक्रमण गर्न आएपछि कथाको सुरुवात हुन्छ । कथामा जब किराँतीहरूले भक्तपुरमा आक्रमण गर्न आउँछ, तब राजा शिवदेवमा आन्तरिक द्वन्द्व सुरु हुन्छ । त्यसपछि त्यसको निवारणको लागि आराध्यदेव बज्रयोगिनीदेवीको शरणमा गएपछि देवीले त्यसको निवारणको लागि राजगुरु शेखर आचाजुसँग सल्लाह गर्ने सुझाव दिएर राजा आफूकहाँ आएपछि शेखर आचाजुमा पनि आन्तरिक द्वन्द्वको सुरुवात ह्रुन्छ । शेखर आचाजुको सहयोगबाट नेपालको रक्षा भएपछि जब उनलाई लावालस्करका साथ घरमा पुऱ्याउन आउँछ, तब नररूपामा पनि आन्तरिक द्वन्द्वको सुरुवात हुन्छ । नररूपाको आन्तरिक द्वन्द्व बाह्य रूपमा प्रकट भएपछि केही समय त नररूपा र शेखर आचाजुबीच बाह्य रूपमै द्वन्द्वको अवस्था सिर्जना हुन्छ । त्यस्तै अचानक आफ्नो अगाडि भयङ्कर अजिङ्गर प्रकट भएपछि नररूपामा पुनः बाह्य द्वन्द्व उत्पन्न हुन्छ, जसले गर्दा लोग्नेलाई छर्कनुपर्ने अक्षता खानपुग्छ । दुवै श्रीमान् श्रीमती नागनागिनी भएपछि दुवैमा आन्तरिक द्वन्द्व चरमोत्कर्षमा पुग्छ, र जसले गर्दा दुवैले आत्महत्या सम्म पनि गर्न पुग्छन् । यसरी प्रस्तुत कथा द्वन्द्वको दृष्टिले पनि सबल कथा मान्न सकिन्छ ।

### ३.३.६.३.५ उद्‌देश्य

केही मात्रामा तान्त्रिक विद्या तथा केही मात्रामा सामाजिक संस्कारलाई समेत आधार बनाएर निर्माण गरिएपनि यस विश्वध्वजाको कथाले तत्कालीन समयको सामाजिक तथा सांस्कृतिक पक्षको परिचय दिँदै लिङ्गो उभ्याउने र त्यसमा रहेको हलिंपतको कारणबारे ऐतिहासिक जानकारी दिने उद्‌देश्य लिएको प्रष्टिन्छ । यसका साथै तत्कालीन समयमा कसरी एक राज्यमाथि अर्को राज्यले आक्रमण गर्ने रहेछन् र तान्त्रिक व्यक्तिहरू कतिका शक्तिशाली हुने रहेछन् भन्ने कुराको जानकारी दिनुसमेत यस कथाको उद्‌देश्य रहेको छ। कथाले अझ माथि गएर गोप्य कुराको भेद खोल्न नहुने कुरा सन्देश दिएको छ । प्रायः महिलाहरू नचाहिँदो कुरामा जिद्‌दी गर्ने र लोग्नेले आफ्नी श्रीमतीको जिद्‌दी अगाडि झुक्ने परिपाटीले आखीरमा सबैको विनाश हुन्छ भन्ने सन्देश समेत यस कथाले दिएको छ।

### ३.३.६.३.६ भाषा

यस कथा सरल र सहज हुँदाहुँदै पनि यसका स्थानीय भाषिकाको प्रबलता रहेको पाइन्छ।

| कथामा प्रयुक्त शब्द | वर्तमान नेपाली शब्द |
|---|---|
| योसिंखेल | भेलुखेल |
| किगः | अक्षता |
| हलि | संसार |
| पतः | ध्वजा |

कथामा नेवारी पारिभाषिक शब्दहरूको बाहुल्यता रहेको पाइन्छ। जस्तै

### ३.३.६.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ।

### ३.३.६.३.८ निष्कर्ष

यस कथाको शीर्षक 'विश्वध्वजा जात्राको कथा' राखिएको छ । कथाको प्रमुख उद्देश्य नै भक्तपुरको योसिंखेलमा प्रत्येक वर्षको अन्त्यको दिनमा ठड्याइने त्यसको भोलिपल्ट अर्थात नयाँ वर्षको सुरुको दिनमा ढालिने लिङ्गो र त्यसमा झुण्ड्याइने ध्वजाको बारेमा जानकारी दिनु रहेकोले दिइएको शीर्षक सार्थक मान्न सकिन्छ । पहिलेको सययमा विज्ञान र प्रविधिभन्दा पनि तन्त्रमन्त्रको बाहुल्यता हुने हुँदा यस कथामा पनि मन्त्र विद्याद्वारा नै आफ्ना शत्रुलाई भगाएको कुरा उल्लेख छ । कथाले कसरी लिङ्गो ठड्याउने जात्रा र सुरु भयो र त्यसमा हलिंपत राख्ने कार्य किन गरियो भन्ने कुराको समेत जानकारी दिएको छ । यो कथा रेखित ढाँचामा लेखिएको छ भने दृष्टिविन्दुको आधारमा तृतीय दृष्टिविन्दुको प्रयोग भएको छ । कथामा बिस्केटजात्राको महत्त्वपूर्ण पक्ष समावेश गरिएपनि कथाका प्रमुख पात्र शेखर आचाजु र उनकी श्रीमती नररूपाको दु:खद् अनि ह्दिय विदारक मृत्यु भएको देखाएबाट कथा वियोगान्त बन्न पुगेको छ ।

## ३.३.७ महाकाली-महालक्ष्मीको कथा

### ३.३.७.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको पूर्वी भेगमा पर्ने भक्तपुर नगरमा प्रचलित लोककथा हो । यो कथा भक्तपुर नगरपालिका वडा नं.२ पुखुचामा बस्ने कृष्णलक्ष्मी बोहजूसँग वि.सं. २०७१ वैशाख १२ गते सङ्कलन गरिएको हो ।

यस कथामा भक्तपुरमा प्रत्येक वर्षको वैशाख ३ गते मनाइने महाकाली र महालक्ष्मीको रथ जुधाउने जात्राको बारेमा उल्लेख गरिएको छ । कथा छोटो भएपनि रमाइलो हुनुको साथै सांस्कृतिक पक्षसँग प्रत्येक्ष सरोकार राख्ने विषयमा रहेको छ । यस कथाबाट सामान्य वैमनष्यता र झगडा मानव जातिमा मात्र नभई स्वयम् भगवान्मा पनि हुने रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ । प्रस्तुत कथामा देवीदेवतालाई पनि मानवीकरण गरी सोही देवीदेवताको. झगडालाई जात्राको रूपमा मनाइएको भन्ने कुरा स्पष्ट पारिएको छ ।

### ३.३.७.२ कथाको मूल पाठ

बिस्केतजात्राको ३ गते बिहान महाकालीलाई उनको भाइ पर्ने महाकाल(भैरव)ले **बिस्काजात्रा**को नख:तिया भ्वय् (भोज) बोलाउँछ । संयोगबस त्यसदिन महालक्ष्मी पनि बिस्काकै भोज खान भनी आफ्नी दिदी महाकालीको घरमा गएकी हुन्छन् । जब भोज खान भनी महाकालीको घरमा महालक्ष्मी आइन् तब महाकालीले भनिन्, 'भाइ भैलचाले यो बिस्कामा मलाई भोज

बोलाएका छन्, त्यसैले बरु सँगै जाऔं न भाइको घरमा ।' आफ्नी दिदी महाकालीको कुरा सुनेर महालक्ष्मीलाई मनमा चिसो पस्छ । किनकि भाइ भैरवले महाकालीलाई त नखतिया भोज डाकेको हुन्छ तर महालक्ष्मीलाई भने बोलाएको हुँदैन । तैपनि भाइले बिर्सेर मात्र आफूलाई भने छुटाएको होला भनी आफ्नी दिदीको सुझावमा महालक्ष्मीले सहमति जनाइन् । अनि दुवैजना भाइ भैरवकहाँ भोज गए ।

यता बिस्केतमा भोज डाकेका भैरवले आफूले नबोलाएकी महालक्ष्मीलाईसमेत सँगै ल्याएको कारण महालक्ष्मीदेखिसमेत रिसाउँछ र ढोका थुनेर भित्रै बसिरहन्छ । दुवै दिदीहरूले ढोका खोल्न अनुरोध गर्दा भैरवले भने, 'महाकाली दिदी, मैले त तपाईलाई मात्र **नखतिया भ्वय** बोलाएको हुँ, तर महालक्ष्मीलाई पनि किन ल्याउनु भएको ? जबसम्म महालक्ष्मी तपाई साथ हुन्छे, तबसम्म म तपाईलाई पनि ढोकाबाट भित्र छिर्न दिन्नँ ।' महालक्ष्मीको कारण आफूसमेत भैरवको भोज खान नपाएको कारण विभिन्न आरोपहरू महालक्ष्मीमाथि थुपार्न थाल्छिन् । विना कारण आफूलाई दिदी महाकालीले विभिन्न आरोप लगाएपछि महालक्ष्मीलाई पनि रिस उठ्छ र महाकालीसँग जुध्न थाल्छिन् । यसै क्रममा दुई दिदीबहिनीबीच झगडा पर्छ । जुन झगडाको प्रतीक स्वरूप प्रत्येक वर्ष यो जात्रा मनाइदै आएको छ । जात्राको क्रममा भोलाछें र महालक्ष्मीको बीचमा रहेको सडकमा तीनपल्ट महाकालीको **खः**(रथ)ले महालक्ष्मीको रथलाई लखेटालखेट गरेर जात्रा मनाइने चलन रहेको छ ।

### ३.३.७.३ महाकाली-महालक्ष्मीको कथाको तत्त्वगत विश्लेषण

### ३.३.७.३.१ कथावस्तु

प्रस्तुत कथा भैरबले आफ्नी दिदी महाकालीलाई बिस्केटको भोज बोलाएको प्रसङ्गबाट अगाडि बढाइएको छ । कथाअनुसार महाकाली, महालक्ष्मी र महाकाल (भैरव) बीचमा दिदी बहिनीको नाता हुन्छ र भैरवले महालक्ष्मीलाई बिस्केटको भोज नडाकी महाकालीलाई मात्र भोज डाकेको हुन्छ । उता आफूकहाँ बिस्केटजात्रा मनाउन आएकी बहिनी महालक्ष्मीलाई पनि भाइ भैरवकोमा भोज लान्छन् । जसले गर्दा तिनीहरूबीचमा झगडा हुन्छ । कथामा भाइ भैरवले दुवै दिदीहरूलाई घरमा नभित्र्याएपछि दुवै दिदी बीच एकापसमा विभिन्न आरोप-प्रत्यारोप गरी झगडा हुनु चरमोत्कर्षको भाग हो भने त्यसपछि लखेटालखेट गर्नु सङ्घर्षन्हास हो । अनि तिनै दिदीबहिनीको झगडाको प्रतीक स्वरूप हालसम्म पनि महाकाली-महालक्ष्मीको जात्रा चलाउँदै आएको सांस्कृतिक पक्षमा कथाको समापन गरिएको छ । कथाले देवी देवतालाई मानवीकरण गर्नुमात्र नभई उनीहरूबीचमा पनि मानिसमा जस्तै सामान्य कुरामा झगडा गरेको प्रसङ्गलाई अगाडि सारिएको छ । छोटो घटनाबाट पनि यस कथा पूर्ण तथा रोचक बन्न पुगेको छ ।

### ३.३.७.३.२ पात्र

प्रस्तुत कथामा मानवेतर पात्रको मात्र भूमिका उल्लेख गरिएको छ । कथामा पात्रको रूपमा तीनैजना महाकाली, महालक्ष्मी र महाकाल भैरव भगवानहरू छन् । कथामा प्रमुख पात्रका रूपमा देवी महाकाली आएकी छन् र उनैको सेरोफेरामा कथाले गति लिएको छ । कथामा महाकाली सुरुमा बहिनीप्रति माया गर्ने मायालु दिदीको रूपमा उपस्थित भएपनि कथाको अन्त्यतिर बहिनीप्रति रिस र इर्ष्या गर्ने पात्रको रूपमा आएकी छन् । त्यसैले आफैले भोजमा लगेपनि जब आफ्नो भाइले दुवैलाई द्वारबाट भित्र छिर्न दिँदैन, तब उसैले आफ्नी बहिनीमाथि भएको नभएको गाली गर्न थाल्छिन् र झगडा गर्न पुग्छिन् । यसर्थमा महाकाली कथामा गतिशील पात्रको रूपमा आएकी छन् । त्यस्तै अर्का पात्र महालक्ष्मी भने अदूरदर्शी र अलि लोभी प्रवृत्तिको पात्रको रूपमा उभिएकी छन् । नबोलाएको ठाउँमा भोज जानुहुँदैन भन्ने कुराको हेक्का महालक्ष्मीमा हुँदैन, त्यसैले आफ्नो भाइले नबोलाएपनि उनी भाइकोमा बिस्केटको भोज जान पुग्छिन्, जसले गर्दा सम्मानको सट्टा अपमान मात्र पाउँछिन् । आफूमाथि थुपारिएको मिथ्या आरोपको विरोधमा खुलेरै विरोध गरेकोले उनी पनि गतिशील पात्रकै रूपमा कथामा आएकी छन् । त्यस्तै कथामा पुरुष पात्रको रूपमा महाकाली तथा ्महालक्ष्मीका भाइ भैरव आएको छ । उनी दुवै दिदीहरूलाई पक्षपात गर्ने पात्रको रूपमा मात्र नभई दुवै दिदी बहिनीबीच अनावश्यक रूपमा झगडा लाउने भँडुवाको रूपमा पनि उपस्थित भएका छन् । एक त आफ्नी एउटी दिदीलाई बिस्केटको भोज नै नडाक्ने, त्यसमाथि पनि आफैले भोज बोलाएर आएकालाई सामान्य कारणमा समेत ढोका बन्द गरेर बाहिर राख्ने जस्ता अपमानजन्य काम उनीबाट भएको छ । उनैले गरेको दुष्कर्मको फलस्वरूप निर्दोष दिदीबहिनी एकापसमा झगडा गर्न पुगेका छन् ।

यसरी यस कथामा अनुकूल पात्रको रूपमा महाकाली र महालक्ष्मी आएका छन् भने प्रतिकूल पात्रको रूपमा महाकाल(भैरवनाथ) आएका छन् ।

### ३.३.७.३.३ परिवेश

प्रस्तुत कथा लौकिक परिवेशमा निर्माण गरिएको अलौकिक कथा हो । कथाको प्रवृत्ति हेर्दा कथा बिस्केटजात्रा मनाउन थालेपछिको मात्र घटनाबाट कथा निर्माण गरिएको स्पष्ट हुन्छ । प्रस्तुत कथा स्थान नै तोकेर आएको विशिष्ट परिवेशको कथा हो । कथामा भैरबले पनि आफ्ना दिदीहरूमध्ये एकजनालाई भोज डाकेर अर्केलाई छुटाउने घटनाले गर्दा देवी-देवतामा पनि मानवीय अवगुण रहेको कुरा प्रष्ट हुन्छ । कथाले बिस्केटजात्राको क्रममा मनाइने प्रसिद्ध महाकाली-महालक्ष्मीको जात्राको सुरुवातको ऐतिहासिकतासमेत बोकेको छ । कथाले तत्कालीन समयको सामाजिक परिवेशको चित्रण सशक्त रूपमा गरेको छ ।

### ३.३.७.३.४ द्वन्द्व

महाकाली-महालक्ष्मीको कथा द्वन्द्वप्रधान कथा हो । यस कथामा पनि आन्तरिक र बाह्य द्वन्द्वको प्रबलता रहेको पाइन्छ । कथामा दुवै दिदीबहिनी सँगै भोज खाउँला भनी आफ्नी दिदी महाकालीको घरमा पुगेकी महालक्ष्मीले जब आफ्नो भाइ भैरबले महाकालीलाई बिस्केटको भोज डाकेको थाहा पाइन्, तब उनको मनमा आन्तरिक द्वन्द्वको उत्पन्न हुन्छ । त्यस्तै जब आफ्नो भाइ भैरब तथा दिदी महाकालीले आफूलाई भएको नभएको आरोप लगाउन थाल्छन्, तब महालक्ष्मीमा उत्पन्न भएको आन्तरिक द्वन्द्वले बाह्य प्रतिक्रिया जनाउन पुग्छ, जसले गर्दा दुई दिदीबहिनी बीच झगडाको रूप लिन्छ । त्यस्तै आफ्नो घरमा आएकी महालक्ष्मीलाई भाइ भैरबकोमा लाँदा भैरबले घरको ढोकाबाटै नभित्र्याएपछि दिदी महालक्ष्मीको मनमा पनि आन्तरिक द्वन्द्व उत्पन्न हुन्छ । र, त्यसको प्रतिक्रिया स्वरूप आफ्नै बहिनीमाथि विभिन्न आरोप लगाउन थाल्छिन् । उता भैरबमा पनि आफूले नबोलाएको दिदीसमेत भोजमा उपस्थित हुँदा आन्तरिक द्वन्द्व उत्पन्न भई दुवै दिदीलाई ढोका बाहिरै राखेर ढोका बन्द गर्न पुग्छन् उनी । यिनै आन्तरिक तथा बाह्य द्वन्द्वका कारण प्रस्तुत कथा द्वन्द्वको दृष्टिले पनि सबल कथा मान्न सकिन्छ ।

### ३.३.७.३.५ उद्देश्य

प्रस्तुत कथा पूर्ण रूपमा अलौकिक तथा देवी देवतामा आधारित भएपनि भक्तपुरका तत्कालीन जनताको सामाजिक तथा सांस्कृतिक पक्षको पनि उजागर गर्नु उद्देश्य रहेको पाइन्छ । विशेष गरी भक्तपुरको थालाछें-महालक्ष्मी सडकखण्डमा प्रत्येक वर्षको वैशाख ३ गते मनाइने महाकाली-महालक्ष्मीको रथ जुधाउने जात्राको कारणबारे स्पष्ट पार्ने उद्देश्य रहेको यस कथाले देवीदेवतामा पनि एकापसमा द्वन्द्व हुने कुरा समेत दर्शाएको छ । यस कथाबाट नबोलाइकन आफ्नै माइतमा पनि भोज जान नहुने र गएमा आफैलाई घाटा हुने कुराको जानकारी दिने उद्देश्य पनि प्रस्तुत कथाको रहेको देखिन्छ ।

### ३.३.७.३.६ भाषा

*यस* कथा सरल र सहज हुँदाहुँदै पनि यसका स्थानीय भाषिकाको प्रबलता रहेको पाइन्छ । जस्तैः

| **कथामा प्रयुक्त शब्द** | **वर्तमान नेपाली शब्द** |
|---|---|
| भोज बोलाएको | भोज डाकेको |

| | |
|---|---|
| भैलद्यो | भैरव देवता |
| नखः | चाँडबाँड |
| भ्वय् | भोज |
| खः | रथ |

यसरी यस कथामा नेवारी पारिभाषिक शब्दहरूको बाहुल्यता रहेको पाइन्छ ।

#### ३.३.७.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ ।

#### ३.३.७.३.८ निष्कर्ष

यस कथाको शीर्षक 'महाकाली-महालक्ष्मीको कथा' राखिएको छ । कथाको प्रमुख उद्देश्य नै भक्तपुरको भोलाछें-महाकाली सडकखण्डमा प्रत्येक वर्षको वैशाख ३ गते मनाइने महाकाली-महालक्ष्मीको खत (रथ) जुधाउने जात्राको उत्पतिबारे जानकारी दिनु रहेकाले दिइएको शीर्षकलाई सार्थक मान्न सकिन्छ । तत्कालीन समयमा कुनै किंवदन्तीलाई आधार मानेर विभिन्न जात्रापर्वहरू चलाउने हुँदा यसमा यस कथामा पनि महाकाली-महालक्ष्मीको रथ जुधाउने जात्रा कसरी सुरु भयो भनी जनाउन सफल भएको देखिन्छ ।

## ३.३.८ बाँदर र मानिस

### ३.३.८.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित लोककथा हो । यो कथा भक्तपुर जिल्ला नंखेल गाविस-३, (हाल सूर्यविनायक नगरपालिका-८) ननाबुँ भन्ने ठाउँमा बस्ने तथा स्थानीय गुराँस तामाङ्बाट वि.सं. २०७१/२/२० गते सङ्कलन गरिएको हो । यस कथामा मानिस र बाँदरबीच कसरी शत्रुता पर्न गयो भन्ने कुरालाई दर्शाउने रहेको छ ।

कथामा बाँदर र मानिसबीच पहिला-पहिला कुनै पनि वैमनष्यता नभएपनि बाँदरकी श्रीमतीको हरण गरेबापत मानिस र बाँदरबीच वैमनष्यता उत्पन्न भएको देखाइएको छ । त्यसो त

मानिसले पनि बाँदरनीलाई हरण नै गरेको त भन्न मिल्दैन यद्यपी कथामा बाँदरनीले आफ्नो लोग्ने बाँदरलाई छोड्नैपर्ने स्थिति देखापर्दछ । कथामा बाँदरले पनि मानिसले झैं बोलेको कुरा देखाएर तिलस्मीका कुराहरूलाई पनि समेतिएको छ ।

### ३.३.८.२ कथाको मूल पाठ

एकादेशमा एउटा जङ्गल थियो । उक्त जङ्गलमा एक जोडी बाँदर र बाँदरनी पनि बस्थे । तिनीहरू एकापसमा साऱ्है मिलेका थिए र एकापसमा माया पनि असाध्यै गर्थे । सधैजसो एकापसमा रमाइलो गर्दै दिनहरू बिताइरहेका थिए ।

एक दिन उनीहरू जङ्गलमा बसेर एकापसमा रमाइलो गर्दै थियो है, त्यस्तैमा एक बथान मानिसहरू निकै हतारिँदै कतै गइरहेको उनीहरूले देखे । त्यो देखेर अचम्म मान्दै बादर्नीले सोधि, 'हैन यी मान्छेहरू आज कता जान लाग्या हँ बुढा ?' उनको कुरा सुनेर बाँदरले भन्यो, '**काँ** हुनु नि ! उनीहरू सबै सात दिन हिँडेर यो पहाडाँ पछाडिको जङ्गलमा रहेको पोखरीमा नुहाउन जान लाग्या नि !', ' हैन किन जाँदैछन् त **यिनेरु** ?' आफ्नी बुढी बाँदरनीको यस्तो प्रश्न सुनेर बाँदरले भने, '**लो**, तिमीलाई थाहाँ **छैना** ? आजको सात दिनमा घाम डुब्नुभन्दा पहिले त्यस पोखरीमा जे ईच्छा गरेर **नुहाउँछा**, त्यो ईच्छा पूरा हुन्छ क्या । धन, सम्पत्ति, रूप सबै पूरा **हुन्छा** । त्यै **भे'र** त यी मानिसहरू हतारिँदै त्यतैतिर कुँदेका ।' आफ्ना बुढाको कुरा सुनेर बाँदरनीलाई पनि त्यस पोखरीमा नुहाएर आफ्नो ईच्छा पूरा गर्न मन लाग्छ । त्यसैले आफ्ना बुढा बाँदरलाई जानको लागि आग्रह गर्छे । सुरुमा त बूढो बाँदर मानेको हुँदैन तर आफ्नी बुढीको अगाडि बूढो बाँदरको पनि केही जोर चल्दैन । त्यसैले उनीहरू पनि ती मानिसहरूको पछिपछि लागेका हुन्छन् ।

सात दिनसम्मको लामो हिँडाइपछि उनीहरू पनि मानिसहरूसँगै त्यस पोखरीमा पुगे । त्यस पोखरीमा पुगेपछि सुरुमा केटा मानिसहरू नुहाए । केटा मान्छेहरू नुहाउँदा त्यस बाँदरनी भने केटाहरूसँग नुहाउन लाज मान्दै बसेकी हुन्छे । जब केटी मानिसहरूको नुहाउने पालो आयो तब केटीहरू सँगै त्यस बाँदरनी पनि नुहाउन पुग्छे । बाँदरनी केटीहरूसँग नुहाएर एक सुन्दर केटी बनी । र, आफ्नो लोग्ने बाँदरलाई पनि नुहाएर सुन्दर युवा बन्न आग्रह गरी । आफ्नी बूढी सुन्दरी युवती बनेकोले आफू पनि सुन्दर युवक बन्नको लागि बाँदर पनि पोखरीमा नुहाउन गयो । तर दुर्भाग्य, बाँदर नुहाउँदा घाम डुब्न पुग्छ, जसले गर्दा उक्त बाँदर मान्छे बन्न पाउँदैन । त्यसले गर्दा बाँदर र बाँदरनीलाई साऱ्है नरमाइलो लागिरहेको हुन्छ । त्यसैले बाँदर दुःखी हुँदै रुखमा त युवती रूपी बाँदरनी पनि दुःखी हुँदै रुखको छेउमा बसिरहेका हुन्छन् । अरू मानिसहरू सबै गइसकेपछि पनि उनीहरू के गरुँ, कसो गरुँ भई त्यही बसिरहन्छन् ।

केही समयपछि त्यहाँ एकजना राजकुमार पनि आउँछ र त्यस्तो एकान्त ठाउँमा एक्लै बसिरहेको देखेर उसको नजिकै गएर त्यस युवतीलाई सोध्छ, 'हैन, यस्तो सुन्दर र शान्त ठाउँमा पनि नडराइकन एक्लै बसिरहने तिमी स्वर्गकी परी हौ कि, कुनै देवी हौ या यस बनकी देवी हौ तिमी । यदि भन्न मिल्छ भने मेरो जिज्ञाशालाई शान्त पार देवी ।' राजकुमारको कुरा सुनेर त्यस युवती रूपी बाँदरले आँखाबाट आँशु झार्दै भनी, 'हे युवक, न देवी हुँ न त कुनै परी, म त भाग्यले ठगिएकी एक, बाँदरकी पोई सुन्दरी !'

त्यस युवतीको कुरा सुनेर राजकुमारलाई झन अचम्म लाग्यो र उनले भने, 'हैन, तिम्रो जवाफले त मेरो मनमा झन अनेकानेक प्रश्नहरू खडा हुन थाल्यो । तिमी यति सुन्दरी युवती छौ, तैपनि तिमी आफूलाई एक बाँदरकी पोई भन्छयौ । यो कसरी सम्भव भयो देवी । मलाई छक्याउन मात्र त्यस्तो झुठ बोलेकी हौ भने त्यो तिम्रो ठूलो भूल हुनेछ । हेर देवी, म त्यस्तो नराम्रो व्यक्ति हैन । म त एक अविवाहित राजकुमार हुँ । यदि तिमी चाहन्छयौ भने म तिमीलाई हरेक कुरामा सहयोग गर्न तयार छु । तिमीलाई म मनको मन्दिरमा सजाएर मेरो देशको महारानी बनाउन पनि तयार छु । तर तिम्रो ईच्छाबेगर केही गर्दिनँ । त्यसैले सत्य कुरा मेरा अगाडि भन देवी । कि तिमी कसैबाट धम्क्याइएकी छयौ ?'

राजकुमारको कुरा सुनेर त्यस युवतीले भनी ,'हैन, राजकुमार, न त मलाई कसैले धम्क्याएको नै छ, न त मैले हजुरको अगाडि कुनै झूठ कुरा नै बोलेकी छु । यदि हजुरसँग केही समय बाँकी छ भने म सबै वृत्तान्त हजुरलाई वर्णन गर्छु' भन्दै त्यस युवतीले मानिसहरूको भिँड देखेको देखि लिएर आफू युवती बनेको सबै वृत्तान्त राजकुमारलाई सुनाउँछे । ' त्यसपछि राजकुमारले भन्छ, 'त्यसो भए त झन समस्या पर्‍यो नि । अब न त तिमीलाई कसैले फेरि बाँदर बनाउन सक्छ, न त तिम्रो त्यो लोग्ने भनाउँदा बाँदरलाई मान्छे । तिमी अब बाँदरको जुनीबाट नयाँ जुनीमा प्रवेश गरिसकेकी छयौ । त्यसैले तिमीहरूको मिलन त अब असम्भव जस्तै नै भएको छ । अब तिमीले चाहेर पनि बाँदरको जुनी बिताउन नसक्ने भएकी छयौ भने यस बाँदरको साथ तिमी कसरी दिन सक्छयौ ? अनि यो बाँदरले तिमीलाई कसरी सहयोग गर्न सक्छ ? तिमीले मान्छेसँग विवाह गरी आफ्नो जीवन अगाडि बढाउनुबाहेक तिमीसँग अर्को कुनै विकल्प छैन । त्यसैले तिमी मसँग विवाह गर, बरु यस बाँदरलाई पनि दरबारमा लगेर मिठोमिठो खानेकुरा खुवाउँला, अर्को बाँदरनीसँग विवाह गरिदिउँला । कि कसो ?

समय बित्दै गइरहेको थियो । त्यसैले राजकुमारको कुरा मान्नेबाहेक अर्को विकल्प पनि थिएन तिनीहरूसँग । त्यसैले राजकुमारको कुरामा त्यस युवतीले स्वीकृति दिई ।

नभन्दै त्यस राजकुमारले त्यस युवतीसँग विवाह गरी बाँदरलाई पनि राजदरबारमा लग्यो । दरबारमा लगेपछि बाँदरलाई पनि एउटा राम्रो कोठामा राखियो र मिठोमिठो खान दियो । सुरुमा त बाँदर पनि मिठो खान पाएपछि मख्खै भए । तर जब राती हुँदै गयो, तब राजकुमार र मानिस रूपी बाँदरनी सुत्न भनी अर्कै कोठामा जाँदा बाँदरलाई असह्य भयो । आफू बाँदर

भएपनि आफ्नी श्रीमतीलाई उनले भुल्न सकेको रहेनछ । एक त आफूले निकै मन पराएकी श्रीमती अर्कैसँग सुत्न गएको अवस्था अनि अर्को त आफूलाई एउटा कोठामा सीमित गरेर राखेको अवस्था । उनले सहन सक्ने त कुरै भएन । अनि उक्त बाँदर रिसले चुर हुँदै यताउता चल्न थाल्यो । त्यहाँ भएका सामानहरू पनि बिगार्न थाल्यो । त्यो देखेर दरबारका कर्मचारीहरूलाई पनि रिस उठ्यो । अनि सबै मिलेर उक्त बाँदरलाई समाएर दरबारमा लगे । त्यहाँ पनि उनले आफूलाई काबुमा राख्न सकेन र यताउती चल्दै सबै बिगार्न थाले । तब राजा र रानी दुवैलाई रिस उठेछ । तैपनि सकभर सम्झाउने कोशिस गरे, तर त्यस्तो बाँदरलाई कसले पो सम्झाउन सक्छ र ! उनीहरू पनि कायल भए र उक्त बाँदरलाई जङ्गलमा छोडेर आउने सल्लाह दिए । त्यसपछि दरबारका कर्मचारीहरूले उक्त बाँदरलाई जङ्गलमा छाडेर आए । त्यसपछिदेखि मान्छेलाई देख्दा बाँदरले गुहुर्ने गर्छ /घुर्ने गर्छ ।

## ३.३.८.३ बाँदर र मानिस कथाको तत्त्वगत विश्लेषण

### ३.३.८.३.१ कथावस्तु

प्रस्तुत कथा सधैं मिल्ने बाँदर र बादर्नीको जोडीले एक बथान मानिसहरू हतारिँदै कतै गइरहेको देखेपछि बाँदर्नीले आश्चर्य मान्दै आफ्नो लोग्नेलाई त्यसको कारण सोधेको प्रसङ्गबाट कथा अगाडि बढाइएको छ । कथा अनुसार सो स्थानदेखि सातदिन हिँड्नुपर्ने टाढाको ठाउँमा रहेको तिलस्मीले युक्त पोखरीमा निर्धारित समयमा नुहाएपछि आफूले चिताएको पुग्ने कुरा थाहा पाई ती बाँदरका दम्पति पनि सोही मानिसको बथानसँगै सो तिलस्मी युक्त पोखरीमा जान्छन् । तर बादर्नीले मात्र समयमा नुहाउन सफल हुन्छिन् भने बाँदर असफल ।

कथामा मानिसरूपी बादर्नी राजासँग सुत्न जानु चरमोत्कर्षको भाग हो भने त्यसपछि त्यसबाट रिसाएर बाँदरले सामानहरू यत्रतत्र फाल्नु सङ्घर्षह्रास हो । त्यसपछि बाँदरलाई जङ्गलमा छोडेर आएको प्रसङ्ग अगाडि सारेर कथाको समापन गरिएको छ । कथामा बाँदरबाँदर्नीलाई समेत मान्छेलाई झैं बोल्न लगाएर अतिरञ्जनाको प्रयोग गरिएको छ । कथाको लम्बाइ छोटो भएपनि पूर्ण र रोचक बन्न पुगेको छ ।

### ३.३.८.३.२ पात्र

प्रस्तुत कथा मानव र मानवेतर पात्रको संयोजनबाट निर्माण गरिएको छ । मानव पात्रको रूपमा राजा तथा भींड रहेका छन् भने मानवेतर पात्रको रूपमा बाँदरको दम्पति रहेका छन् ।

कथामा प्रमुख पात्रको रूपमा बाँदरको दम्पति नै रहेका छन् र तिनीहरूकै सेरोफेरोमा कथा घुमिएको छ । बाँदरको दम्पतिमा पनि भाले बाँदर कथाको प्रमुख भूमिकामा आएको छ । भाले बाँदर आफ्नी पत्नीलाई औधी मन पराउने र कसैले उनीमाथि नजर लाउँदा सहनै नसक्ने पात्रको रूपमा कथामा आएको छ । त्यसैले तिलस्मीयुक्त पोखरीमा नुहाएर राम्री मान्छे बनिसक्दा पनि आफ्नी श्रीमतीलाई ऊ छोड्न चाँहँदैन । र, जब मानवको रूप धारण गरेकी आफ्नी श्रीमती राजासँग सुत्न जान्छन् तब उसले सहनै सक्दैनन् र नजिकै रहेको सबै सामानहरू बिगार्न थाल्छन् । यसरी समयअनुसार चल्न नसक्ने भएकोले ऊ गतिहीन पात्रको रूपमा उभिएको छ । कथामा अर्को प्रमुख पात्र बाँदर्नी रहेकी छन् । बाँदर्नी पनि आफ्नो श्रीमान्लाई औधी मन पराउने पात्रकै रूपमा उपस्थित भएकी छन् तर समयको बेगले आफूले थेग्नै नसक्ने गरी बगाएपनि समयसँगै बग्न बाध्य भएकी छन् बाँदर्नी । कथामा उनी आफ्नो लोग्ने बाँदरभन्दा अलि चलाख पात्रको रूपमा उपस्थित भएकी छन् । त्यसैले समयमै तिलस्मी युक्त पोखरीमा नुहाएर आफू बाँदरबाट सुन्दर युवती बन्न सफल भईन् । आफू बाँदरबाट मान्छे बनिसकेपछि पनि बाँदरलाई माया नगरेकी त हैनन् तर बाँदरसँगको जोडी कुनै पनि हालतमा नमिल्ने र आफूसमेत असुरक्षित हुने भएपछि उनी मानिससँग सम्झौता गर्न बाध्य भएकी छन् । कथाको अन्त्यमा आएर उनले बाध्यताबस आफ्नो मायालाई छोड्न पुग्छिन् । कथामा मानप पात्रको रूपमा सिकार खेल्न आएका राजकुमार पनि आएका छन् । कथामा उनी अवसरवादी पात्रको रूपमा आएका छन् । बाँदर्नीबाट मान्छे बनेकी युवतीलाई देखेपछि उनै युवतीसँग बिहे गर्न हरेक किसिमका उपाय लाउन उनी तयार हुन्छन् । यद्यपी उक्त युवतीलाई आफ्नी श्रीमती बनाउने मानवता नै बिर्सने खालको अपराध गर्ने पात्रको रूपमा पनि उनी आएका छैनन् । तैपनि परिस्थितिबाट आफूले लिनसक्ने फाइदा लिने व्यक्तिको रूपमा राजकुमार आएका छन् । कथामा अन्य मानवीय पात्रका रूपमा तिलस्मीयुक्त पोखरीमा नुहाउन जोन मानिसहरूको बथान पनि रहेका छ । जसको भूमिका कथामा गौण बनेका छ । कथामा बाध्यताबस राजकुमारसँग बिहे गरेकी मानवरूपी बाँदरले आफ्नो लोग्नेलाई आफ्नो सतित्त्वबाहेक सर्वस्व सुम्पदा पनि बाँदर सन्तुष्ट बन्न सकेको छैन र जसले गर्दा बाँदरले समग्र मानव जातिप्रति नै ईखको दृष्टिले हेर्ने अवस्था सिर्जना भएको छ ।

### ३.३.८.३.३ परिवेश

प्रस्तुत कथा लौकिक परिवेशमा निर्माण गरिएको भएपनि अलौकिक कुराले भरिएको एक तिलस्मी कथा हो । कथाको प्रकृति हेर्दा कथा ग्रामीण परिवेशमा निकै पहिलेको घटनालाई समावेश गरेर रचिएको कथा भन्ने स्पष्ट हुन्छ । प्रस्तुत कथा सामान्य परिवेशमा निर्माण गरिएको छ । कथामा बाँदर बाँदरनी बीच पनि माया प्रिती हुने, तिनीहरू पनि एकापसमा मानिसले झैं कुराकानी गर्ने, मानिसहरूको भिँड आउने, सात दिनको पारी रहेको पोखरीमा जाने आदि घटनाले ग्रामीण परिवेशलाई जनाउँछ भने पोखरीमा नुहाएपछि मानिसको सबै

इच्छा पूरा हुनु, बाँदर्नी मान्छेको रूप धारण गर्नु, उक्त मान्छेले पनि फेरि बाँदरसँग कुराकानी गर्नु, आदि पक्षले अलौकिक पक्षलाई समेत समेटिएको जनाउँछ । यसरी विभिन्न तिलस्मीका कुराहरूलाई समातिएपनि लौकिक परिवेशमा बाँदर र मानिसबीचको सम्बन्ध बिग्रेकोबारे जानकारी दिनु कथाको मूल ध्येय देखिन्छ । कथाले तत्कालीन समयको सामाजिक परिवेशको चित्रण सशक्त रूपमा गरेको छ ।

### ३.३.८.३.४ द्वन्द्व

प्रस्तुत कथा द्वन्द्वका दृष्टिले पनि उत्कृष्ट कथा हो । कथाको प्रारम्भमै एकापसमा रमाइरहेका बाँदरको दम्पत्तिमा मानिसहरूको भिँड देखेपछि द्वन्द्वको वीजारोपण हुन्छ । मानिसहरूको भिँड देखेपछि बाँदर्नीमा आन्तरिक द्वन्द्व भई त्यसको कारणबारे सोध्न पुग्छे । त्यसपछि जब त्यसको कारणबारे बाँदर्नी प्रष्ट हुन्छे, तब उसको आन्तरिक द्वन्द्वले बाह्यरूप लिई उनीहरू पनि त्यही तिलस्मीयुक्त पोखरीमा जान पुग्छन् र त्यहाँ नुहाउने क्रममा पनि केटाहरूसँग नुहाउने कि ननुहाउने भन्ने बारेमा द्वन्द्व सुरु हुन्छ । तिलस्मीयुक्त पोखरीमा नुहाईसकेपछि बाँदर्नी राम्री युवती बन्दा, राजकुमारले विवाहको लागि प्रस्ताव राख्दा, राजकुमारसँग युवती सुत्न जाँदा बाँदर्नीको साथै बाँदरमा पनि आन्तरिक र बाह्य द्वन्द्व प्रकट हुन्छ । यसका साथै जङ्गलको बीचमा एक युवती बाँदरसँग कुरा गरिरहेको देख्दा, युवतीले आफूलाई बाँदर्नी भएको कुरा बताउँदा, बाँदरले कोठामा सामानहरू बिगार्दा राजकुमार पनि द्वन्द्व प्रकट भएको देखाइएको छ । यस कथामा राजकुमार, बाँदर तथा त्यसकी पत्नीको आन्तरिक एवम् बाह्य द्वन्द्वकै कारण मानिस र बाँदरको बीचमा चिसोपनको वीजारोपण भएको देखाएकोले यस कथालाई द्वन्द्वको दृष्टिकोणले समेत उत्कृष्ट कथा मान्न  सकिन्छ ।

### ३.३.८.३.५ उद्‌देश्य

प्रस्तुत कथा लौकिक परिवेशमा निर्माण गरिएको भएपनि तिलस्मीयुक्त कुराले भरिएको छ र यस कथाको प्रमुख उद्‌देश्य नै बाँदर र मानिसबीचको वैमनष्यता कहाँबाट सुरु भयो भन्ने कुराको जानकारी दिने रहेको देखिन्छ । यस कथाले परापूर्वकालमा बाँदर र मानिसबीचमा कुनै वैमनष्यता नरहेको भएपनि मानिसल बाँदरकी श्रीमतीलाई आफ्नो बनाएको कारण वा भनौं मानिस भएपछि बाँदरकी श्रीमतीले आफूलाई धोखा दिएको कारण बाँदर मानिसदेखि रिसाएर घुर्ने गरेको कुरालाई प्रस्ट पारेको छ । यसका साथै यस कथाले बाँदर दम्पत्तिका लोग्ने जस्दै अल्छि बन्न नहुने सन्देश समेत दिएको छ ।

#### ३.३.८.३.६ भाषा

यस कथा सरल र सहज हुँदाहुँदै पनि यसका स्थानीय भाषिकाको प्रबलता रहेको पाइन्छ, जस्तैः

| कथामा प्रयुक्त शब्द | वर्तमान नेपाली शब्द |
| --- | --- |
| गार्थ्यो | गर्थे |
| भे'र | भएर |
| काँ | कहाँ |
| गा'को | गाएका |

#### ३.३.८.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ ।

#### ३.३.८.३.८ निष्कर्ष

यस कथाको शीर्षक बाँदर र मानिस राखिएको छ । कथाको प्रमुख उद्देश्य बाँदर मानिस जातिबीच कसरी शत्रुता उत्पन्न भयो र मानिसलाई देख्ने बित्तिक्कै बाँदरले किन गुहुर्ने गर्दछ भन्ने कुराको जानकारी दिने रहेकोले दिइएको शीर्षकलाई सार्थक मान्न सकिन्छ । यस कथामा बाँदर र बाँदर्नी बीचको रमाईलो प्रेम प्रसङ्गका साथै बाँदरबाट कसरी मानिसको रूपमा परिणत भयो भन्ने कुराको पनि जानकारी दिइएको छ । कथा आदि, मध्य र अन्त्यको श्रृङ्खलाबद्ध प्रस्तुतिबाट सफल र रमाइलो बन्न सकेको छ ।

### ३.३.९ तिथ्रो र फ्याउरो

#### ३.३.९.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित लोककथा हो । यो कथा भक्तपुर जिल्ला सिपाडोल गाविस-९ (हाल सूर्यविनायक नगरपालिका-८) ननाबुँ भन्ने ठाउँमा बस्ने तथा

स्थानीय पूजा बुढाथोकीसँग वि.सं. २०७१/४/१२ गते सङ्कलन गरिएको हो । तिथ्रो र फ्याउरी बीचमा कसरी शत्रुता उत्पन्न भएर फेरि मित्र बन्न गयो भन्ने कुराको उल्लेख गर्दै स्वार्थी प्रवृत्तिले कसरी सबैलाई हानि गर्छ भन्ने देखाइएको छ । कथामा तिथ्रो र फ्याउरी बीच मित्रता कायम रहेकोमा कसरी स्वार्थले गर्दा दुवैले दुःख भोग्नु पर्‍यो भन्ने कुरा समेत देखाइएको छ

### ३.३.९.२ कथाको मूल पाठ

एकादेशको एउटा जङ्गलमा एउटा तिथ्रो र फ्याउरो थियो । उनीहरूले एकापसमा मित पनि लाएका थिए । रहँदा-बस्दा एकदिन दुवैजनालाई खीर खान मन लागेछ । खीर खान मन त लाग्यो तर पकाउन भने केही सामान थिएन तिनीहरूसँग । त्यसैले खीर पकाउनको लागि सामान कहाँबाट जुटाउने भन्ने बारेमा तिनीहरूले गम्भीर किसिमबाट सल्लाह गर्न पुगे । त्यसपछि भाँडावर्तन जसरी भएपनि जुटाउने मनसायले फ्याउरोले तिथ्रोलाई भनेछन्, 'मित ज्यू, मितज्यू । खीर त हामीले पकाएर खानैपर्छ । त्यसैले तपाई खीरको लागि दूध खोज्न **जानुस**, म चै चामल खोजेर ल्याउँछु ।' हस् भने तिथ्रो पनि गए र फ्याउरो पनि चामल खोज्न हिँडे ।

केही पर पुगेपछि एउटा गोठमा एकजना बूढो मान्छेले दूध दुहिँदै गरेको तिथ्राले देखेछ । अनि तिथ्रो गोठ नजिकै गएर उक्त बूढा व्यक्तिलाई **टोक्न** (ठुँग्न) थाल्यो । अनि त्यस बूढो व्यक्तिले आत्थु आत्थु भन्दै तिथ्रोलाई धपाउन खोज्दा दूध भएको बाल्टीन नै टिपेर तिथ्रो उडेछ । यसरी तिथ्रोले ठुँग्दा ऐया ऐया कराएकोले के भयो भनी त्यस बूढोकी बूढी पनि बाहिर हेर्न आइन् । ठीक त्यसैबेला तिथ्रोको मित फ्याउरोले बूढीले केलाइराखेको चामल पनि चोरेर भाग्यो । अनि त बूढा र बूढी 'चोर चोर' भनी कराउँदै उनीहरूलाई लखेट्न थाले । तर समात्न सकेनन् ।

आफ्नो बासस्थान आइपुगेपछि तिथ्रो र फ्याउरो मिलेर खीर पकाउन थाले । खीर पाक्न थाल्दा दुवैको मुख रसाउन थाल्यो । दुवैले आफूले बढी खान पाए हुन्थ्यो भन्ने सोचेर कसरी आफूले मात्र खाने भनी विचार गर्न थाल्यो । यस्तैमा फ्याउरोले तिथ्रोलाई भनेछ, 'मित ज्यू, मित ज्यू, खीर त पाक्नै लाग्यो तर खाने पो के मा राखेर त ? त्यसैले म यो खीर हेरिराख्छु, तपाई गएर पात खोजेर **ल्याउनुस्** न ।' फ्याउरोको कुरा सुनी तिथ्रोलाई शङ्का लाग्यो । त्यसो त तिथ्रोलाई पनि त सबै खीर खान मन नलागेको कहाँ हो र ! त्यसैले चलाख हुँदै तिथ्रोले फ्याउरोलाई भनेछ, 'हैन मित ज्यू, अब मेरो चुच्चोले त पात पनि लिन गाह्रो हुन्छ, त्यसैले तपाई नै गएर पात ल्याउनुस् बरु मै यहाँ पालो **बसुम्ला** ।' तर फ्याउरो त तिथ्रोभन्दा धेरै चलाख, त्यसैले फेरि फ्याउरोले तिथ्रोलाई भनेछ, 'हैन मित ज्यू, तपाई भने उड्न पनि सक्नुहुन्छ, जसले गर्दा बाटो छोटो हुन्छ र चाँडै आइपुग्न सक्नुहुन्छ । म गएँ भने त कहिले

कहिले हुन्छ । बेकारमा खीर पनि चिसो हुन्छ । चिसो खीर मिठो हुन्न क्या ! त्यसैले तपाई जानुहोस् है । बरु पछि-पछि म जाउँला नि त ।'

फ्याउरोको अगाडि तिथ्रोको केही लागेन । त्यसैले हुन्छ भन्दै तिथ्रो पात खोज्न उड्यो । तिथ्रो गए पनि आफ्नो स्वभाव तथा स्वार्थअनुसार फ्याउरोले खीरको तर हटायो र सबै खीर खायो । अनि भाँडामा दिसा गरेर तरले छोपिदियो ।

उता पात टिप्न गएको तिथ्रो भने सकिनसकी दुईटा पात टिपेर ल्यायो । तिथ्रोले पात टिपेर ल्याएपछि फ्याउरोले बिस्तारै भन्यो, 'ल मित ज्यु, तपाईले कति मिहिनेत गएर पात ल्याउनु भयो । त्यसैले खीर मिठो छ कि छैन भनेर तपाईले नै चाखेर हेर्नु है ।' फ्याउरोको कुरा सुनी तिथ्रोले भन्यो, 'हैन, तपाईले पनि धेरै मिहिनेत गर्नुभएको छ, त्यसैले पहिला तपाई नै **चाख्नुस** ।' तिथ्रोको कुरा सुनी फेरि फ्याउरोले भन्यो, 'हैन, दुःख गर्ने तपाई अनि पहिला खाने म ! यो त बहुत अन्याय हुन्छ नि । तपाईको भए मुख पनि चुच्चो छ, त्यसैले तपाई नै पहिला **चाख्नुस्** ।' फ्याउरोको कुरा सुनी तिथ्रोले पनि लौ त लौ भन्दै खीर चाख्न पुगेछ । तिथ्रोले आफ्नो चुच्चोले खीर चाख्दा त्यसको चुच्चोमा दिशा लाग्न पुग्छ र फ्याउरो चै मनमनै हाँस्न थाल्छ । अनि रिसाउँदै तिथ्रोले भन्यो, 'मैले झन तँलाई आफ्नो खास साथी भनेर मनपेट दिएको थिएँ , तर तँ त ब्वाँसोको पनि बाजे रै'छस् । नराम्रो प्राणीसँग सङ्गत गरेर मैले ठूलो भूल **गऱ्याको** रहेछु । जा, अबदेखि तँसँग म बोल्दा पनि बोल्दिनँ ।' भन्दै आफ्नै बाटोतिर लागेछ । फ्याउरोलाई आफूले गरेको कामप्रति पछुतो लाग्छ र तिथ्रोसँग माफी पनि माग्छ तर तिथ्रो भने आफ्नो चित्त दुःखाएर हिँडिदिन्छ ।

फ्याउरोले आफूलाई छक्याएर दिसा खुवाएको कुरा तिथ्रोले भने बिर्सन सकेको थिएन । त्यसैले कसरी फ्याउरोलाई बदला लिने भन्ने बारेमा तिथ्रो सधैं सोचिरहन्थ्यो ।

एकदिन तिथ्रो फ्याउरो भएको ठाउँमा गयो । तिथ्रोलाई देखेपछि फ्याउरोले पनि अहो मितज्यू, मलाई सम्झेर आउनुभएकोमा धन्यवाद भन्दै स्वागत गऱ्यो । अनि तिथ्रोले भने, 'के गर्ने त बैगुनीलाई गुनले मार्नुपर्छ भन्छन् । तिमीले जे गरेपनि मैले तिमीलाई बिर्सन सकेको छैन । अब कुरो के भन्दा खेरी आज हाम्रो गाउँमा बिहे छ, त्यसैले त्यहाँ बाजा बजाउँन जाऔं भनेर बोलाउन आएको हुँ म त ।' बिहेको भोज भन्ने बित्तिक्कै फ्याउरोको जिब्रोमा ऱ्याल आउन थाल्यो । अनि लौ त त्यसो भए छिट्टै जाउँ न फेरि अबेर होला भन्दै जान तयार भए ।

फ्याउरोलाई लिएर तिथ्रो जङ्गलतिर लाग्यो । अरिङ्गालको गुँड भएको एउटा ठूलो रुखको मुनि फ्याउरोलाई एकछिन बस है भन्दै तिथ्रो माथि उड्छ र उक्त अरिङ्गालमा ठुँग्न थाल्छ । त्यसपछि अरिङ्गालहरू आएर फ्याउरोलाई फोकै फोकै हुने गरी टोक्न थाल्छ । फ्याउरोले जति तिथ्रोलाई बोलाएपनि तिथ्रो भने मख्ख पर्दै पछाडि बसेर हेरिरहेको हुन्छ । अरिङ्गालले उठ्नै नसक्ने गरी टोकेपछि तिथ्रो आएर 'मितज्यू, के भयो कसरी यो फोका ?' भनेर सोच्न

आउँछ । अनि फ्याउरोले आफूलाई अरिङ्गालले टोकेको कुरा रँदै बताएपछि तिथ्रोले भन्यो, 'के गर्नु त मित ज्यू, खीरको स्वाद अरिङ्गालले पनि पाएछ होला नि । तैपनि म तिमीलाई अलिकति घिसार्छु केही बिसेक हुन्छ भन्दै घिसार्छ । फ्याउरोलाई अलि बिसेक हुन्छ । अनि फ्याउरोले आफूले पहिला गरेको गल्तीप्रति माफ माग्दै भन्यो, 'हेर तिथ्रो तिमीलाई झुक्याएर दुःख दिएकोमा मलाई माफ गर है । कुबुद्धिले घेरेपछि कहिलेकाँही त्यस्तै हुने रहेछ । अबदेखि पुनः हामी पहिलेझैं मिलेर बसौं है ।' त्यसपछि फ्याउरो र तिथ्रो पुनः मिलेर बसेछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरुखुरु आउँला............।

## ३.३.९.३ तिथ्रो र फ्याउरो कथाको तत्त्वगत विश्लेषण

### ३.२.९.३.१ कथावस्तु

प्रस्तुत कथाको प्रारम्भ एकापसमा मित लाइरहेको तिथ्रो र फ्याउरीमा खीर खान मन लागेपछि खीर पकाउने कार्य गरेकोबाट भएको छ । कथामा दुवै मिलेर खीर पकाएपछि फ्याउरीले छल गरेर आफू मात्र खीर खाई तिथ्रोलाई दिसा खुवाएको चरमात्कर्षको भाग हो भने फ्याउरीसँग रिसाएर तिथ्रो हिँड्नु चै सङ्घर्षन्हास हो । अनि तिथ्रोले पनि फ्याउरीलाई भोज डाकेको बहानामा बोलाएर अरिङ्गालद्वारा आत्थुआत्थु गरी टोकाएर बदला लिनु समापनको भाग हो । यसरी विभिन्न घटनाहरूको संयोजनबाट कथा पूर्ण बन्न सफल भएको छ । अतः तिथ्रो र फ्याउरी पूर्ण कथावस्तु भएको एउटा सफल र लोकप्रिय लोककथाको रूपमा रहेको छ ।

### ३.३.९.३.२ पात्र

प्रस्तुत कथा मानवेतर तथा मानव पात्रको भूमिकाबाट अगाडि बढाइएको छ । यसमा मानवेतर पात्रको रूपमा तिथ्रो र फ्याउरी आएका छन् भने मानव पात्रको रूपमा गाउँको बूढा र बूढी आएका छन् । यस कथाको प्रमुख पात्रको रूपमा मानवेतर पात्र तिथ्रो आएको छ र उनैको सेरोफेरोमा कथा अगाडि बढेको छ । उनले आफ्नै चतुऱ्याईमा खीर पकाउन सक्षम भएको मात्र नभई आफूलाई धोखा दिने फ्याउरीलाई बदला लिएर राम्रो पाठ समेत सिकाउन सफल भएको छ । कथामा सहायक पात्रको रूपमा पनि मानवेतर पात्र नै फ्याउरी आएको छ र उनकै स्वार्थी भावनाका कारण दुवैले दुःख पाएका छन् । फ्याउरो धूर्तताबाट बन्न गएको खीर समेत आफूमात्र खाई तिथ्रोलाई धोखा दिने गर्दा पछि उनले तिथ्रोसँग माफी माग्ने

अवस्थासमेत कथामा सिर्जना भएको छ । कथामा मानव पात्रको रूपमा आएका बूढा र बूढी भने गौण भूमिकामा छन् । कथाले तिथ्रो र फऱ्याउरी मिलेर मानव पात्र बूढा र बूढीलाई छक्याउन सफल भएका छन् ।

### ३.३.९.३.३ परिवेश

प्रस्तुत कथा लौकिक परिवेशमा निर्माण गरिएको भएपनि अलौकिक कुराले भरिएको एक तिलस्मी कथा हो । कथामा तिथ्रो र फ्याउरीबीच मित्रता हुनु, बूढा र बूढीले बाल्टीनमा दूध दुहिदै गर्नु, बूढीले केलाइराखेको चामल चोर्नु आदि प्रसङगले कथाले फाट्फुट्ट एउटा दुईटा मात्र घर भएको ग्रामीण परिवेशलाई प्रस्तुत गरिएको छ । कथामा तिथ्रो र फ्याउरी पनि मानिसहरूभ्कै बोल्नु, उनीहरूले पनि खीर पकाएर खानु जस्ता प्रसङ्गले अलौकिक विश्वासलाई पनि कथाले स्थान दिएको पाइन्छ । समग्रमा कथाले ग्रामीण वातावरणलाई चित्रण गरिएको छ ।

### ३.३.९.३.४ द्वन्द्व

प्रस्तुत कथा द्वन्द्वका दृष्टिले पनि उत्कृष्ट कथा हो । कथामा आन्तरिक र बाह्य द्वन्द्वले उचित स्थान पाएको छ । कथामा तिथ्रो तथा फ्याउरीले खीर पकाउनको लागि दूध तथा चामल चोर्दा तिथ्रो र फ्याउरी एवम् बूढाबूढीमा समेत आन्तरिक र बाह्य द्वन्द्व उत्पन्न भएको छ भने खीर खानको लागि थाल खोज्ने क्रममा, तिथ्रोलाई खीरको सट्टामा दिसा खुवाउँदा, तिथ्रोले पनि भोजको बहानामा अरिङ्गालद्वारा फ्याउरीलाई टोक्न लगाउँदा तिनीहरूबीचमा पनि आन्तरिक एवम् बाह्य द्वन्द्वको प्रस्तुति कथामा गरिएको छ ।

### ३.३.९.३.५ उद्देश्य

कथाले मनोरञ्जन प्रदान गर्नुको साथै स्वार्थी मानसिकताले कसैको पनि हित गर्दैन भन्ने उद्देश्य राखेको छ । तिथ्रो र फ्याउरीलाई पनि मानिसलाई नै बोल्न तथा काम गर्न लगाएकोले कथाले मान्छेमा भ्कै पशुपंक्षीमा पनि मित्रता एवम् शत्रुताको भाव हुनाका साथै ईखको भावना समेत हुने रहेछ भन्ने कुरा यस कथामा देखाइएको छ ।

### ३.३.९.३.६ भाषा

यस कथा सरल र सहज हुँदाहुँदै पनि यसका स्थानीय भाषिकाको प्रबलता रहेको पाइन्छ । जस्तैः

| कथामा प्रयुक्त शब्द | वर्तमान नेपाली शब्द |
| --- | --- |
| जानुस | जानुहोस |
| बसुम्ला | बसौंला |
| लानुस् | लानुहोस् |
| गऱ्याको | गरेको |

यसरी कथामा कथ्य भाषाको प्रयोग रहेको पाइन्छ ।

### ३.३.९.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ ।

### ३.३.९.३.८ निष्कर्ष

यस कथाको शीर्षक 'तिथ्रो र फ्याउरी' राखिएको छ । कथाको प्रमुख उद्देश्य नै तिथ्रो र फ्याउरीबीच रमाइलो प्रसङ्गबाट स्वार्थी भावना त्याग्नुपर्ने देखाएकोले दिइएको शीर्षकलाई सार्थक मान्न सकिन्छ । यस कथामा तिथ्रो र फ्याउरी बीचको मित्रतादेखि उनीहरूले खीर पकाउन गरेको सङ्घर्ष, खीर पाकिसकेपछि फ्याउरीले दिएको धोखा, तथा तिथ्रोले लिएको बदला र फेरि भएको मिलनलाई आदि, मध्य र अन्त्यको श्रृङ्खलाबद्ध प्रस्तुतिबाट सफल र रमाइलो बन्न सकेको छ ।

### ३.३.१० एकताको बल

#### ३.३.१०.१ कथाको परिचय

प्रस्तुत कथा भक्तपुर जिल्लाको दक्षिणपूर्वी भेगमा पर्ने सिपाडोल-९, भक्तपुर(हाल सूर्यविनायक नगरपालिका-८) प्रचलित लोककथा हो । यो कथा सूर्यविनायक नगरपालिका -८, (पूर्व मालीगाउँ सिपाडोल)मा बस्ने अमर तामाङ्सँग वि.सं. २०७१ वैशाख १८ गते सङ्कलन गरिएको हो ।

यस कथामा एकतामा ठूला शक्ति हुने सन्देश दिँदै दाजुभाइ एकापसमा मिले हरेक असम्भव देखिने कुरा पनि सम्भव हुने तर दाजुभाइबीच बेमेल भए सानोभन्दा सानो कुरा पनि गर्न असमर्थ हुने कुरालाई सप्रमाण प्रस्तुत गरिएको छ । यस कथामा एक बुद्धिमान बुबाले कसरी आफ्ना मुर्ख छोराहरूलाई एकतामा बल हुने कुरा सिकाएको रहेछ भन्ने कुरा ह्विदयस्पर्शी ढङ्गबाट व्यक्त गरिएको छ ।

#### ३.३.१०.२ कथाको मूल पाठ

कुनै एउटा गाउँमा एकजना बूढो व्यक्तिका ५ जना छोराहरू थिए । छोराहरू अलि सानै हुँदा नै आमा बितेकीले गर्दा छोराहरूको हेरविचार पनि बुबाले नै गर्दै आएका थिए । तर बुबाको संरक्षणमा हुर्केका छोराहरूले बुबाको ईच्छा अनुसारका काम भने गर्न सकिरहेका थिएनन् ।

ती बूढाका सन्तानहरू ठूला भइसके पनि केही पनि काम गर्न जाँगर चलाउने प्रयास गरेनन् । आफ्नो बुबाको सम्पत्तिमा मात्र मस्ती गरेर रमझममा तिनीहरूले जीवन बिताइरहेका थिए । भविष्य के हुन्छ भन्ने कुरा तिनीहरूले कहिल्यै सोचेनन् । यत्रतत्र बरालिएर हिँड्ने, हाँस ठट्टा गर्ने, अरूलाई जिस्क्याउने अनि आफ्नो घरको सम्पत्ति बिगारेर खानमै तिनीहरू व्यस्त थिए । तर काम नगरी खाँदाखेरि जतिसुकै धन भएपनि कति नै दिन टिक्छ र ! यही कुरामा बुबालाई चिन्ता लागिरहेको थियो । यसका साथै ती पाँचजना कहिल्यै पनि मिल्न सकेका पनि थिएनन् । तिनीहरूको एकापसको आरोप-प्रत्यारोपले गर्दा गाउँका अन्य व्यक्तिहरूले समेत नराम्रो सोच्न थालिसकेका थिए । त्यसबारेमा बुबाले जति सम्झाएपनि छोराहरू सम्झिन सकेका रहेनछन् ।

समय बित्दै जाँदा बुबा पनि नराम्रोसँग बिरामी भएछन् । जतिसुकै उपचार गर्दा पनि निको हुन नसकेपछि बुबालाई आफू बाँचिएला झैं लागेन । अनि आफ्नो अन्तिम अवस्था आएको सम्झेर बुबालाई आफ्ना सबै सन्तानहरूलाई बोलाएर भने, 'छोराहरू हो ! खै अब त **मो** पनि धेरै दिन बाँच्ला जस्तो **छैना** । त्यसैले मोलाई लठीको एक मुठा दिनु **ता** ।' बुबाचैको कुरा सुनेर सबै अचम्ममा परे । तैपनि बुबाको अन्तिम ईच्छा ठानेर सबै मिलेर ४/५ वटा लठीको

एक मुठा दिए । लठीको मुठा पाइसकेपछि आफ्नो जेठो छोरालाई बोलाएर भने, 'बाबु, **त्वँ** त निकै बलिया **छाउ भन्छा** हैना ?', त्यसैले यो लठीको मुठालाई आफ्नै हातले एकचोटी भाँचेर मलाई दिनु त ।' बुबाको अन्तिम आज्ञा मानेर जेठो छोराले भाँच्ने निकै प्रयास गर्‍यो । तर उनी सफल भएनन् । त्यसपछि माइला छोरालाई बोलाएर भने, 'छोरा **त्वँ** आफूलाई निकै बुद्धिमान् ठान्छौं **हैना** ?, अब आफ्नै हातले यो लठ्ठीको मुठालाई भाँचेर देखा **ता** ' माइलो पनि निकै कोशिस गरे पनि सफल हुन सकेन । यसरी बुबाले पाँचै जना छोराहरूलाई पालैपालो लठीको मुठा भाँच्ने दिए । तर कसैले सकेनन् । त्यसपछि बुबाले लठीको मुठा फुकालेर सबैलाई एउटा एउटा दिए । अनि छोराहरूले त्यो लठीलाई सजिलैसँग भाँच्न सफल भए । तब बुबाले भने, 'हेर छोरा हो, मिलेर **बस्या** भने कसैले पनि **भाँच्ना** वा **बिगार्ना** सक्दैना । जव तिमीहरू एकापसमा मिल्न सक्दैनौं र एक्लाएक्लै पर्छौ तब अरूले सजिलैसँग तिमीहरूलाई पनि बिगार्ना सक्छ जसरी तिमीहरूले लठीलाई भाँच्न सफल भयौं । त्यसैले तिमीहरू सधैं मिलेर बस्नु है '

बुबाको कुरा सुनेर छोराहरू एकतमास भए ।

### ३.३.१०.३ एकताको बल कथाको तत्त्वगत विश्लेषण

### ३.३.१०.३.१ कथावस्तु

प्रस्तुत कथाको प्रारम्भ बुबाको संरक्षणमा हुर्किएका तर एकापसमा मिल्न नसकिरहेका र मिहिनेतलाई पाखा लाउँदै मोजमस्तीमा रमाइरहेका छोराहरूको प्रवृत्तिबाट अगाडि बढेको छ । कथामा प्रत्येक छोराहरूले लठीको मुठालाई भाँच्न खोज्नु चरमोत्कर्षको भाग हो भने लठ्ठी भाँच्ने नसकेर निरास हुनु सङ्घर्षह्रास हो । अनि बुबाले ती सबै छोराहरूलाई लठीको मुठाको सट्टा एउटा-एउटामात्र लठी दिएर भाच्न लगाउँदा भाँच्न सक्नुबाट एकताको पाठ पढाउनु कठाको समापन हो । यसरी विभिन्न घटनाहरूको उचित संयोजनबाट कथा सफल उत्कृष्ट हुनुको साथै सन्देशमूलक  समेत बन्न पुगेको छ ।

### ३.३.१०.३.२ पात्र

प्रस्तुत कथा मानव पात्रको भूमिकाबाट अगाडि बढाइएको छ । यस मानव पात्रको रूपमा गाउँको बूढा र उनका छोराहरू छन् । यस कथाको प्रमुख पात्रको बूढो व्यक्ति रहेको छ र उनैको सेरोफेरोबाट अगाडि बढाइएको छ । कथामा उनले आफ्नो बुद्धिमतापूर्ण कार्यबाट आफ्ना मूर्ख छोराहरूलाई एकताको मिठो पाठ पढाउ सफल भएका छन् । त्यसैले उनी यस

कथामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गतिशील पात्रको रूपमा उभिएका छन् । कथामा सहायक पात्रको रूपमा त्यही बूढाका पाँचजना छोराहरू आएका छन् । उनीहरू सुरुमा मुर्ख तथा मोजमस्तीमा मात्र रमाउने प्रवृत्तिका भएपनि पछि सुध्रिएका देखाएकाले उनीहरूलाई पनि गतिशील पात्रकै रूपमा लिनु पर्दछ । प्रस्तुत कथामा खलपात्रको भने उपस्थिति रहेको छैन ।

### ३.३.१०.३.३ परिवेश

प्रस्तुत कथा लौकिक परिवेशमा निर्माण गरिएको र लौकिक कुराहरूले नै भरिएको एक सामाजिक कथा हो । छोराहरू बरालिएर हिँड्ने, काम नगर्ने, अरूलाई जिस्क्याउने, बिरामी बुबाको उपचार गराउने तथा बूढो बुबाले आफ्नो छोराहरूलाई सप्रमाण अर्ति दिने प्रसङ्गले गर्दा कथाले नगरउन्मुख ग्रामीण परिवेशलाई जनाएको सङ्केत गर्दछ । कथाको प्रकृति हेर्दा कथा ज्यादै प्राचीन घटनाको आधारमा नभई आधुनिक समयको घटनामा आधारिक रहेको पनि स्पष्ट हुन्छ । समग्रमा कथाले आधुनिक जमानाकै नगरउन्मुख ग्रामीण परिवेशलाई सङ्केत गरेको छ भने कथा हालको दिनमा पनि त्यतिक्कै उपयोगी देखिन्छ ।

### ३.३.१०.३.४ द्वन्द्व

प्रस्तुत कथा द्वन्द्वका दृष्टिले पनि उत्कृष्ट कथा हो । कथामा विशेष गरी आन्तरिक द्वन्द्वले उचित स्थान पाएको छ । कथामा आफ्नी पत्नीको मृत्यु हुँदा आफ्ना पाँच सन्तानहरूको हेरविचार कसरी गर्ने भन्ने विषयमा, आफ्ना सन्तानहरू बरालिरहेको अवस्थामा कथाका प्रमुख पात्र बूढो बुबामा आन्तरिक द्वन्द्व उत्पन्न भएको छ आफ्ना बुबाको उपचार सफल नभईरहेको अवस्थामा, बुबाले लठी भाँच्ने कार्य दिएको अवस्थामा छोराहरूमा पनि आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । यस कथामा आन्तरिक द्वन्द्वले प्रबल रूपमा स्थान पाएको छ ।

### ३.३.१०.३.५ उद्देश्य

कथाले मनोरञ्जन प्रदान गर्नुको साथै एकतामा बल हुने हुँदा सबै दाजुभाइहरू एकत्रित हुनुपर्ने उद्देश्य राखेको छ । कथामा पाँचजना मूर्ख छोराहरूको माध्यमबाट जनिसुकै धनमसम्पत्तिले युक्त भएपनि मिहिनेत गर्नेपर्ने र दाजुभाइ बीच एकता नभएमा अरूले सजिलैसँग बिगार गर्नसक्ने हुँदा आफूहरूबीचमा एकता हुनैपर्ने सन्देश मिठो भाषाशैलीमा दिइएको छ ।

### ३.३.१०.३.६ भाषा

यस कथा सरल र सहज हुँदाहुँदै पनि यसमा स्थानीय भाषिकाको प्रबलता रहेको पाइन्छ । जस्तैः

| कथामा प्रयुक्त शब्द | वर्तमान नेपाली शब्द |
|---|---|
| मो | म |
| त्वँ | तँ |
| गर्छा | गर्छ |
| छाउ | छौ |
| भन्छा | भन्छ |
| बस्या | बस्यो |

यसरी यस कथामा तामाङ् समुदायका शब्दहरू मिसिएका छन् ।

### ३.३.१०.३.७ शैली

शैलीको हिसाबले प्रस्तुत कथा वर्णनात्मक शैलीमा रहेको छ ।

### ३.३.१०.३.८ निष्कर्ष

यस कथाको शीर्षक 'एकताको बल' राखिएको छ । कथाको प्रमुख उद्‌देश्य सबैलाई एकतामा बल हुने कुराको जानकारी दिने भएको हुँदा दिइएको शीर्षकलाई सार्थक मान्न सकिन्छ । यस कथामा आमाविहीन छोराहरूको बुबाद्वारा पालनपोषणदेखि लिएर उनीहरू बरालिएर हिँडेका तथा उनीहरूलाई उक्त बुबाले कसरी एकताको बलको पाठ सिकाए भन्ने कुरालाई आदि, मध्य र अन्त्यको श्रृङ्खलाबद्ध प्रस्तुति रहेको छ । त्यसैले. यो कथा एक सफल र रमाइलो हुनुको साथै सन्देशमूलक सामाजिक बन्न सकेको छ ।

## ३.४ निष्कर्ष

यस अध्यायमा जम्मा १० वटा कथाहरूलाई मूल पाठहरू समावेस गरिएका छन् र ती प्रत्येकको तत्त्वगत विश्लेषणसमेत गरिएको छ । पहिलो कथा 'सौतेनी आमा'ले सौतेनी आमाद्वारा आफ्ना सौताका सन्तानहरूमाथि कसरी दृष्टिकोण राख्छन् भन्ने परम्परागत मान्यतालाई बढावा दिएको छ र हरेक कुरालाई धैर्य राखी सहन सकेको खण्डमा उक्त कथाकी सानीले झैं भविष्यमा राम्रो कुरा पनि देखाइएको छ । दोस्रो कथा 'जुकाको गुद्द्वार' पहिलापहिला जुकाको गुद्द्वारा सदा खुल्ला हुने काल्पनिक कुरालाई अगाडि सार्दै एक पतिव्रता माताको श्रापको कारण जुकाको गुद्द्वार नै बन्द भएको तथ्य अगाडि सारिएको छ। तेस्रो कथा 'नरसिंहको घण्टा र खापीमा माछा' पनि दोस्रो कथाकै प्रकृतिको रहेको छ । यस कथामा पनि एक पतिव्रता आमाकै श्रापका कारण भक्तपुरको टौमढीस्थित नरसिंह देवताको मन्दिरमा घण्टा राख्न नसकिएको र भक्तपुर जिल्लाकै दक्षिणी पूर्वी भेगमा अवस्थित खापी भन्ने ठाउँमा माछा नरहेको तथ्य अगाडि सारिएको छ । यी दुवै कथाको माध्यमबाट हरेक कार्य गर्दा परिस्थितिलाई ध्यानमा राख्नैपर्ने कुरालाई विशेष जोड दिइएको छ साथै दुवै कथाले पतिव्रता आइमाईको शक्तिलाई नियाल्दै पतिव्रता आइमाईको सामु स्वयम् भगवान् तथा प्रकृतिसमेत झुक्नुपर्ने अवस्थालाई सङ्केत गरेका छन् । सङ्कलित कथाहरूमध्य चौथौं, पाँचौं छैटौं र सातौं कथा विशेष गरी देवीदेवतासँग सम्बन्धित अनुश्रुति तथा मिथक कथाहरू रहेका छन् । त्यसमध्ये चौंथौं कथा 'टौमढीस्थित भैरबको कथा'ले तत्कालीन समयमा भइरहेको तान्त्रिक विद्याको कारण कसरी काशीको भैरबनाथको टाउको नेपालमा रहन पुग्यो भन्ने तथ्यलाई अगाडि सारिएको छ भने पाँचौं कथा 'नवदुर्गा गणको कथा'ले परापूर्वकालदेखि हेर्न नहुने भनिएको गोप्यकुरालाई विना अनुमति हेर्दा भएको दुष्परिणामलाई सङ्केत गर्दै नवदुर्गा गण कसरी तत्कालीन समयको नगरबाहिर रहन गयो र त्यसका पुजारीहरूको थर कसरी 'बनमाला' रहन गयो भन्ने कुराको तथ्यलाई प्रस्तुत गरिएको छ । त्यस्तै छैटौं कथा 'विश्वध्वजाजात्राको कथा'मा लिच्छविकालीन तान्त्रिक गुरुको तन्त्रशक्तिलाई प्रस्तुत गर्दै भक्तपुरमा मनाइने बिस्केटजात्रामा कसरी लिङ्गो उभ्याउने र त्यसमा हलिंपत अर्थात विश्वध्वजा राख्ने प्रथासमेत थपिन पुग्यो भन्ने तथ्यलाई अघि सारिएको छ । यस कथाले बिस्केटजात्राको क्रममा उठाउने पताका वास्तविक नागनागिनी नभई शेखर आचाजुको प्रतीक मात्र रहेको तथ्यसमेत उजागर गरेको छ । अनि सातौं कथा 'महाकाली-महालक्ष्मीको कथा'मा प्रत्येक वर्षको ३ गते भक्तपुरको थालाछें-महालक्ष्मी सडकखण्डमा मनाउने प्रसिद्ध महाकाली-महालक्ष्मीको रथ जुधाउने जात्रा मनाउनुको कारण स्पष्ट पार्ने कोशिस गरिएको छ । देवीदेवतालाई पनि मानवझै झगडा गराएर रोचक रूपम सातौं कथा अगाडि बढेको छ। यस अध्यायमा सङ्कलित कथाहरू मध्य आठौं र नवौं कथा पशुपंक्षीसँग सम्बन्धित रहेका छन् । आठौं कथाको रूपमा रहेको 'बाँदर र मानिस' कथाले लोककथाको अतिरञ्जनालाई प्रयोग गर्दै मानिसलाई देख्दा बाँदरहरू किन गुहुर्ने/घुर्ने गर्दछन् भन्ने कारणलाई बडो रोमाञ्चकारी ढङ्गबाट प्रस्तुत गरिएको छ । यस कथामा बाँदरबाट कसरी मानिसको विकास भयो भन्ने

वैज्ञानिक कुरालाई पनि अप्रत्यक्ष रूपमा समेतिएको छ । त्यस्तै नवौं कथा 'तिथ्रो र फ्याउरी' कथाको माध्यमबाट तिथ्रो र फ्याउरीबीच रमाइलो प्रसङ्ग उठाई स्वार्थी भावना त्याग्नुपर्ने कुरा व्यक्त गरिएको छ । र, सङ्कलित कथाहरूमध्ये अन्तिम कथाको रूपमा रहेका 'एकताको बल' कथा विशुद्ध सामाजिक परिवेशमा निर्माण गरिएको सन्देशमूलक कथा हो । यस कथामा आफ्ना सन्तानहरूकालई एकताको बलबारे शिक्षादिन एक बूढो व्यक्तिले कसरी रचनात्मक कार्यलाई अगाडि बढाए भन्ने कुरा मार्मिक रूपमा व्यक्त गरिएको छ ।

यसरी यस अध्यायमा भक्तपुरको जिल्लाको पूर्वी भेगमा अवस्थित भक्तपुर नगर तथा त्यसका आसपालका सूर्यविनायक नगरपालिका (साविकका सिपाडोल, नंखेल, चित्तपोल गाविस) मा प्रचलित लोककथाहरूको सङ्कलन गरी त्यसको तत्त्वगत विश्लेषणसमेत गरिएको छ ।

# अध्याय चार

# उपसंहार

## ४.१ सारांश

भक्तपुर जिल्ला कला र साहित्यको उत्कृष्ट धरोहर हो । यहाँको माटो तथा मुटुमा साहित्यिक कलाले भरिपूर्ण रहेको छ । यहाँका प्रत्येक देवल, मठ-मन्दिर, चैत्य-गुम्बादेखि लिएर जातजाति र धर्म सम्प्रदाय साहित्यिक रूपले सम्पन्न रहेका छन् । यहाँ पचपन्न झ्याले दरबार आफ्नै सांस्कृतिक छटा देखेर मुस्कुराएको मात्र हैन, ञातापोल मन्दिर जुनसुकै अवस्थामा अडिग रही कसैको साम् नतमस्तक भएको छ । दरबार क्षेत्रमा कुमारी नाँचेको, टौमढीको भैरव अनि सिद्धिलक्ष्मी हाँसेका, तचपालमा भीमसेनसँगै दत्तात्रय रमेका दृश्यहरूले सबैको मन जित्न निश्चित छ । अझै पनि यहाँका प्रत्येकजसो पाटी पौवामा मृदङ्ग बज्छन्, त्यसमा यहाँका पाका नागरिकहरू आफ्नो स्वर भर्छन्, देवीदेवताको स्तुती गाउँछन् अनि आफ्ना सन्तानहरूलाई ज्ञानले युक्त लोकगाथा सुनाउँछन् ।

यी अनि यस्तै असङ्ख्य सांस्कृतिक तथा साहित्यिक निधिहरूमध्ये यस जिल्लाको पूर्वीय भेगमा प्रचलित केही लोककथाहरू सङ्कलत गरेर तिनीहरूको तत्त्वगत विश्लेषण समेत गरिएको छ । यस क्रममा यस अध्ययनपत्रलाई चार अध्यायमा विभाजन गरिएको छ, जसको पहिलो अध्यायमा अध्ययनपत्रको परिचयको रूपमा रहेको छ । यसमा सङ्क्षिप्त रूपमा अध्ययनको परिचय, समस्या कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनपत्रको औचित्य, अध्ययनको सीमाङ्कन, अध्ययन विधि, सामग्री सङ्कलन विधि, सामग्री विश्लेषण विधि तथा अध्ययनको रूपरेखाबारे स्पष्ट पारिएको छ ।

यस्तै, दोस्रो अध्यायमा लोककथाको सैद्धान्तिक परिचय दिइएको छ । जसअन्तरगत लोकथाको परिचय, लोकथाको परिभाषा, लोककथाका विशेषता, लोककथाका तत्त्व, लोककथाको वर्गीकरण, लोककथाको अध्ययन परम्परा तथा निष्कर्ष जस्ता विषयमा छोटकरीमा प्रकाश पार्ने कार्य गरिएको छ ।

यस अध्ययनपत्रको अध्यायन तीनमा भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित लोककथाहरूको सङ्कलन तथा विश्लेषण गरिएको छ । जसमा भक्तपुर जिल्लाको पूर्वी भेगमा प्रचलित १० वटा कथाहरूमा सौतनी आमाको कथा, जुकाको गुद्द्वार, नरसिंहको घण्टा र खापीको माछा, टौमढीस्थित भैरवको कथा, नवदुर्गागणको कथा, विश्वध्वजा जात्राको कथा, महाकाली-महालक्ष्मीको कथा, बाँदर र मानिस, तिथ्रो र फ्याउरी र एकताको बल रहेका छन् र ती कथाहरूलाई लोककथाको तत्त्वअन्तरगत कथावस्तु, पात्र, परिवेश, द्वन्द्व, उद्देश्य, भाषा, शैलीको आधारमा विश्लेषण गरिएको छ । यस्तै अध्ययनपत्रको अन्तिम अध्याय अथवा अध्याय

४ मा उपसंहार रहेको छ, जस अन्तरगत सुरुमा सारांश तथा अन्तमा निष्कर्ष समेटिएको छ । यसरी अध्ययनपत्रको सम्पूर्ण विधिहरूको वैज्ञानिक तरिकाले प्रयोग गरी पूर्ण एवम् सङ्गठित अध्ययनपत्रको रूपमा यसको स्वरूप तयार पारिएको छ ।

## ४.२ निष्कर्ष :

लोकसाहित्य समाजको ऐना हो । लोकजीवनको सांस्कृतिक, धार्मिक, सामाजिक विविध पक्षहरूको प्रतिविम्ब लोकसाहित्यमा पाइन्छ । लोकसाहित्य संसारकै सर्वप्राचीन साहित्यिक सिर्जना पनि हुन् । लोकसाहित्यका विविध विधाहरूमध्ये लोककथा विधा पनि श्रुति-स्मृति परम्पराबाट पुस्तौंपुस्ता हस्तान्तरित हुँदै आएको सरल तथा लोकप्रिय विधा हो । लोककथा मानिसको सुख-दुःखको साथी हो, बसिबियाँलोको माध्यम हो अनि मनोरञ्जनका साथै नैतिक सन्देश प्रदान गरी सत्मार्गमा डोऱ्याउने दरिलो आधार पनि हो । यो आधुनिक साहित्य विधाको जननी पनि हो । आधुनिक साहित्यका विविध विधाहरूले लोकसाहित्यलाई ओझेलमा पार्ने सङ्केत गरिसके पनि यसको महत्त्व घटेको छैन । त्यसैले त लोकसाहित्यका अध्येताहरूले लोकसाहित्यको सङ्कलन मात्र हैन, त्यसको विश्लेषण र जगेर्नातर्फ पनि ध्यान दिइरहेका छन् । यसका साथै नेपाली लोकसाहित्यको विकासको लागि त्रिविले लोकसाहित्यको अध्ययन होस् भन्ने हेतुले लोकसाहित्यलाई विद्यार्थीको स्वतन्त्र रुचिअनुसार शोधकार्य तथा अध्ययनपत्रको सिर्जना गराउँदै आएको छ, जुन कार्यले लोककथाको सङ्कलन, अध्ययन, अनुसन्धानमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्र अन्तरगत बागमती अञ्चलमा पर्ने भक्तपुर जिल्ला पनि लोकसाहित्यका विविध विधाहरूद्वारा अलग पहिचान बनाउन सफल जिल्ला हो । यस जिल्लाका विभिन्न स्थानहरूमा लोककथा भन्ने र सुनाउने चलन अद्यावधी रहँदै आएको छ ।

भक्तपुर जिल्लाको पूर्वी भागमा प्रचलित लोककथाहरू पौराणिक, धार्मिक, सांस्कृतिक, किंवदन्तीमूलक, सामाजिक आदि विषयवस्तुको सेरोफेरोमा सिर्जना गरिएको पाइन्छ । यो समग्र जिल्ला नै संस्कृतिको राजधानीको रूपमा रहेको हुँदा यहाँका अधिकांश लोककथाहरू सांस्कृतिक परम्परासँग कुनै न कुनै रूपमा नाता गाँसिएकै हुन्छ । यसका साथै पशुपंक्षी सम्बन्धी, भूतप्रेत तथा तन्त्रमन्त्र एवम् देवीदेवतासँग सम्बन्धित लोककथाहरू प्रशस्त मात्रामा भेटिन्छन् । यस भेगमा धार्मिक एवम् सांस्कृतिक परम्परालाई निरन्तरता दिन, व्यक्तिहरूलाई मनोरञ्जनका साथै नैतिक आचरणमा बाँध्नको लागि लोककथाहरू भन्ने गरिन्छ ।

भक्तपुर जिल्लाको पूर्वीय भेगमा प्रचलित लोककथाहरूमा स्थानीय जीवनको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । विशेष गरी नेवार समुदायमा प्रचलित लोककथाहरूमा अधिकांश नेवारी भाषाका पारिभाषित शब्दहरू रहेका छन् भने खस भाषा प्रयोग हुने क्षेत्रका लोककथामा पनि मानक नेपाली भाषाभन्दा स्थानीय कथ्य भाषाकै प्रयोग बढी मात्रामा पाइन्छ । यद्यपी सम्पूर्ण लोककथाहरू सहज र सुबोध भने रहेका छन् ।

समग्रमा यहाँका लोककथाहरूले स्थानीय क्षेत्रको लोकजीवनलाई प्रतिबिम्बन गर्न सफल भएका छन् । यहाँका कथाहरूको सङ्कलन तथा विश्लेषणको कार्य हालसम्म पनि विशेष रूपमा हुन नसकेकोले यो अध्ययन पत्रले केही न केही थप अध्ययनको लागि आधार प्रदान गर्ने कुरामा विश्वास लिन सकिन्छ । यस क्षेत्रमा धेरै प्रकारका लोककथाहरू प्रचलित रहेपनि १० वटा कथाहरूलाई विश्लेषणको सीमामा बाँधिएको छ । वास्तवमा यस्ता लोककथाहरू लोककै अमूल्य निधि हुन् । त्यसको संरक्षण गर्नु सबैको दायित्व हो । प्रस्तुत अध्ययनपत्रलाई पनि त्यही संरक्षणको महायज्ञमा थपिएको एक ईट्टाको रूपमा लिन सकिने विश्वास लिइएको छ । यस्तै अध्ययन भावी पिँढीबाट हुन सके लोकसाहित्यको विविध विधाहरू अझ मुस्कराउने विश्वास लिइएको छ ।

# परिशिष्ट

## सङ्कलित लोककथा वाचकहरूको परिचय

| क्र.सं. | शीर्षक | वाचकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | सौतेनी आमा | रविना मचामसी | सूर्यविनायक नपा-८, सिपाडोल |
| २ | जुकाको गुद्द्वार | हरिलक्ष्मी सुवाल | भक्तपुर नपा-९, व्यासी |
| ३ | नरसिंहको घण्टा र खापीमा माछा | लान्थकू पोतामाहाँ | भक्तपुर नपा-२, जैँला |
| ४ | टौमढीस्थित भैरबको कथा | माइला बेकोजू | भक्तपुर नपा-२, लिवाली |
| ५ | नवदुर्गा गणको कथा | कृष्ण प्रजापति | भक्तपुर नपा-२, कोलाछें |
| ६ | विश्वध्वजाको कथा | हरिनारायण पोतामाहाँ | भक्तपुर नपा-२, जैँला |
| ७ | महाकाली-महालक्ष्मीको कथा | कृष्णलक्ष्मी बोहजू | भक्तपुर नपा-२, पुखुचा |
| ८ | बाँदर र मानिस | गुराँस तामाङ् | नंखेल |
| ९ | तिथ्रो र फ्याउरो | पूजा बुढाथोकी | सूर्यविनायक नपा-८, सिपाडोल |
| १० | एकताको बल | अमर तामाङ् | सूर्यविनायक नपा-८, मालीगाउँ |

## सन्दर्भसामग्री सूची


अमात्य, साधना (२०६४), नेपाली विभाग, मानविकी तथा समाजशास्त्र सङ्काय, त्रि.वि. '**मकवानपुर जिल्ला अन्तर्गत पालुङ उपत्यकाका सांस्कृतिक तथा ऐतिहासिक लोककथाहरूको सङ्कलन र विश्लेषण** , काठमाडौं (अप्रकाशित शोध)

आचार्य, कृष्णप्रसाद (२०६४) शोधविधि, **सिर्जना र संस्कृत काव्यशास्त्र**, काठमाडौं, क्षितिज प्रकाशन,

ओझा, रामनाथ/गिरी मधुसुदन (२०६४) लोकसाहित्य, **पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** काठमाडौं , स्टुडेन्टस् बुक्स् पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स ।

थापा, धर्मराज/सुवेदी, हंसपुरे (२०४१) **नेपाली लोकसाहित्यको विवेचना** काठमाडौं, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

पराजुली, मोतीलाल (२०७१) **नेपाली लोककथाः सिद्धान्त र विश्लेषण,** काठमाडौं, विवेक सिर्ननशील प्रकाशन प्रा.लि.

पराजुली, मोतीलाल/ गिरी जीवेन्द्रदेव (२०६८) **नेपाली लोकसाहित्यको रूपरेखा**, काठमाडौं, साझा प्रकाशन

प्रसाई, शशीकलाकुमारी (२०६५) नेपाली विभाग, मानविकी तथा समाजशास्त्र सङ्काय, त्रि.वि. '**कथातत्त्वको आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन,** काठमाडौं, (अप्रकाशित शोधपत्र)

पोखेल, सीता (२०६५) नेपाली विभाग, मानविकी तथा समाजशास्त्र सङ्काय, त्रि.वि. '**प्यूठान जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण**', काठमाडौं, (अप्रकाशित शोधपत्र)

शर्मा, मोहनराज/लुईटेल खगेन्द्रप्रसाद (२०६३) **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौं, विद्यार्थी पुस्तक भण्डार

शर्मा, मोहनराज/लुइटेल, खगेन्द्रप्रसाद (२०६६) **शोधविधि**, काठमाडौं, साझा प्रकाशन ।